जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको
त्रैमासिक
प्रकाशन

वर्ष ४ | अंक १४ | मुल्य रू.१००/- | बैशाख-असार (२०७७)




नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np

www.nefscun.org.np

# हार्दिक बधाई एवं शुभकामना


डीबी बस्नेत


ऋषिराज घिमिरे


मीनराज कंडेल

नेफ्स्कूनको सल्लाहकारमा मनोनित **निवर्तमान अध्यक्ष डीबी बस्नेत** एवं **पूर्व अध्यक्षहरू मीनराज कंडेल** र **ऋषिराज घिमिरेज्यू** लाई हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु । सहकारी र साकोस अभियानको दीगो विकासमा सदैव अग्रजहरूको मार्गनिर्देशन रहने विश्वास व्यक्त गर्दछु ।

**परितोष पौड्याल**
अध्यक्ष एवं

नेफ्स्कून

## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. परिवार

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np



"सदस्यहरुको वित्तिय समस्याको समाधान दिन सक्षम नीति, विधि र प्रविधियुक्त उत्कृष्ठ सहकारी"

दर्ता नं.: २७७१/०६६/०६७ पान नं.: ३०४०१४७१०

२०६६ सालमा ३१ जना महिलाबाट रू. ५१०० का दरले शेयर पूँजी रकम संकलन गरी कारोवार गर्दै आएकोमा २०६६ साल पुष १२ गते डिभिजन सहकारी कार्यालयमा दर्ता भई २०६६ साल माघ २ गतेको प्रारम्भिक साधारण सभाबाट विधिवत रूपमा कारोवार शुभारम्भ गरिएको थियो ।

### ध्येय (Mission)

- व्यक्तिगत आर्थिक लक्ष पूरा गर्न सरल वित्तीय सेवाहरू प्रदान गर्ने ।
- सञ्चालक समिति, लेखा समिति, उपसमिति, कर्मचारीहरू र सदस्यहरूमा अनवरत शिक्षा, तालिम र सूचना सम्प्रेषण गर्ने ।
- सदस्यहरूलाई लगानी र कारोवारको आधारमा अधिकतम वित्तीय फाईदा वितरण गर्ने ।
- समुदायको विकास र समृद्धिमा निरन्तर लागिरहने ।

जारी शेयर पूँजी : ४ करोड

चुक्ता शेयर पूँजी : १,३४,३१,०००

### आवद्धता/संलग्नता (Affiliation)

- नेपाल बचत तथा ऋण केन्द्रस्य सहकारी संघ (नेफ्स्कून)
- राष्ट्रिय सहकारी बैंक लिमिटेड
- जिल्ला सहकारी संघ लिमिटेड
- काठमाडौं बचत तथा ऋण सहकारी संघ (कास्कुन)
- सूचना चौतारी सञ्चार सहकारी

**शेयर सदस्य संख्या** महिला : ८९२, पुरूष : ४९३, बाल : ७१, जम्मा : **१४५६**

**कार्यक्षेत्र** का.म.पा वडा नं. ६, ७ र बुढानिलकण्ठ नगरपालिकाको वडा नं. १० र १२

कास्कुनद्वारा उत्कृष्ठ सहकारी सम्मान २०७५ बाट सम्मानीत हालको वित्तीय अवस्था

## सज्जन महिला
## बचत तथा ऋण सहकारी संस्था लि.

का.म.पा.-६, शान्तिनगर, महाङकाल

# हार्दिक बधाई एवं शुभकामना



यस संघ को कायम मुकायम प्रमुख कार्यकारी अधिकृतमा २०७७ साल साउन १ गते नियुक्त **श्री प्रकाश प्रसाद पोखरेल** लाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश प्रसाद पोखरेल

परितोष पौड्याल
अध्यक्ष एवं

नेफस्कून

## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. परिवार

केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np, वेबसाइट: www.nefscun.org.np



"हाम्रो अभियान, तपाईको आर्थिक उत्थान"

दर्ता नं.: ६१३/०६७/०६८

जिल्लामै पहिलो एकीकरण अभियानको थालनी, ३ सहकारी एकीकरण पश्चात गत फागुनमा एकीकृत विशेष साधारणसभा गरी बैशाख देखि संयुक्त कारोबार शुरू गरेको बर्दिबास साकोसले बर्दिबास नगरपालिकाबाट २०७७ असार १४ गतेको एकीकरण स्वीकृति प्राप्त गरेको छ ।



- शेयर सदस्य: २ हजार ७ सय
- शेयर पूँजी: २ करोड २२ लाख
- कूल कारोबार : १७ करोड

प्रविधिमैत्री वित्तीय सेवा प्रयोगमा जोड दिँदै संस्थाले मोबाइल बैंकिङ्ग क्यूआर कोड भुक्तानी सेवा सञ्चालनमा ल्याएको छ । साकोस स्तरीकरण कार्यक्रम प्रोबेशनमा सहभागी छ ।



शंकर कुमार श्रेष्ठ
अध्यक्ष

रमेश सिंह ठकुरी
व्यवस्थापक

## बर्दिवास बचत तथा ऋण सहकारी संस्था लि.

(साविकको बर्दिवास साकोस, संजिवनी साकोस र जयश्री कृषि सहकारी संस्था लि. एकीकरण)
मूख्य कार्यालय : बर्दिवास न.पा. वडा नं. १, महोत्तरी, फोन नं. : ०४४-५५००५६, ५५०७२८
इमेल : bsccob@gmail.com, वेबसाईड : www.bsccob.com.np

सेवा केन्द्र : बर्दिवास न.पा. वडा नं. ८, बेङ्खाडी
सेवा केन्द्र : बर्दिवास न.पा. वडा नं. ११, खयरमारा

# हाम्रो अनुरोध

कृपया साकोस समाचारका लागि : saccosaawaj.coop.np मा जानुहोला ।

## साकोस आवाज

सहकारी सँगै सञ्चार



### नेफस्कूनद्वारा प्रवर्द्धित

नेपालको सहकारी अभियानको पहिलो व्यावसायिक अनलाईन समाचार पोर्टल संघको ३३औं स्थापना दिवसको अवसर पारेर यही साउन ३२ गतेबाट सञ्चालन हुन गइरहेको छ । समग्र सहकारी अभियानको समसामयिक, वस्तुगत, निश्पक्ष र सत्यतत्य सहितको विश्लेषणात्मक अनलाईन पोर्टलमा सबैको रचनात्मक साथ र सहयोगको अपेक्षा गर्दछौं ।

साथै उक्त समाचार पोर्टललाई लाइक, कमेन्ट र सेयर गरी सहयोग पुर्‍याईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

Like Comment Share

यदि तपाईंसँग कुनै समाचार भएमा : adcom@nefscun.org.np मा पठाउनुहोला ।

## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

नेफ्स्कून

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np



# हार्दिक शुभकामना

३३ औं स्थापना दिवस

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफ्स्कूनको **३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

दर्ता नं. ३२३/२०६२/६३

प्यान नं. : ३०३५९९६९२

"वित्तीय समाधानको लागि सबैको पहिलो रोजाई जनउत्थान सहकारी"

## जन उत्थान बचत तथा ऋण सहकारी संस्था लि.

नेफ्स्कून

सेवा केन्द्र : भैरहवा, ९८५७०१८१४२, मंगलापुर, ९८५७०१८१४३, अमुवा, ९८५७०१८१४४, ठुटिपिपल, ९८५७००१८१४५

मुख्य कार्यालय : तिलोत्तमा न.पा.-१५, कोटिहावा, रुपन्देही

फोन नं. : ०७१-५१४०१०, ९८४७०३२२३३, ९८०२६५२७१७

इमेल : janautthan@gmail.com, janautthan saccos

www.janautthan.com

# हार्दिक शुभकामना

३३ औं स्थापना दिवस

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफ्स्कूनको **३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।




**पञ्चकन्या बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**PANCHAKANYA SAVING & CREDIT CO-OPERATIVE LTD.**

Head Office: Park Plaza, Khhichapokhari, Newroad, Kathmandu
Tel.: 01-4243294, 4257377, E-mail: panchakanyasaving@gmail.com
www.panchakanyasaving.com.np

# हार्दिक शुभकामना

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफ्स्कूनको

३३ औं स्थापना दिवस

**३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

द.नं. : ४८४-२०६६/०६७

**सिवाईसी**
**बचत तथा ऋण सहकारी संस्था लि.**
CYC Saving & Credit Cooperative Society Ltd.

बागलुङ नगरपालिका, हलन्चोक, बागलुङ, फोन नं. : ०६८-५२२९३७
इमेल : cycsaccos9@gmail.com, वेबसाईट : cycsaccos.coop.np

# हार्दिक शुभकामना

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफ्स्कूनको

३३ औं स्थापना दिवस

**३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**हाम्रो एकीकृत**
**बचत तथा ऋण सहकारी संस्था लि.**
HAMRO EKIKRIT SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.

# हार्दिक शुभकामना

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफस्कूनको

३३ औं स्थापना दिवस

**३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.**

info@chandragiri.coop.np

www.chandragiri.coop.np



# हार्दिक शुभकामना

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफस्कूनको

३३ औं स्थापना दिवस

**३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि.**

ACCESS SILVER

www.milijuli.coop.np



# हार्दिक शुभकामना

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफस्कूनको

३३ औं स्थापना दिवस

**३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

नेपाल सरकार सहकारी ऐन, २०४८ बमोजिम स्थापित

दर्ता नं. ३७५०

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.**

Jyotipunja

नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ०१-४४९२९८५



# हार्दिक शुभकामना

नेपालको बचत तथा ऋण सहकारी संघ संस्थाहरूको शीर्षस्थ निकाय नेफस्कूनको

३३ औं स्थापना दिवस

**३३ औं वार्षिकोत्सव** को पुनित अवसरमा संघको उत्तरोत्तर प्रगति एवं समग्र अभियानको दीगो विकासमा अग्रणी भूमिकाको विश्वास सहित सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**Pokhara Royal Saving & Credit Co-operative Society Limited**

रोयल को-अपरेटिभ कम्प्लेक्स, पोखरा-१०

बुद्ध चोक, कास्की, फोन : ६१-४६८८३३, ४६७८३३

इमेल : info@royalcooperative.com

www.royalcooperative.com

नेफ्स्कून

**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता


**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरू**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
शिवजी सापकोटा

**सह-सम्पादक**
राधा पौडेल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा. लि.
न्यूप्लाजा, काठमाडौं
०१-४४३६८६१

**मुल्य**
रू.१००/-


## यस भित्र


**सम्पादकीय** : *जोखिममा प्रविधिमार्फत सेवा*

*नेफ्स्कूनको पाँचौ रणनीति र आगामी कार्यदिशा... ७*

*अभिभावकीय भूमिकामा नेफ्स्कूनको गति... १९*

*सन्दर्भः नेफ्स्कून ३३औं स्थापना दिवस... २३*

*स्थिरीकरण कोष : सहकारीमा जोखिम न्यूनीकरणको अचूक अस्त्र... २९*

*Upping Technological Strength of CREDIT UNIONS in NEPAL... ३७*

*सहकारी एकीकरणः एक चर्चा... ३९*

*सहकारी मैत्री बन्दै नेकोस सफ्ट्वेयर... ४५*

*नेकोस सफ्ट्वेयर नवीनतम सुविधासहित स्तरोन्नत हुँदैछ... ४७*

*An Overview of Micro Credit and Micro Insurance... ६५*



© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)


केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np, adcom@nefscun.org.np
वेबसाइटः www.nefscun.org.np


**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

# सम्पादकीय

# जोखिममा प्रविधिमार्फत सेवा

नेपालीमा एउटा प्रचलित भनाई छः **विपत्ति एक्लै आउँदैन** । यो भनाई हाम्रो मुलुकको विद्यमान वास्तविकतासँग ठ्याक्कै मेल खान्छ । हामी नेपालीहरू अहिले दुई थरिको विपत्तिबाट गुज्रिरहेका छौं । कोभिड–१९ को अनपेक्षित विश्वव्यापी महामारीको मार एकातिर छ भने वर्षादेखि भोग्दै आएको असारको अपेक्षित बाढीपहिरोको पीर अर्कोतर्फ । प्रकृतिले सधै वरदानमात्र होइन कहिलेकाही सहनशीलता, ज्ञान, सीप र हिम्मतको पनि परिक्षा लिन्छिन् । यी जोडी अलौकिक कहरहरूको परिक्षामा समग्र मुलुकका क्षेत्रसँगै अर्थतन्त्रको भरपर्दो स्तम्भ सहकारी क्षेत्र पनि नचाहँदा नचाहँदै सहभागी भएको छ । चैत ११ देखि शुरू भएको लडकाउनले ल्याएको वित्तीय तथा गैर वित्तीय सेवा सञ्चालनको असहजताका बीच सम्भावनाहरू खोज्दै गर्दा भीषण वर्षासँगै खोला नाला, खोल्सा, ताल र तलैयामा पानीको मात्रा बढेर र भीर पाखाका वस्तीमा पहिरोका कारण मानवीय र भौतिक क्षतिहरूको सामना सहकारी क्षेत्रले पनि गर्नुपरेको छ ।

लकडाउनको प्रारम्भिक दिनहरूमा गरी वित्तीय सहकारीहरूको सेवा प्रवाह प्रभावित भयो । कतिपय अवस्थामा संक्रमणको विस्तार त कपितय अवस्थामा सरकारी रवैयाका कारण कार्यालय खोल्न, सेवा प्रदान गर्न र समुदायलाई गैरवित्तीय सहयोग गर्न समेत समस्या परेकै हो । पछि नेफ्स्कूनको पहलकद्मी र मार्गनिर्देशका आधारमा संस्थाहरूले उपलब्ध प्रविधिहरूको प्रयोगलाई बढावा दिँदै कामहरू अघि बढाए । जुम एप्लिकेशनको माध्यमबाट सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति लगायत विभिन्न उपसमितिका बैठकहरूदेखि लिएर व्यवस्थापनका बैठक, तालिम शिक्षाका कार्यक्रमहरू, वार्षिक योजना तथा नीति निर्माण, नीतिहरू अद्यावधिक गर्नेदेखि थुप्रै आन्तरिक कामहरू संघसंस्थाहरूले सम्पन्न गरेका समाचारहरू बारम्बार आइरहे । नेफ्स्कूनले पनि प्रविधिमार्फत बैठक र वेबिनारसँगै निरन्तरत तालिम र शिक्षाका कार्यक्रमहरू सदस्य संघसंस्थाका आवश्यकता अनुरूप चलाउँदै आएको छ । यस्ता सर्वउपयोगी प्रशिक्षणमा समेत प्रविधिको विकास, विस्तार र आन्तरिकीकरणका विषयहरू अटाउँदा अत्तालिएका केहीलाई आस पलाएको पाएका छौं । जुम एप्लिकेशन नितान्त नौलो प्रयोग भयो जुन काममा संस्था, सञ्चालक समिति र व्यवस्थापन मात्र होइन उल्लेख्य संख्यामा सहकारी संस्थाका सदस्यहरू समेत अभ्यस्त भएका छन् । यसले भोलीका दिनमा प्रविधि प्रयोगलाई निरन्तरता दिने मात्र होइन यसलाई बढाउँदै लाने प्रबल सम्भावना देखिन्छ । समय र सम्पत्तिको बचत अनि र नवीनताको छनक सञ्चार प्रविधिका मुलभूत विशेषता हुन् ।

प्रविधिकै चर्चा गर्दा, यही समयमा सफ्ट्वेयर प्रविधिमा पनि धेरै संस्थाहरूले जोड दिएका छन् । फलतः चैत ११ गतेबाट शुरू भएको लकडाउन यता करिब ३ दर्जन वित्तीय र अन्य विषयगत सहकारीहरूले नेफ्स्कूनको नेकोस सफ्ट्वेयर प्रविधिमार्फत सहज, सर्वसुलभ र प्रभावकारी अनि आधुनिक ढंगको सेवा प्रदान गर्ने विधि सुरूवात गरेका छन् । कतिपय संस्थाहरूले क्यूआर कोड भुक्तानी सेवा सञ्चालनमा ल्याएका छन् भने कतिले एटीएम सेवा सञ्चालनमा ल्याएका छन् । अरू केही संस्थाहरूका गर्भमा यस्ता योजनाहरू अटाएका छन् । यसले सहकारीहरू पनि प्रतिस्पर्धी बैंक तथा अन्य वित्तीय सेवा प्रदायक संस्थाहरूको तुलनामा अब्बल छन् भन्ने पुष्टि गरेको छ । सहकारीका सदस्यहरूलाई नगदरहित, शाखा रहित र कागजरहित वित्तीय सेवाको पहुँच विस्तार गर्ने दिशामा सहकारीहरू विना कुनै द्विविधा लागिपरेका छन् । यस दिशामा अघि बढ्न केन्द्रीय निकायको रूपमा सदस्य संघसंस्थाहरूलाई निरन्तर साथ सहयोगका साथै समन्वयकारी भूमिका निर्वाह गर्न नेफ्स्कून तयार रहँदै आएको छ । नेफ्स्कूनले धेरै अघि देखि जोड दिँदै आएको सफ्ट्वेयर प्रविधिको पहुँचको विषय आज झन् तर्कसंगत भएको छ ।

यस्तै, असारको अन्तिम सातामा अत्यधिक वर्षाको ताण्डव मच्चियो । यसले खासगरी ग्रामीण जनजीवन प्रभावित बनेको छ । नियमित आकस्मिकता नै बनेको बाढीपहिरोले जनधनको नराम्रो क्षति पुऱ्याएको छ । सिन्धुपाल्चोकको यालमु खोलामा आएको बाढीले बाह्रबिसे नगरपालिका–५ मा जम्बू बचत तथा ऋण सहकारी संस्थाको कार्यालय बगाउँदा सहकारी संस्थाका केही सञ्चालक तथा कर्मचारी र कागजातहरू बेपत्ता बनाएको खबरले स्तब्ध बनाएको छ । अन्यत्र पनि केही स्थानमा यस्ता दुःखद अवस्थामा सहकारी संस्था र सदस्यहरू परेका समाचारहरू आएका छन् । यस्तो विषम अवस्थामा हरसम्भव सहयोग र साथका लागि नेफ्स्कूनको पहलकद्मी निरन्तर रहिरहनेछ भने दीर्घकालीन रूपमा देशैभरिका सबै संघसंस्थाहरूले प्रतिकूलताको अस्थायी अवरोधका बाबजुद कारोवार सञ्चालनको निरन्तरताका लागि प्रविधिमार्फत कारोवार, गतिविधि र तथ्याङ्कहरूको संकलन र संग्रहमा विशेष जोड दिनुपर्ने समय आएको छ । सहकारी संस्था निरन्तर अविच्छिन्न उत्तराधिकारवाला निकाय भएको सहकारी ऐनको मर्मलाई समेत कायम राख्न अब दीगो प्रविधिमार्फत सम्भावित जोखिमहरूका टार्ने उपायहरू खोजिनुपर्ने समय भैसकेको छ ।

प्रतिकूलता नै अवसरको जननी हो । सहज परिस्थितिमा त जो कोही पनि अघि बढ्न सक्छ । इतिहासका कालखण्डमा बाढीपहिरो र भूकम्प जस्ता प्राकृतिक र गरिबी, भोकमरी जस्ता मानव सिर्जित राष्ट्रिय र अन्तर्राष्ट्रिय संकटहरू मोचनमा सहकारी अग्रपंक्तिमा रहेर काम गरेकै हो । हिजोसँग डटेर अघि बढेको सहकारी आजसँग जुध्न र भोलीसँग सामना गर्न अत्याधुनिक प्रविधिले सुसज्जित बन्दै छ । नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत धेरै सहकारीहरूले नवीनतम प्रविधिहरू आन्तरिकीकरणको योजना समेटेका छन् । यसले भोलीका दिनहरू थप सहकारीमय बन्दै जाने विश्वास गर्न सकिन्छ । सहकारीको मुल्य मान्यता र सिद्धान्तको जगमा यस्ता विपत्तिहरूको नाम भै सहकारिताका माध्यमबाट न्यूनीकरणका उपायहरू अबलम्बन गर्न सकिन्छ भन्नेतर्फ यो क्षेत्र जानकार छ । त्यसैले अब यस पाटोमा खासै चासो नदिएका सबै सहकारीहरूले संस्थाको स्थायित्व, सदस्यको विश्वास, सञ्चालकहरूको अग्रगामी सोच र कर्मचारीको सीप अभिवृद्धिका लागि समयसापेक्ष प्रविधिहरूद्वारा पुरातन ढर्रालाई प्रतिस्थापित गर्नेतर्फ ठोस कदम चाल्नुपर्ने बेला आएको छ । यस कार्यमा सफलताको अग्रीम शुभकामना । जय सहकारी ।

**संरक्षकः** परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून
**सूचना तथा प्रकाशन उपसमिति संयोजकः** चन्द्र प्रसाद ढकाल । **सदस्यहरूः** विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी
**सम्पादकः** शिवजी सापकोटा
**सह-सम्पादकः** राधा पौडेल

नेफ्स्कून

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४४७८१९६३, ४४७८०२०१, इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np

# महासंघद्वारा नेफ्स्कून उत्कृष्ट संघ पुरस्कृत

२०७६ सालको उत्कृष्ट सहकारी संघ पुरस्कारबाट नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.नेफ्स्कून सम्मानित भएको छ । राष्ट्रिय सहकारी महासंघले राष्ट्रिय सहकारी दिवसको अवसर पारेर वर्षेनि प्रदान गर्दै आएको उक्त पुरस्कारबाट यो पटक नेफ्स्कून सम्मानित भएको हो । २०७६ साल भरिको वित्तीय गैरवित्तीय कारोवार, प्रभाव र योगदानको आधारमा यो वर्ष नेफ्स्कून पुरस्कृत भएको हो । ९८औं अन्तर्राष्ट्रिय सहकारी दिवस, २६औं संयुक्त राष्ट्र संघ अन्तर्राष्ट्रिय सहकारी दिवस तथा २७औं राष्ट्रिय सहकारी महासंघ दिवसको अवसरमा महासंघको सभाहलमा असार २० गते आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालले सम्मान प्रदान गर्नुभएको थियो ।




राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेलको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख आतिथ्यता भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा कुमारी अर्यालले गर्नुभएको थियो । प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले कोभिड १९ महामारीका कारण तीन महिनाको अवधिपश्चात सहकारीको सबैभन्दा ठूलो र महत्वपूर्ण कार्यक्रम आयोजना सँगै सहकारीको क्षेत्रमा उत्कृष्टता हासिल गर्नुहुने सहकारी संघसंस्थाहरूलाई पुरस्कृत गर्न पाउँदा खुसी व्यक्त गर्नुभयो । 'जलवायु कार्यका लागि सहकारी' यस वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवसको नारालाई केन्द्रविन्दुमा राखेर गरिबी निवारण र आर्थिक समृद्धिको अभियानमा सहकारी क्षेत्र अब मजबुद भएर लाग्न अनुरोध गर्नुभयो । अहिले अर्थतन्त्र निकै कमजोर अवस्थामा रहेको भन्दै मन्त्री अर्यालले त्यसलाई बलियो बनाउनका निम्ती सहकारी क्षेत्र बलियो आधार हुने बताउनुभयो । 'सहकारीसँग ठूलो पूँजी छ । त्यसलाई परिचालन गरेर हामीले रोजगारीमूलक क्षेत्रमा लगानी गर्न सक्छौं', मन्त्री अर्यालले भन्नुभयो, 'अर्थतन्त्र डामाडोल अवस्थामा छ । हिजोसम्म सञ्चितीले काम गरिरहेको थियो । अब पुरै माइनसमा छ । यस्तो अवस्थामा सहकारीले मुलुकको अर्थतन्त्रमा योगदान दिनुपर्छ ।'

अन्तर्राष्ट्रिय सहकारी दिवस प्रत्येक वर्ष जुलाई महिनाको पहिलो शनिवार आयोजना गर्ने प्रचलन छ । 'जलवायु कार्यका लागि सहकारी' यस वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवसको विषयवस्तु हो जुन संयुक्त राष्ट्र संघीय दीगो विकासका १७ लक्ष्यमध्ये १३ नम्बर लक्ष्य हो । यसै विषयलाई लिएर महासंघले आयोजना गरेको अन्तर्राष्ट्रिय सहकारी दिवसको कार्यक्रममा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदार न्यौपानेले नेपालमा विपद् व्यवस्थापनमा सहकारी क्षेत्रको भूमिका र आगामी कार्यदिशा सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै जलवायु परिवर्तनमा सहकारी क्षेत्रको भूमिकाका विषयमा प्रकाश पार्नुभएको थियो ।



महासंघका वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्दै सहभागीहरूलाई स्वागत तथा उत्कृष्ठ संघसंस्थाहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष




पौडेल, महासंघका पूर्व अध्यक्ष दीपक प्रकाश बास्कोटा, निवर्तमान अध्यक्ष केशव बडाल, उपाध्यक्ष रमेश पोखरेल, युएनडिपीका सहायक आवासीय प्रतिनिधि विजय सिंह लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

महासंघले उत्कृष्ट संघसँगै ५ प्रदेशका उत्कृष्ट सहकारी संस्था र उत्कृष्ट सहकारी संघलाई पुरस्कृत गरेको हो । यस वर्ष उत्कृष्ट हुनेमा जिल्ला सहकारी संघ लि.नेपालगञ्ज, बाँके र उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार अन्तर्गत प्रदेश नं २ बाट साना किसान कृषि सहकारी संस्था लि.रौतहट, वागमती प्रदेशबाट चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं, गण्डकी प्रदेशबाट पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि.कास्की, प्रदेश नं. ५ बाट जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. रूपन्देही र कर्णाली प्रदेशबाट हरियोहिरा कृषि तथा जडीबुटी विकास सहकारी संस्था लि., सुर्खेत उत्कृष्ट भएका छन् । साथै महासंघले संघ स्तरोन्नति कार्यक्रम अन्तर्गत सदस्य संघहरूलाई प्रविधियुक्त बनाउने उद्देश्य सहित १० वटा संघहरूलाई कार्यालय उपकरण कम्प्यूटर र प्रिन्टर एक थान हस्तान्तरण गरेको छ । जस अन्तर्गत केन्द्रीय दुग्ध सहकारी संघ लि. काठमाडौं, जिल्ला सहकारी संघ लि. दार्चुला, जिल्ला सहकारी संघ लि. पाल्पा, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. स्याङ्जा, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ललितपुर, काठमाडौं जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. काठमाडौं, बचत तथा ऋण सहकारी संघ लि. सिन्धुली, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. सप्तरी, जिल्ला कृषि सहकारी संघ लि. मोरङ र जिल्ला सहकारी संघ लि. तेह्रथुमले प्राप्त गरेका छन् । त्यसैगरी नमुना सहकारी पसल प्रवर्द्धन कार्यक्रम अन्तर्गत शुभलक्ष्मी सहकारी संस्था लि. गौरादहद्वारा सञ्चालित सहकारी पसलको सञ्चालन तथा प्रवर्द्धनका लागि रू. १५ लाख अनुदान प्रदान गरेको छ ।

❑ ❑ ❑









# नेफ्स्कूनको कायम मुकायम प्रमुख कार्यकारी अधिकृतमा पोखरेल



नेफ्स्कूनको कायम मुकायम प्रमुख कार्यकारी अधिकृतमा प्रकाश प्रसाद पोखरेल नियुक्त हुनुभएको छ । संघको सञ्चालक समितिले साउन १ गतेबाट लागु हुने गरी पोखरेललाई नयाँ जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको हो ।

नायव प्रमुख कार्यकारी अधिकृतका रूपमा २०७६ असार १ गते नेफ्स्कून प्रवेश गर्नुभएका पोखरेलले २००७७ साउन १ गते कामु प्रमुख कार्यकारी अधिकृतको पदभार ग्रहण गर्नुभयो । संघको केन्द्रीय कार्यालयमा आयोजित संक्षित कार्यक्रममा अध्यक्ष परितोष पौड्यालले कामु प्रमुख कार्यकारी अधिकृत पोखरलेललाई नियुक्तिपत्र प्रदान गर्नुभएको थियो ।

नवनियुक्त कामु प्रमुख कार्यकारी अधिकृत पोखरेललाई बधाई शुभकामना दिदै नेफ्स्कूनका अध्यक्ष पौड्यालले संस्थागत छवि विकासका लागि इमान्दारी र लगनशीलताका साथ अघि बढ्न आग्रह गर्नुभयो । नवनियुक्त कामु प्रमुख कार्यकारी अधिकृत पोखरेलले नेफ्स्कून समग्र सहकारी अभियानको परिचायक भएकाले नीति, विधि, प्रविधिमा आधारित भएर सबैको सहयोगका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । करिब दुई दशक लामो सहकारी अनुभवलाई नेफ्स्कूनको प्रतिष्ठा वृद्धिमा नयाँ उर्जाका साथ खर्चिने प्रण समेत उहाँले गर्नुभयो । पदस्थापन कार्यक्रममा संघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, लेखा सुपरिवेक्षण समिति सदस्य द्वय शुभद्रादेवी महतो, सुशिल बस्नेत लगायत उच्च व्यवस्थापनको उपस्थिति थियो ।

त्रिभुवन विश्वविद्यालयबाट जन प्रशासन विषयमा ३.८३ जीपीएको उच्चतम स्कोर सहित एमफील (सन् २०१७) र बिजनेश स्टडिज् विषयमा पहिलो श्रेणीमा स्नातकोत्तर (सन् २००३) गर्नुभएका पोखरेल सहकारी अध्ययन, कार्यक्रम विकास तथा व्यवस्थापन, व्यवसाय विकास सेवा, सहकारी व्यवस्थापन, संस्थागत आन्तरिक लेखापरिक्षण, स्थानीय सरकार तथा गैरसरकारी संस्थाहरूको दीगोपना, जनप्रशासन तथा मानव संशाधन, सुशासन अभ्यास, लैङ्गिक अध्ययन तथा सामाजिक समावेशीता लगायत विविध विषयमा दख्खल राख्नुहुन्छ । उहाँले सहकारी चिनारी पत्र नामक पुस्तक पनि सहलेखन गर्नुभएको छ ।

नेदरल्याण्डको एग्रिटेरा नेपाल, एसएनभी, रिड नेपालसँगै इलाममा विभिन्न संस्थाहरूमा काम गर्नुभएका पोखरेल स्नातकोत्तरपछि सोही जिल्लामा महिला जागरण संघमा कार्यक्रम निर्देशकको रूपमा समृद्ध पहाड, सुरक्षित मातृत्व कार्यक्रम, एसएनभी सम्बन्धी आयोजनामा जोडिनुभयो । बैंक, वित्तीय संस्था र सहकारी सम्बन्धी थुप्रै सोध तथा अनुसन्धान कार्यपत्रहरू तयार पार्नु भएका पोखरेलले केन्द्रीय चिया सहकारी संघ लगायत दर्जनौं सहकारी र अन्य निकायको व्यावसायिक योजना (बीपी) निर्माण गर्नुभएको छ ।

२०३५ साल साउन २५ गते पिता वेदप्रसाद पोखरेल र आमा तेजकुमारी पोखरेलको सुपुत्रका रूपमा इलाममा जन्मनुभएका पोखरेलका श्रीमती, एक छोरा र एक छोरी हुनुहुन्छ ।

नवनियुक्त कामु प्रमुख कार्यकारी अधिकृत पोखरेललाई समग्र नेफ्स्कून परिवार हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।



# नेफ्स्कून र सहकारी बैंक सहकार्य सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर



नयाँ आर्थिक वर्षको पहिलो दिन नेफ्स्कून र राष्ट्रिय सहकारी बैंकबीच सहकार्यको मार्गचित्र सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । साउन १ गते नेफ्स्कून केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा आयोजित कार्यक्रममा "नेफ्स्कून र राष्ट्रिय सहकारी बैंकको सहकार्यको मार्गचित्र" नाम दिइएको उक्त समझदारी पत्रमा हस्ताक्षर र आदानप्रदान गरिएको हो ।

खासगरी कोभिड-१९ को महामारीसँगै सहकारी क्षेत्रमा आइपर्ने वित्तीय संकटको एकीकृत सम्बोधनको अभिप्रायसहित दुवै निकायबीच संयुक्त व्यावसायिक साझेदारीका क्षेत्रहरू तय गर्ने सहमति बैशाख १७ गते भएको थियो । त्यसको विस्तृत अध्ययनका लागि सोही दिन नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालको संयोजकत्वमा महासचिव दामोदर अधिकारी र कोषाध्यक्ष दीपक पनेरू तथा सहकारी बैंकका सञ्चालकहरू सरिता भट्टराई, ज्ञानबहादुर तामाङ र रामहरि बजगाई एवं दुवै संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू पदेन सदस्य रहने गरी ८ सदस्यीय संयुक्त कार्यदल गठनको सहमति पत्रमा हस्ताक्षर भएको थियो । कार्यदलले साझेदारीका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सम्भावनाहरू सहितको मार्गचित्र तयार गरेको हो ।

मार्गचित्रमा दुवै निकाय बीच बचत तथा ऋण सहकारीको सम्बन्धमा साझा कार्यक्रम बनाएर अघि बढ्ने उल्लेख छ । वित्तीय सेवा तथा व्याजदर, प्रविधिकरण, बहस पैरवी, विपद व्यवस्थापन, अन्तर्राष्ट्रिय सम्बन्ध, सेवाकेन्द्र, शाखा स्थापना, सञ्चालन र व्यवस्था आदि समन्वयका अल्पकालीन क्षेत्रका सम्भावना औल्याएको मार्गचित्रले बजेट तथा कार्यक्रम, नियामकीय अवधारणामा मध्यकालीन तथा अन्य समसामयिक विषयमा दीर्घकालीन सहकार्यका क्षेत्रहरू पहिचान गरेको छ ।

सहकार्यको मार्गचित्र सम्बन्धी समझदारीमा हस्ताक्षर एवं आदान प्रदान कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, बैकका अध्यक्ष केबी उप्रेती, सञ्चालक सरिता भट्टराई, ज्ञानबहादुर तामाङ र रामहरि बजगाईले हस्ताक्षर गर्नुभएको थियो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेल, नेफ्स्कूनका निवर्तमान अध्यक्ष एवं महासंघका सञ्चालक डीबी बस्नेत, नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेको उपस्थितिमा उक्त समझदारीमा हस्ताक्षर गरिएको हो । कार्यक्रमका महासंघका अध्यक्ष कंडेलले दुवै निकाय सहमति कार्यान्वयनमा प्रतिवद्धत हुनुपर्ने बताउनुभयो । नेफ्स्कूनका अध्यक्ष पौड्यालले सहकारी मूल्य र मान्यतामा अडिग रहेर संयुक्त साझेदारीको कार्य र प्रक्रिया अबलम्बन गरी अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा बैंकका अध्यक्ष उप्रेतीले पनि मार्गदर्शन कार्यान्वयनमा कुनै कसर बाँकी नराख्ने धारणा राख्नुभयो ।

देशको समग्र आर्थिक तथा सामाजिक क्षेत्रको सुरक्षित अवतरणका लागि दुवै निकायबीच संयुक्त रणनीति अख्तियार गरी बचत तथा ऋण सहित सम्पूर्ण सहकारी संघ संस्थाको दीगोपन, प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण निर्माण गर्न साझा विषयहरूमा साझेदारी कायम गर्दै अघि बढ्न बाञ्छनीय भएकाले सहकारी ऐन २०७४ को दफा २५ (घ) र ५४ (ग) र (झ) लाई आधार पारी यो मार्गचित्र तयार पारी लागू गरिएको जनाइएको छ ।



# नेफ्स्कूनको पाँचौ रणनीति र आगामी कार्यदिशा



**परितोष पौड्याल**

अध्यक्ष
नेफ्स्कून

सहकारी हाम्रो अर्थव्यवस्था र सामाजिक प्रणाली तथा राजनीतिक विचारधारा र संस्कृतिलाई समाजवादमा रुपान्तरणको माध्येम समेत भएकाले विधि, नीति र प्रविधि सहितको नयाँ अभिभारा आजको प्रधान कार्यदिशा हो ।

नयाँ आर्थिक प्रणालीको निर्माण विना नयाँ राष्ट्र निर्माण सम्भव हुँदैन । नयाँ राष्ट्र : समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्र बनाउन नयाँ आर्थिक प्रणालीको विषयको उठान नेपालको संविधान २०७२ ले गरेको छ । नेपालको संविधानको निर्देशक सिद्धान्तले तीनखम्बे अर्थराजनीतिको परिभाषा, व्याख्या, पुष्टि गरेको छ । यसको कार्यान्वयनका लागि राज्यको तर्फबाट प्रस्तुत निर्देशक सिद्धान्तको सम्मान, सुरक्षा र वहाली गर्ने दायित्व राज्यका संरचनाको हो । तदअनुसार अर्थराजनीतिलाई मार्गदर्शन, नियमन र प्रवर्द्धनको पहिलो दायित्व संघीय सरकारको हो । यही राज्यको दायित्वमा नागरिकहरूको तर्फबाट सहकारी अभियानले आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा आफ्ना सदस्यहरूको स्तरोन्नती गर्ने र नयाँ आधुनिक मावन निर्माण गर्ने कार्य गर्दछ । सदस्यहरूको स्वामित्व, नियन्त्रण र फाइदाको सुनिश्चितता मार्फत सहकारी अभियानले सामाजिक पूँजीको निर्माण गर्दछ । यस्तो सामाजिक पूँजीले राष्ट्रिय पूँजीको निर्माण मार्फत सामाजिक न्याय र समाजवादको स्थापनामा सिर्जनात्मक भूमिका खेल्नुपर्दछ । सहकारी हाम्रो अर्थव्यवस्था र सामाजिक प्रणाली तथा राजनीतिक विचारधारा र संस्कृतिलाई समाजवादमा रूपान्तरणको माध्येम समेत भएकाले विधि, नीति र प्रविधि सहितको नयाँ अभिभारा आजको प्रधान कार्यदिशा हो । वित्तीय सहकारीहरूको दीगो विकासका लागि वित्तीय सक्षमता, प्रतिस्पर्धात्मक स्थान, प्रभावकारी सञ्चालन तथा कुशल व्यवस्थापन, कर्मचारीको सन्तुष्टि र सदस्य सन्तुष्टि लगायतका आधारभुत विषयमा हाम्रो ध्यान केन्द्रित हुनु आवश्यक छ । सहकारी अभियानले विशिष्ट पहलकदमी र सक्रियताको आधारमा संस्थागत दीगो विकासका आधारभुत मान्यतालाई लोकसम्वत विधिको आधारमा नयाँ आयाम र सामर्थ्यको विकास गर्नु पर्दछ । सिद्धान्त, मुल्य र मान्यता, अर्थराजनीति, ज्ञान, विज्ञान, कला संस्कृति, उच्च प्रविधिमा आएको नयाँ आवश्यकताले वित्तीय सहकारीमा नव सिर्जना, आविस्कार र क्षमता अभिवृद्धिको माग गरेकोछ । यो प्रतिस्पर्धात्मक श्रेष्ठताको युगमा नेफ्स्कूनले आफ्ना वित्तीय सहकारी संस्थाका सदस्यको जीवन पद्धति र चिन्तन पद्धतिका विषयमा उत्कृष्ट समाधान दिन वित्त, नीति र प्रविधिको स्रोतकेन्द्रको रूपमा स्थापीत हुनु आजको अनिवार्य मान्यता हुन् । यीनै सहकारीका आधारभुत मान्यता र वित्तीय सहकारीका सदस्यहरूको

नैसर्गिक अधिकारलाई संवोधन गर्न साकोसका सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधान दिनु नेफ्स्कूनको कार्यदिशा हो । आधुनिक युगमा प्रस्तुत वित्तीय समाधानहरू : बचत, ऋण, बिप्रेषण, बीमा र भुक्तानी मञ्चको नेतृत्वदायी परिकल्पना नै नेफ्स्कूनको कार्यदिशा हो । मुलुकको पन्ध्रौ योजना आ.व. २०७६/७७ देखि २०८०/८१ आधारपत्र तयार भइरहेको सन्दर्भमा उक्त कार्यदिशालाई सम्वोधन गर्न नेफ्स्कूनले आगामी चारवर्षको लागि पाँचौ रणनीति तयारी गरिरहेको छ ।

यस पाँचौं रणनीतिक योजनामा बचत तथा ऋण सहकारी सञ्जाल भित्र रहेका संस्था र संघहरू मार्फत आवश्यक साझा सेवाहरूको विकास गर्ने अवधारणा योजनाको प्राथमिकतामा राखिएको छ । सञ्जालमा विद्यमान श्रोतहरूको परिचालन सञ्जाललाई आवश्यक पर्ने सेवाहरूको विकासका लागि उपयोग गरी सञ्जालको क्षमता र पेशागत विकास गर्ने अवधारणा यस योजनाले आत्मसाथ गरेको छ । यसका लागि बचत ऋण सहकारी अभियानको ध्येय दीगो वित्तीय सहकारी मार्फत समावेशी एवं स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तर सुधार भन्ने स्वीकार गरिएको छ । यस ध्येयले वित्तीय सहकारीहरूको दीगोपना र सेवाहरूमा समावेशीपन मात्र स्वीकार गरेको छैन स्मार्ट सेवा सुनिश्चितताको वातावरण तयार गर्ने लक्ष्य लिएको छ । स्मार्ट सेवाले प्रविधिमा आधारित सेवा विकास, सदस्यमैत्री चुस्तदुरूस्त सेवाहरू तथा सेवाहरूमा नुतनपनको




सुनिश्चितताको आधार तयार गर्ने लक्ष्य योजनामा स्वीकार गरिएको छ जसबाट आवद्ध सदस्यहरूको जीवनस्तरमा गुणात्मक सुधार सम्भव बनाउन सकिनेछ ।

चार वर्षको रणनीतिक अवधिको परिकल्पनाको रूपमा सवल र सक्षम वित्तीय सहकारीहरूको साझा सञ्जाल प्रस्ताव गरिएको छ । सवल र सक्षम वित्तीय सहकारीको विकासका लागि सहयोग पुग्ने क्रियाकलापहरू नै संघको आगामी चार वर्षको यात्राको रूपमा तय भएको छ । यसका लागि सदस्यहरू समेतको स्वामित्वमा सञ्जालका साझा सेवाहरूको विकास पहिलो प्राथमिकतामा राखिएको छ । यस्तो साझा सेवाहरूबाट सञ्जालको साझा समस्याको समाधान गरी सञ्जालको क्षमता विकास र प्रभावकारी पैरबी मार्फत वित्तीय सहकारीहरूको दीगो सञ्जालको रूपमा बचत तथा ऋण सहकारी अभियान स्थापित हुने र यसबाट बचत ऋण सहकारीहरूको अलग्गै पहिचान बन्नेमा संघ विश्वस्त रहेको छ । योजना अवधिमा सञ्जालका सबै सदस्यहरूले आधारभूत वित्तीय सेवाहरू सञ्चालन गर्ने सक्षमता विकासका लागि संघ सहयोगी बन्न सक्ने कुरा यस योजनाले सुनिश्चित गरेको छ ।

बचत ऋण सहकारीता भित्र गतिशिलता स्थापित गर्न अभियानको उर्जापूर्ण योगदानलाई योजनामा लिपिवद्ध गर्ने क्रममा संघको सबै सवल पक्षहरूको उपयोग सञ्जालको पेशागत सक्षमता विकासमा हुने रणनीतिमा विश्वास लिइएकोछ । आजको वित्तीय बजार प्रतिष्पर्धामा आधारित छ, मुनाफामा आधारित छ र प्रविधिले निर्देशित गरेको छ तर बचत ऋण सहकारीता मानवता सहितको सहकार्यको योगमा विश्वास गर्दछ । बचत ऋण सहकारीहरूको प्रवर्द्धनमा योगदान गर्न सक्नेहरूको बीचमा सद्भावपूर्ण सहकार्यलाई सबै भन्दा प्राथमिकतामा राखी सफलताको आधारको रूपमा लिइएको छ । आगामी दिनहरूमा बचत ऋण सहकारी संघ तथा संस्थाहरूको व्यवसायिक वातावरणमा सद्भावपूर्ण सहकार्य मार्फत दीगोपन विकासका लागि योगदान गर्न सक्षम हुने विश्वास लिइएको छ ।

बचत ऋण सहकारीहरूको स्थापना नै सहकार्यको अनुपम नमुना भएकोले यो नै सञ्जालको सबैभन्दा महत्वपूर्ण क्षमता हो । आज बचत ऋण सहकारीको संख्या बढी भएको आरोप होस् वा उत्पादनमा जान नसकेको भनि लाग्ने गरेको आरोप नै किन नहोस सबैंको एउटै समाधान भनेको सहकार्य मार्फत साझा वित्तीय सेवाहरूको विकास हो भन्ने विश्वास संघले लिएको छ । संघ र सदस्यहरूको सम्बन्ध र सेवाको दीगोपन पनि सहकार्यको मात्रा र गुणस्तरमा निर्भर छ । सञ्जालले अपेक्षा गरेको अभियान मैत्री वातावरणको प्राप्तिको लागि पनि सञ्जालको सद्भावपूर्ण सहकार्यको ज्यादै महत्व रहेको छ । त्यसैले संघ र संस्था अलग रूपमा नहेरी सहकार्यको लागि प्राप्त अवसरको रूपमा स्वीकार गरी अगाडि बढ्न सके मात्र बचत ऋण सहकारी मार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्न र सञ्जालको विकासमा इर्ष्या गर्नेहरूलाई सही जवाफ दिन सकिन्छ भन्ने विश्वास हाम्रो रहेको छ ।

### नेफ्स्कूनको कार्यदिशा

नेफ्स्कूनको लक्ष्य र उद्देश्य समृद्ध नेपाल, सुखी नेपाली मात्र होइन विश्व वन्धुत्व र विश्व समृद्धि पनि हो । त्यसको लागि वित्तीय सहकारी अयिभानको विधि, नीति, प्रविधि र उत्तम अभ्यासलाई विश्वव्यापी रूपमा ऐक्यवद्धता जनाएको हुन्छ । विकास तथा विज्ञान र प्रविधिका

अन्तिम उपलब्धीलाई आन्तरिकीकरण गर्न र सापेक्षित बनाउन नेफ्स्कूनले अन्तर्राष्ट्रिय सहकारी सम्वद्ध संगठनसँग साझेदारी गरिरहेको छ । अन्तर्राष्ट्रिय रूपमा विकास गरिएका समाधानहरू र नवप्रवर्तनको रूपमा राष्ट्रिय रूपमा विकास गरिएका समाधानहरूलाई कार्यान्वयनमा लान प्रारम्भिक संस्था र नेफ्स्कूनको वीचमा साझा पहिचान र साझा सञ्जालको निर्माण गर्नु पर्दछ । नेफ्स्कूनको पाँचौ रणनीतिक योजनामा संस्थाहरू र संघहरूबीचमा सञ्जाल व्यवस्थापनको अपरिहार्यतालाई स्वीकार गरी उद्देश्य र मापनका आधारहरू निर्धारण गरेको छ ।

नेफ्स्कून

१. आवद्धता तथा करारीय ऐक्यवद्धता
२. स्रोतमा पहुँच र एकरूपता
३. स्तरीय कार्य सञ्चालन
४. सुशासन तथा स्वनियमन

**१. करारीय ऐक्यवद्धता** :

सञ्जालमा संस्थाको अविभाज्यको मापन प्रारम्भिक संस्थाको ब्राण्ड व्यवस्थापन र ब्राण्ड निर्माणमा भर पर्दछ । करारीय ऐक्यवद्धतामा केन्द्रीय संघमा आवद्ध सबै संस्थाहरूले औपचारिक सम्झौता गर्नु पर्दछ । जव प्रणालीले मुर्त स्वरूप लिन्छ अमुर्त रूपमा यसले छवि निर्माण र पहिचानको निर्माण गर्दछ । त्यतिबेला दर्शकको लागि एकीकृत वित्तीय संस्थाको पहिचान प्राप्त हुन्छ । वित्तीय पहुँच र समावेशीकरणको लागि सम्झौतामूलक ऐक्यवद्धता, संस्थाको आकारमा सन्तुलन, सदस्यता शुल्कमा शुद्धता, आर्थिक प्रतिवेदन, अभिलेख व्यवस्थापन, कागजातको ढाँचाको स्तरीयता र एकरूपता, सफ्ट्वेयरमा एकरूपता, साकोस सुरक्षा प्रणालीमा सहभागिता, जोखिम व्यवस्थापन, भाखा नाघेको ऋण विवरण मासिक रूपमा पठाउने व्यवस्था, गुणस्तर सुनिश्चितता कार्यक्रममा अनिवार्य सहभागिता र वित्तीय सहकारीमा मात्र अन्तरलगानी कार्यक्रम

बचत ऋण सहकारीहरुको स्थापना नै सहकार्यको अनुपम नमुना भएकोले यो नै सञ्जालको सबैभन्दा महत्वपूर्ण क्षमता हो । आज बचत ऋण सहकारीको संख्या बढी भएको आरोप होस् वा उत्पादनमा जान नसकेको भनि लाग्ने गरेको आरोप नै किन नहोस सबैंको एउटै समाधान भनेको सहकार्य मार्फत साझा वित्तीय सेवाहरुको विकास हो भन्ने विश्वास संघले लिएको छ ।

सहभागिताका विषयमा सञ्जालबीच करारीय ऐक्यवद्धता हुनु पर्दछ ।

**१.१ सेवा केन्द्र खोल्न नियन्त्रण :**

वित्तीय पहुँच र वित्तीय समावेशीकरणलाई सम्वोधन गर्ने गरी केन्द्रीय संघले संस्थाको स्थापना, सञ्चालन र विकास गर्नु पर्दछ । यसरी सञ्चालन गर्दा कसिलो बजार मापदण्ड, भौगोलिकता र सदस्य संख्याको आधारमा हरेक राजनीतिक इकाईलाई आधार बनाउनु पर्दछ । क्षेत्र विस्तार गर्दा प्रारम्भिक संस्था र संघको बीचमा आपसी भौगोलिक अतिक्रमण हुनुहुँदैन । प्रारम्भिक संस्थाले राष्ट्रिय स्तरको भूगोललाई कार्यक्षेत्र प्राप्त गर्नु असम्भव प्राय हुन्छ ।

**१.२ प्रारम्भिक संस्थाको आकारलाई सन्तुलन कायम गर्ने :**

आधारभूत तहको व्यावसायिक निकायको रूपमा प्रारम्भिक संस्था रहन्छन । संघसंस्थाले सदस्यहरूलाई वित्तीय पहुँच र वित्तीय समावेशीकरणलाई आधार मानी निश्चित भूलोगमा जनसंख्याको प्रतिनिधित्व, पूँजीको अवस्था र नागरिकहरूको पहुँचलाई आधार बनाउनु पर्दछ । संस्थाको सञ्जालमा आवद्ध गर्न संस्था एकीकरण र कार्यक्षेत्र थप गर्दा केन्द्रीय संघको सिफारिसमा नियामक निकायले स्वीकृति दिनु पर्दछ ।

**१.३ वित्तीय मध्यस्थताको साधन :**

विश्व ऋण परिषद्ले तय गरेको सञ्जाल व्यवस्थापनको सिद्धान्त अनुसार केन्द्रीय वित्तीय सहकारीको वित्त प्रणाली आफ्नै सञ्जालमा रहनुपर्दछ । केन्द्रीय संघको अधिनस्त संघसंस्थाले वित्तीय मध्यस्तकर्ताको केन्द्रीय अन्तरलगानीलाई आधार वनाउनु पर्दछ । बचत स्वीकार गर्ने, संस्थालाई ऋण प्रवाह गर्ने, तरलताको व्यवस्थापन गर्ने, स्थिरीकरणकोषको सञ्चालन गर्ने र बचत सुरक्षाको अन्य औजारहरूको प्रवन्ध गर्न केन्द्रीय संघले वित्तीय मध्यस्तकर्ताको भूमिकामा रहनु पर्दछ । अविभाज्य संघीय सञ्जालले नियमावली बनाई सीमित सेवाशुल्क र सञ्चालक खर्च लिई औपचारिक व्यवस्थापनका अन्य साधनको प्रभावकारी प्रयोग गर्नु पर्दछ ।

**१.४ आन्तरिक सुरक्षणको उपाय :**

प्रारम्भिक सहकारी संस्था र अविभाज्य सञ्जालले कुनै पनि संस्थाको सम्भावित समस्याहरूको प्रभावकारी व्यवस्थापकीय समाधान दिनु पर्दछ । संस्थाको जोखिम व्यवस्थापनको लागि अविभाज्य सञ्जालले जोखिममा आधारित सुपरीवेक्षण, स्थिरीकरण कोष, आकस्मिक कोष, सदस्य सुरक्षा कोष, बचत सुरक्षण कोष समेतको व्यवस्थापन गरी कोषहरूको नियन्त्रण केन्द्रीय संघको नेतृत्वमा सञ्चालन गरिनु पर्दछ ।

**१.५ केन्द्रीय एजेन्सी :**

अविभाज्य सञ्जालले कोषको बाह्य स्रोतमा पहुँचको व्यवस्थापन गर्दछ । केन्द्रीय अन्तरलगानी कार्यक्रमको सञ्चालन, कोषहरूको व्यवस्थापन, तरलताको

व्यस्थापन, पूँजी बजारमा धन जुटाउने कार्य नेफ्स्कूनले गर्नु पर्दछ । केन्द्रीय संघले अन्तर्राष्ट्रिय वित्त बजारको समेत मध्यस्थता गर्दै सञ्जालभित्र सदस्यको जोखिमलाई साझा समस्या बनाई योगदान गर्नु पर्दछ । राष्ट्रिय रूपमा व्यावसायिक प्रवर्द्धन, सदस्यसँगको सम्वन्ध र अन्तर्राष्ट्रिय व्यापारिक सम्वन्धका आधारमा केन्द्रीय संघले आफ्नो आन्तरिक व्यवसाय गर्दछ ।

**२. स्रोतमा पहुँच र एकरूपता :**

वित्तीय सहकारी अभियानलाई अन्तरसम्वन्धित सञ्जालमा ल्याउन स्रोतका सबै पक्षलाई स्वीकार गर्नु पर्दछ । आगतलाई समूहमा राख्ने, उत्पादन र सेवामा स्तरीकृत समाधान दिने र अनिवार्य सेवामा संयुक्त आर्जित सम्पत्तिको प्रयोग गर्न नेफ्स्कूनले सेवा र उत्पादनको कुशल व्यवस्थापनको लागि विवेकीय समाधान मार्फत साझा सहयोगी सेवा र गठबन्धनको लागि उत्प्रेरणा दिनु पर्दछ । वित्त प्रणालीलाई औपचारिक बनाउन सूचना र सेवालाई एकीकरण गरी सदस्य सूचना सेवालाई प्रभावकारी बनाउनु पर्दछ । स्रोत व्यक्तिहरूको आदान प्रदान, वस्तु तथा सेवाको प्रयोग, नेफ्स्कून अन्तरलगानीको मूल्य निर्धारण, कर्मचारीको स्तर तथा सुविधा, नेफ्स्कूनद्वारा सञ्चालित वा सिफारिस गरिएका सेवाहरूको उपयोग, साकोसहरूको वर्गीकरण, स्तर निर्धारणमा स्वेच्छिक रूपमा सहभागी हुनेभन्दा पनि वित्तीय सहकारीहरू स्रोतको बाँडफाँडमा अनिवार्य रूपमा सहभागी हुन नेफ्स्कूनमा आवद्ध हुनु पर्दछ । अनिवार्य आवद्धताले अन्तरसम्बन्धलाई प्रभावकारी र रणनीतिक बनाउँछ । वित्तीय सहकारी अभियानमा स्रोतको बाँडफाँडले प्रस्तुत तीन पक्षलाई सम्बोधन गर्दछ ।

**२.१. आगतलाई एकड्ढा राख्ने :**

संस्थाका आगतहरूलाई एकड्ढा गर्नु पहिलो बाँडफाँड हो । नेफ्स्कूनले निर्धारण गरेका नीति, विधि र प्रविधिलाई प्रारम्भिक संस्थाले आन्तरिकीकरण गर्नु पर्दछ । आवद्ध संघ, संस्थाले अभ्यास गर्ने प्राविधिक समाधान, उत्पादन र सेवा, सम्पूर्ण वित्तीय सेवाको गुणस्तरलाई प्रभावकारी बनाउन नेफ्स्कूनको सहयोगी उत्पादन र सेवामा स्तरीकृत समाधानलाई चुस्त बनाउनु पर्दछ ।

**२.२ स्तरीकृत सेवामा पहुँच :**




नेपालको सन्दर्भमा संवैधानिक रूपमै राज्यव्यवस्था प्रणालीको तीन तहको उल्लेख गरेको अवस्थामा सहकारी अभियानमा पनि समानजस्यता ल्याउनु पर्दछ । वित्तीय सहकारी संघसंस्थालाई लोकतान्त्रिक अधिनस्ततामा आधारित केन्द्रीयता मार्फत सञ्जालिकृत साकोस अभियान सञ्चालन गर्नु पर्दछ । बचत तथा ऋणको केन्द्रीय संघले मातहतका संघ र संस्थाहरूलाई एकरूपतामा आधारित स्तरीकृत सहयोगी सेवाको दायित्व लिनु पर्दछ । केन्द्रीय संघको अनिवार्य दायित्व लिनु पर्ने विषय क्षतिपूर्ति, तरलता व्यवस्थापन, जोखिम र मूल्य निर्धारण तहगत रूपमा फरक भए पनि तालिम, अनुगमन, वित्तीय समाधान, मार्गदर्शन, सेवा र उत्पादनको विकास र अनुगमनको निश्चिततालाई केन्द्रीय संघको दायित्वमा रहन्छ । विद्युतीय वित्तीय सेवा प्रत्येक सहकारी संस्थाका सदस्यलाई उपलब्ध गराउन डेविट र क्रेडिट कार्ड, तलबी विवरण, वित्त र मुद्रा प्रवाहको सेवालाई प्रभावकारी बनाउनु पर्दछ । सहयोगी सेवाको सम्बन्धमा कर्मचारी र सञ्चालकहरूको क्षमता अभिवृद्धिको लागि निरन्तर सहभागिता जनाउनु पर्दछ । केन्द्रीय संघले उन्नत सहकारीकर्मी र प्रभावकारी प्रविधिको प्रयोगलाई गुणात्मक बनाउन शिक्षण र प्रशिक्षणलाई प्रभावकारी बनाउनु पर्दछ ।

**२.३. संयुक्त स्वामित्व :**

वित्तीय सहकारीका उत्पादन, सेवा, समाधान र कानूनी संहिताको परिपालनाको संयुक्त स्वामित्व लिनु स्रोत बाँडफाँडका अनिवार्य र आधारभूत विषयहरू हुन । बजारमा प्रतिस्पर्धात्मक स्थान र वित्तीय सक्षमताको लागि बचत तथा ऋण अभियान सञ्जालीकृत र अविभाज्य हुनुपर्दछ । स्थिरीकरण कोष, बचत सुरक्षा कोष, बीमा, गुठी र लगानी प्रवर्द्धन सेवाका सम्वन्धमा पनि संयुक्त स्वामित्वको विषयमा अभियान अविभाज्य हुनु पर्दछ । सबै संघसंस्था मिलेर एक विशिष्टीकृत संघको कल्पना सहकारी ऐन २०७४ ले पनि गरेको छ ।

**३. स्तरीय कार्यसञ्चालन :**

अविभाजित बचत तथा ऋण अभियानको सञ्चालन प्रणालीको प्रभावकारिता, संस्थागत छविमा निर्माण, व्यवस्थापन र विकास एकरूपता कायम गर्न केन्द्रीयतामा अधिनस्तताको आधारमा संस्थाहरूलाई स्तरीकृत गर्नु पर्दछ । स्तरीकरणको लागि प्रारम्भिक संस्थामा प्रभावकारी कार्यसम्पादन मार्फत सदस्यको सन्तुष्टिलाई ध्यान दिनु पर्दछ । सञ्जालले अन्य वित्तीय प्रदायकको बीचमा प्रतिस्पर्धात्मक स्थान कायम राख्न एकरूपता प्रणाली, साझा बुझाई र नियामक मापदण्डहरूको निर्माण गर्नु पर्दछ । प्रारम्भिक संस्थाको नियामक मापदण्डको आधारमा प्रणालीमा स्तरीयता कायम राखी अभियानलाई उच्च स्तरमा लानु पर्दछ । नियामक मापदण्डमा कठोर

केन्द्रीयता मार्फत वित्तीय सहकारीको सञ्चालन गर्नु पर्दछ । स्वतन्त्र प्रतिस्पर्धी नेटवर्कमा सबै तहका संघसंस्थाहरू आफ्नै ढंगले सञ्चालित हुन्छन । ती संस्थाहरूको छवि निर्माण, प्रणाली सम्भार, नीति र प्रविधिमा एकरूपता कायम हुन्छ । अविभाजित साकोसमा केन्द्रीय सञ्जालमा आवद्ध साकोसका हरेक सदस्यहरूले सबै साकोसमा अपनत्व र स्वामित्वको अनुभूति गर्दछन् । फरक बजारमा पनि अविभाजित सञ्जाल भित्र रहेका साकोसका सबै सेवा र उत्पादनमा, विधि, नीति र प्रविधिमा उस्तै फेसन, प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापनमा उस्तै कार्यकुशलता बीचमा प्रतिस्पर्धात्मक प्रर्दशन गर्दछन् ।

**अविभाजित अभियानमा साकोसका स्तरीकृत प्रणालीको आधारभूत तत्वहरू**

**३.१. सञ्चालन प्रणालीमा एकरूपता प्रणाली**

सञ्चालनको लागि अभियानका वित्तीय संस्थाको कार्यालयको ब्राण्ड रङ, तथा नीति विधि र प्रविधिमा एकरूपता कायम गर्नु पर्दछ । पहिलो प्रभाव पार्ने पक्ष बचत तथा ऋणका उत्पादनहरूले नै हो । यसले लेखा प्रणाली, कार्यविधि, आवेदन फारम, नियन्त्रण प्रणाली र सूचना व्यवस्थापन प्रणाली, हार्डवेयर र सफट्वेयर प्रणाली, वित्त र मानवसंशाधन प्रणालीमा एकरूपता कायम गरी सञ्चालन प्रणालीमा समेत एकरूपता ल्याउनु पर्दछ ।

**३.२. विधि, नीति र प्रविधिमा एकरूपता**

वित्तीय सहकारीलाई सञ्चालन गर्न विश्व ऋण परिषद्ले विधि अर्थात सिद्धान्तहरू प्रतिपादित गरेको छ । ती विधिहरूमा : सदस्य सुरक्षा सिद्धान्त, सुशासनको सिद्धान्त, सञ्चालनका सिद्धान्त र सुरक्षा र सुदृढताको सिद्धान्त छन् जसको आधारमा संस्थाहरू निर्देशित हुन्छन् जसको आधारमा राज्यका कानून र नियमावलीहरू बन्दछन् । संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्न यी प्रस्तुत सिद्धान्तको मातहतमा केन्द्रीय संघले स्वीकृत गरेका आधारभूत नीतिहरू

अविभाज्य संघीय संरचनामा छविले आफ्नो संगठनको विशिष्ट व्यानर र राष्ट्रिय बजारीकरणको रणनीतिलाई सम्वोधन गर्दछ । अविभाज्य संरचनामा कानूनी दृष्टिकोणबाट हरेक प्रारम्भिक संस्था एउटा हुन्छ र बजारको छविको रुपमा एकरुपता प्रणालीलाई स्वीकार गरेको हुन्छ । केन्द्रीय संघसंस्थाको छवि कायम राख्न र नागरिकहरुमा प्रभाव पार्न र धारणा बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

संस्थाले अभ्यास गर्दछन् । यस्तो अवस्थामा नेफ्स्कून नीतिहरू कार्यान्वयनको लागि उत्तरदायी हुनु पर्दछ । नीतिगत केन्द्रीयताको आधारमा प्रत्येक संघसंस्थाहरूले केन्द्रीय संघको साधारण सभामार्फत प्रतिनिधिमूलक सहभागितामा नीतिहरू निर्माण गर्दछन् । पारित गरिएका नीतिलाई संघसंस्थाले अनिवार्य रूपमा अवलम्बन गर्दछन् र संघसंस्थाहरू यसलाई पालना गर्न प्रतिवद्ध रहन्छन् ।

**३.३. उत्पादन र सेवाको स्तरीयता**

उत्पादन र सेवाको स्तरीयता अविभाज्य अभियानको एक प्रक्रिया हो । प्रारम्भिक संस्थाले बजारको आवश्यकताको आधारमा प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्नु पर्दछ । यसरी प्रतिस्पर्धात्मक स्तरलाई कायम राख्दा अविभाज्यताको आधारभूत मान्यतालाई आत्मसात गर्नु पर्दछ । अविभाज्य सञ्जालका सदस्यले सबै साकोसबाट समान स्तरका सेवा र उत्पादन पाउन सकुन भन्ने विषयमा केन्द्रीय संघ सजग हुनु पर्दछ । प्रारम्भिक संस्थाले आफ्ना उत्पादन र सेवा सदस्यको उपयोगी छ । सो विषयमा उत्पादन र सेवालाई विकास गर्न सञ्जाललाई सूचित गर्नु पर्दछ । अविभाज्य सञ्जालले उत्पादन र सेवा बितरणमा अनुकुलताको आधारमा स्रोतको उपयुक्त बाँडफाँड गर्नु पर्दछ ।

**३.४ संस्थागत छवि :**

छवि निर्माण कुनै संगठित संस्थाको प्रस्ट र विस्तारित कल्पना मात्रै होइन यो हरेक व्यक्तिमा संस्था प्रतिको अवधारणा र अनुभूति हो । छवि मानिसको चेतनामा वास्तविकताको प्रतिविम्बको त्यो स्वरूप हो जुन संगठनात्मक चरित्रको माध्यमले प्रकट हुन्छ । छविले आम नागरिकमा विश्वसनियता, आचरण, गुणस्तरीय सेवाको प्रत्याभूतिको प्रस्तुति गर्दछ । अविभाज्य संघीय संरचनामा छविले आफ्नो संगठनको विशिष्ट व्यानर र राष्ट्रिय बजारीकरणको रणनीतिलाई सम्वोधन गर्दछ । अविभाज्य संरचनामा कानूनी दृष्टिकोणबाट हरेक प्रारम्भिक संस्था एउटा हुन्छ र बजारको छविको रूपमा एकरूपता प्रणालीलाई स्वीकार गरेको हुन्छ । केन्द्रीय संघसंस्थाको छवि कायम राख्न र नागरिकहरूमा प्रभाव पार्न र धारणा बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । नेफ्स्कूनको ऐक्यवद्धता लोगो प्रयोग गर्दा एकीकृत साकोस सञ्जाल विकास कार्यक्रममा समाविष्ट संस्थाले मात्र प्रयोग गर्न पाउने छन । ऐक्यवद्धता लोगो प्रयोग गर्दा एकरूपता सम्वन्धी कम्तीमा तोकिए बमोजिमका सञ्चालन विधि पुरा गरेको हुनुपर्नेछ । कुनै संघसंस्थाहरूमा प्रतिनिधित्व गर्दा

अर्थात सद्भाव भ्रमणमा जाँदा योग्यता पुरा गरेको व्यक्तिले मात्र सहभागी हुन पाउने व्यवस्था मिलाउनुपर्नेछ । समुदाय प्रति चासो र वातावरण सहित कम्तीमा संस्थाको वर्गीकरण अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । सदस्य कल्याण कार्यक्रम अन्तर्गत संस्थाको वर्गीकरण अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । ब्राण्ड व्यवस्थापनमा एकरूपता ल्याउन कार्यालय व्यवस्थापन, रङ्गरोगन, साइनबोर्ड, शेयर प्रमाणपत्र, परिचयपत्र, लेटरप्याड, कागजात लगायतका विषयलाई एकरूपता व्राण्डमा स्तरीयता कायम गर्नुपर्नेछ ।

**४. अविभाज्य संघीय सञ्जालमा आन्तरिक रणनीति र कानूनी संहिताको माध्यमबाट सुशासनको प्रवर्द्धन गर्ने आयामहरू :**

**४.१ लोकतान्त्रिक नियन्त्रणमा आधारित संरचना र केन्द्रीकृत अधिकार :**

सहकारी अभियानको अन्तर्राष्ट्रिय सिद्धान्तलाई सम्मान गर्दै अविभाज्य संघीय प्रणालीमा प्रारम्भिक संस्थाले आफ्नो निर्णय प्रक्रियाको स्वाधीनता आफैसँग हुने तथ्यलाई मनन गर्दै निश्चित शक्ति आफू आवद्ध रहेको केन्द्रीय संघलाई प्रत्यायोजन गरेका हुन्छन् । केन्द्रीय संघले एकरूपता प्रणाली कार्यान्वयन गरी उक्त प्रणालीमा आवद्ध र निस्कासित हुने अधिकार प्रारम्भिक संस्थालाई दिएको हुन्छ । आवद्ध संस्थाहरूको प्रतिस्पर्धात्मक स्थानलाई कामय राख्न केन्द्रीय संघले निश्चित गरेका स्तरीकरणमा आधारित मापदण्ड कार्यान्वयन गरी प्रारम्भिक संस्थाहरूलाई अविभाज्य संरचनाले निर्धारण गरेका आधारभूत विशेषज्ञताको पहुँचलाई सुनिश्चित गर्नु पर्दछ । प्रारम्भिक संस्थाले आफ्नो प्रतिस्पर्धात्मक छवि र स्तरीकरणलाई कायम राख्न वित्तीय सक्षमतालाई सुदृढ गर्नु पर्दछ । अविभाज्य संघीय सञ्जालले आफ्ना निर्णय र झुकावलाई निरन्तर प्रमाणीकरण गर्न कामहरूलाई परामर्शदात्री संयन्त्र र प्रभावकारी लोकतन्त्रलाई मध्यनजर गरी केन्द्रीकृत गरेको हुन्छ ।

**४.२ अधीनस्तको सिद्धान्तलाई सम्मान**

अधीनस्तको सिद्धान्तलाई सम्मान गर्न केन्द्रीय संघको मातहतमा स्वायत्तताको अवधारणालाई संघसंस्थाले स्वीकार गरेका हुन्छन् । मातहतमा रहने मापदण्डहरू साझा उत्तरदायित्वको रूपमा अविभाज्य सञ्जालका सदस्यले स्वीकार गर्दछन् । केन्द्रीय संघले सञ्जालमा आवद्ध प्रारम्भिक संस्थाको क्रियाकलापलाई स्तरीकरण गर्न कार्यक्रमहरू निर्धारण गर्दछन् । समुदायमा सम्पूर्ण वित्तीय समाधान कायम राख्न अधीनस्तको सिद्धान्तमा केन्द्रीय संघको मातहतमा प्रारम्भिक संस्था रहन्छन् । प्रारम्भिक संस्थाले आफ्नो लक्ष्य र उद्देश्य हासिल गर्न स्वायत्त, स्वाधीन र अधिकार सम्पन्न हुन्छ तर केन्द्रीय संघले तोकेका समाधानहरूको सुरूवात गर्नु र दायित्व लिनु प्रारम्भिक संस्थाको कर्तव्य हुन्छ । तीन तह भएको अवस्थामा केन्द्रीय संघको मातहतमा संघसंस्था रहनु पर्दछ । निर्णय कार्यान्वयन गर्न विरोधाभाष भएमा केन्द्रीय संघको निर्णयको प्रधानतामा मातहतमा संघसंस्थाले निर्णय लिनु पर्दछ । सबै वित्तीय सहकारीहरू केन्द्रीय संघमा अनिवार्य आवद्ध हुनु पर्दछ । सबै संघसंस्थाहरू प्रतिनिधिमूलक रूपमा रहेको केन्द्रीय संघको साधारण सभाको मातहतमा रहन्छन् । केन्द्रीय समितिको मातहतमा आफ्ना विषयगत संघसंस्था रहनु पर्दछ । केन्द्रीय तहको मातहतमा तल्ला तहका संघसंस्थाको सञ्चालन, व्यवस्थापन, अनुगमन र प्रवर्द्धन नै अधीनस्तताको सिद्धान्तको आधारभूत अवधारणा हो । मातहतका संघसंस्थाको आवश्यकता र उद्देश्य पुरा गर्न केन्द्रीय संघले अनिवार्य रूपमा अनुमगन, परामर्श र सुझाव दिनु पर्दछ । व्यवसायिक केन्द्रीयताको सञ्चालनका लागि केन्द्रीय संघ र सदस्य संघसंस्थाको स्वमित्व, लोकतान्त्रिक नियन्त्रण प्रक्रियामा सहभागिता र स्रोतको बाँडफाँडबाट फाइदा प्राप्तिको हक करारको आधारमा तय गरिनु पर्दछ । केन्द्रीय संघको निर्णयको कार्यान्वयनमा प्रारम्भिक संस्थाको दायित्व रहने भएकाले लोकतान्त्रिक नियन्त्रणलाई मर्यादित वनाउन र केन्द्रीय संघको शोषणबाट संघसंस्थालाई मुक्त राख्न यो सिद्धान्तले साधारण सभाको सर्वोच्चता, एक व्यक्ति एक मत, आवधिक निर्वाचन र हरेक प्रतिनिधिको चुन्ने तथा चुनिने स्वतन्त्रता सुरक्षाको आधारमा सन्तुलन कायम गर्नु पर्दछ । यो सिद्धान्तले स्रोतको प्राप्तिमा अनुकूलता र अतिक्रमणलाई निषेध गरेको हुन्छ ।

**४.३ निगरानी र अनुगमन**

अविभाज्य सञ्जालले संस्थाको सङ्गठनात्मक रचनाको आन्तरिक सुपरीवेक्षण गर्दछ । प्रत्यायोजित अथवा सहायक कार्यको विषयमा सञ्जालका सदस्य संस्थाको संगठनको निगरानी अविभाज्य सञ्जालको मुख्य कार्य हो । अविभाज्य सञ्जालले राज्यको अनुमतिमा संस्थाले कानूनी संहिताको पालना गर्ने, केन्द्रीय संघलाई कानूनी रूपमा प्राप्त अनुगमनको अधिकारलाई संघहरूसँग सहकार्य गर्नु पर्दछ । अविभाज्य सञ्जालले कठोर विवेकपूर्ण मान्यता, सदस्य सूचना प्रणाली, आफ्नै सुरक्षा कोषको स्थापना, अपराधिक र समस्याग्रस्त भएका सञ्जालका सदस्यको निगरानी सुपरीवेक्षण, हस्तक्षेप गर्ने र समस्याग्रस्त भएको घोषणा गर्ने अधिकार दिइन्छ । अन्तर्राष्ट्रिय कुशल अभ्यासलाई हेर्दा डेजारडिन क्यानडा, राइफाइसन फेडेरेसन जर्मनी, नाकुफोक कोरिया लगायतका देशहरूमा केन्द्रीय संघको साधारण सभाप्रति उत्तरदायी हुने नियुक्त र बरखास्त गर्ने गरी वनेको स्वतन्त्र व्यूरोले नियामक निकायको अनुसार प्रत्यायोजित अधिकारको प्रयोग गर्दछन् ।

**४.४ आवद्धता र निस्कासन :**

सञ्जालले आवद्धता र निस्कासनको विषय कडा रूपमा पालना गर्छ । यो अविभाज्य सञ्जालको महत्वपूर्ण कार्य हो । आवद्धता र निस्कासनको विषय सञ्जालले सदस्यसँग गरेको करारीय सम्बन्धका आधारमा निर्भर गर्दछ । सञ्जालले आवद्धताको लागि सम्बन्धित संघसंस्थालाई करारीय स्वेच्छिकता दिएको हुन्छ ।

# बन्दाबन्दीमा नेफ्स्कूनको भर्चुअल सक्रियता




नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले चैत ११ गते लकडाउन सुरूभए यता निरन्तर भर्चुअल माध्यमबाट समसामयिक विषयमा प्रशिक्षण, वेबिनार, बैठक, छलफल लगायतका कार्यक्रम सञ्चालन गरेको छ ।

तालिम केन्द्रले **'सदस्य सुरक्षा सिद्धान्तको व्यावहारिक पक्ष र महामारीमा साकोसहरूको भूमिका'** विषयमा बैशाख २९ गते पहिलो भर्चुअल तालिम सञ्चालन गरेको थियो । कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल र प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले प्रशिक्षण दिनुभएको थियो भने विभिन्न साकोसका व्यवस्थापन प्रमुखहरूले आफ्ना संस्थाको अभ्यासहरूबारे जानकारी गराउनुभएको थियो । प्रशिक्षकद्धयले सहकारी इतिहास, बचत तथा ऋण सहकारीको अन्तर्राष्ट्रिय महामारीमा सदस्य तथा कर्मचारीहरूको भौतिक र वित्तीय सुरक्षा, सेवा सञ्चालन विधि, तरलता व्यवस्थापन, बचत तथा ऋण व्यवस्थपन, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श, मितव्ययीता विकास आदिका विषयमा प्रस्तुति दिनुभएको थियो ।

नवलपरासीस्थित विकू साकोसका प्रमुख कार्यकारी अधिकृत माधव पौडेल, जनउत्थान साकोस रूपन्देहीका प्रमुख कार्यकारी अधिकृत रण बहादुर थापा चन्द्रागिरी साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठ, ग्रामीण साकोस सल्यानकी प्रमुख कार्यकारी अधिकृत शान्ता राई र जनकल्याण साकोस दोलखाका प्रमुख कार्यकारी अधिकृत दीपक बस्नेतले पनि आ–आफ्ना संस्थाका गतिविधिहरू बारे चर्चा गर्नुभएको कार्यक्रम नेफ्स्कूनका निमित्त प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले सञ्चालन गर्नुभएको थियो ।

जेठ १ गते बन्दाबन्दीमा ऋण व्यवस्थापन सम्बन्धी तालिममा ऋणको परिभाषा, ऋणको वर्गीकरण, ऋण सेवाको विविधिकरण, तरलता व्यवस्थापन, ऋणको पुनर्तालिकीकरण, छुट सुविधा, आदि विषयमा बरिष्ठ तालिम अधिकृत बल्लभ तिमल्सिनाले प्रशिक्षण दिनु भएको थियो ।



तालिममा बचत तथा ऋण सहकारी संस्थाहरू सामुदायिक बैंकिङ्ग भएकाले सदस्यहरूसँग बढी नै घुलमिल गर्नुपर्ने र ऋणको व्यवस्थापन र पुनर्संरचनाका सम्बन्धमा पनि सदस्हरूसँग निरन्तर र गहन छलफलद्वारा निष्कर्ष निकाल्नु पर्नेमा जोड दिइएको थियो । बन्दाबन्दी अवधिसम्मका लागि कुल ब्याज रकमको १० प्रतिशत ब्याज छुट वा ब्याजदरमा १ प्रतिशत छुट दिने व्यवस्था मिलाउन सकिने तर त्यसका लागि नीतिगत व्यवस्था गरेर अगाडि बढ्नुपर्ने बताइएको थियो । प्रशिक्षणमा लोन एजिङबाट ऋणको गुणस्तर छुट्याउँदा पर्ल्सको नियमअनुसार असल, कमसल, शंकास्पद र खराबको अतिरिक्त पुनर्संरचित ऋण भनेर छुट्याउनु पर्ने जानकारी गराइएको थियो । यसले गर्दा बन्दाबन्दीको अवधिमा कति ऋण पुनर्संरचित भयो भन्ने थाहा हुने र बन्दाबन्दी खुलेपछि उक्त ऋणको असुली लगायतका प्रक्रियामा आवश्यक निर्णय लिन सहज हुने बताइएको थियो । यद्यपि, पुनर्संरचना गर्दा पनि जोखिम बढ्ने भएकाले सबै

सावधानी अपनाएर मात्र त्यस्तो निर्णय लिनुपर्नेमा जोड दिइएको थियो । जोखिम कोष व्यवस्थापन, आकस्मिक ऋण अभिलेखीकरण र व्यवस्थापन जस्ता विषयमा पनि आज जानकारी गराइएको थियो ।

यसैगरी, जेठ ९ गते बन्दाबन्दीमा तरलता व्यवस्थापन भर्चुअल तालिम आयोजना गरिएको थियो । तालिममा तरलताको परिभाषा, तरलताको माग र आपूर्ति, बन्दाबन्दी लक्षित तरलता व्यवस्थापन रणनीति, बन्दाबन्दीपछि उत्पन्न हुनसक्ने तरलता संकट समाधानका सम्भावित उपायहरू र एकतामा विश्वास गर्न प्रशिक्षकहरूको सुझाव थियो । तरलताको विषय सम्बोधनका लागि अभिभावक निकायको रूपमा नेफ्स्कूनको पहलमा १० करोड रूपैयाको केन्द्रीय तरलता कोष स्थापनाको निर्णय भएकोमा त्यसमा रकम थप गर्ने विषय पनि छिट्टै टुङ्गोमा पुग्ने भन्दै नेफ्स्कून सधै साकोसहरूको साथ रहेको प्रत्याभूति गराइएको थियो । तरलता व्यवस्थापनका लागि साकोसहरूले नेफ्स्कूनसँग उपलब्ध ऋण सुविधाहरू सहज र सरल ढंगले प्राप्त गर्न सक्ने जानकारी गराइएको थियो । सम्भाव्य तरलता संकटलाई



सदस्य : हाम्रो व्यवसायको मालिक

तिनको  समाधानमा नेफ्स्कूनको भूमिका लगायतका विविध विषयमा अन्तरक्रियात्मक छलफल भएको थियो ।

तालिममा बन्दाबन्दीलाई ध्यानमा राखी सामान्य अवस्थामा भन्दा बढी तरलता कायम गर्नुपर्ने विषयमा जोड दिइएको थियो । नेफ्स्कूनले गरेको अध्ययन र संस्थाहरूबाट प्राप्त जानकारीको आधारमा सदस्य संस्थाहरूमा तरलता अभाव नरहेपनि बन्दाबन्दी लम्बिदै जाँदा र त्यसपछि आउन सक्ने तरलता संकटलाई कसरी समाधान गर्न सकिन्छ भन्ने अधिकांश सहभागीहरूको जिज्ञासाहरूको सम्बोधन गरिएको थियो । तालिमका क्रममा सम्भाव्य तरलता संकट समाधानका लागि सञ्जाल सहकार्य, समन्वय र ध्यानमा राखी नेफ्स्कूनले आपतकालिन ऋणको व्यवस्था गरेको जानकारी तालिम सहजकर्ता बरिष्ठ तालिम अधिकृत बल्लभ तिमल्सिना र क्षेत्रीय प्रमुख केशव दाहालले गर्नुभएको थियो । व्यवसाय विभाग प्रमुख सञ्जराज तिमल्सिना र तालिम विभाग प्रमुख गणेश प्रसाद तिमिल्सिनाले सहभागीका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो ।

जेठ ४ गते बन्दाबन्दीमा बचत व्यवस्थापन सम्बन्धी तालिममा बचतको परिभाषा, बचतको वर्गीकरण, बन्दाबन्दी लक्षित नयाँ बचत सेवा, बचत सेवा विविधिकरण, तरलता व्यवस्थापन, महामारी बीमा सेवा आदि विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

अन्तरक्रियात्मक रूपमा सञ्चालित उक्त तालिममा बचत तथा ऋण सहकारी संस्थाहरू समुदाय मैत्री भएकाले संकटको समयमा अरू सबैकुरालाई किनारामा राखेर संकटको समयमा सदस्य तथा कर्मचारी सुरक्षा, वित्तीय सेवा निरन्तरताका साथै आशा र भरोसा सञ्चारको विषयलाई प्राथमिकतामा राखेर उपलब्ध स्रोत र साधनहरूको व्यवस्थित र वैज्ञानिक प्रयोगका साथ सम्बोधन गर्नुपर्नेमा जोड दिइएको थियो । कार्यक्रममा नेफ्स्कूनका निवर्तमान सञ्चालक एवं रोयल साकोस पोखराका प्रमुख कार्यकारी अधिकृत भीम गुरूङ, सिद्धि गणेश साकोस भक्तपुरका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद दुमरू, मिलिजुली कालिन्चोक साकोस दोलखाका प्रमुख कार्यकारी अधिकृत इश्वर न्यौपाने, महिला साकोस इटहरीकी प्रमुख कार्यकारी अधिकृत अनिता गुरागाई, बुडोल सामुदायिक साकोस काभ्रेका प्रमुख कार्यकारी अधिकृत विवेक राज ठकुरी लगायतले बचत व्यवस्थापन, तरलता, कर्मचारी व्यवस्थापन, कार्यालय सञ्चालन र व्यक्तिगत सुरक्षाका सम्बन्धमा आफ्ना संस्थाले गरेका कामहरूको अनुभव सुनाउनुभएको थियो । बरिष्ठ अधिकृत बल्लभ तिमल्सिनाले कार्यक्रम सहजिकरण गर्नुभएको थियो ।

वित्तीय साक्षरताका सम्बन्धमा जेठ १४ गते आयोजित भर्चुअल तालिममा वित्तीय साक्षरताको परिभाषा, पारिवारिक बजेट निर्माण, मितव्ययीता, वित्तीय सक्षमता, डिजिटल फाइनान्सिङ, प्रविधिमा आधारित वित्तीय साक्षरता (फिनटेक लिट्रेसी), आम्दानी विविधिकरण, आम्दानीका क्षेत्रहरू आदि विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

अन्तरक्रियात्मक तालिममा साकोसहरूले सदस्यहरूलाई खर्च घटाउने सय उपाय, खाद्य सञ्चिति, भन्डारण सीप, घरेलु उद्यम आदिका बारेमा सदस्यहरूलाई सिकाउँदै मितव्ययी जीवनशैली अपनाउन सहयोग गर्नुपर्ने सुझाव प्रदान गरिएको थियो । सहजीकरण नेफ्स्कूनका बरिष्ठ

## साकोस अभियन्ताहरु

### साकोस संस्कृतिमा गौरव गरौं र अडिग रहौं ।

- अभियानको कामलाई मूल्यमा गणना नगरौं
- लाभको लागि चाहना नराखौं
- आर्थिक प्रलोभनमा नपरौं
- प्रश्न उठने काम नगरौं
- स्वार्थका लागि द्वन्द नगरौं
- संस्था परिवार विच दर्विलो एकता






अधिकृत प्रेमनाथ वाग्लेले गर्नुभएको थियो । त्यसपछि छैठौं तालिम जेठ १९ गते साकोसको व्यवसाय निरन्तरता विषयमा सञ्चालन गरिएको थियो । तालिममा व्यवसाय निरन्तरताका ४ वटा चरणहरू-प्रभाव विश्लेषण, संरक्षण, उद्दार र निरन्तरताका विषयमा सदस्य, कर्मचारी र संस्था संरक्षणको एकीकृत योजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता प्रशिक्षणमा औंल्याइएको थियो ।

सदस्यको बचत सुरक्षा प्राथमिक कुरा भएपनि त्यो विषय ऋणसँग जोडिएकाले संस्थाले लगानीको सुरक्षणमा विशेष ध्यान दिनुपर्ने उल्लेख गरिएको थियो । समयको माग अनुरूप प्रविधिको पहुँचका साथै तिनको सुरक्षा प्रत्याभूतिमा ध्यान दिन आग्रह गरिएको थियो । प्रकोपको प्रभाव, तरलता, ऋणको गुणस्तरता, सुशासन, स्वाथ्य सुरक्षा, कर्मचारी परिचालन आदि समग्र विषयहरू समेटेर साकोसहरूले व्यवसाय निरन्तरता योजना (बीसीपी) बनाउनुपर्ने खाचो औंल्याइएको थियो । यो समयमा जोखिम व्यवस्थापन कार्यदलको थप सक्रियता र भूमिका हुने भन्दै समयानूकुल विशिष्ट, परिक्षण गरिएको र निरन्तर अद्यावधिक योजना निर्माण गर्दै अघि बढ्नुपर्नेतर्फ ध्यानाकर्षण गराइएको थियो । महामारीका चुनौतीहरू नीतिगत व्यवस्था मार्फत सम्बोधन गरिनुपर्ने भन्दै आपतकालिन तरलताको जोहो र आवश्यक पर्दा सञ्जाल सहयोग लिन सक्ने कुरामा आश्वस्त हुन सहकारीकर्मीहरूलाई आग्रह गरिएको थियो । नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमल्सिनाले सहजिकरण गर्नुभएको थियो ।

जेठ २४ मा नेफ्स्कूनले फिल्ड कार्यालय व्यवस्थापन उपसमिति लक्षित अन्तरक्रियात्मक भर्चुअल प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा सुनसरी, चितवन, लमजुङ, सर्लाही, कास्की, मकवानपुर, पर्सा, धादिङ र जनकपुर गरी नेफ्स्कून अन्तर्गतका १० वटा फिल्ड कार्यालय व्यवस्थापन उप समिति संयोजकहरू, सदस्यहरू, फिल्ड कार्यालय इन्चार्जहरू र कर्मचारीहरूको सहभागिता थियो भने ६ वटा जिल्ला बचत संघका अध्यक्ष एवं प्रतिनिधिहरू सहभागी हुनुभएको थियो ।

कोभिड-१९ को महामारी र लम्बिदो लकडाउनका कारण वित्तीय गतिविधिमा प्रत्यक्ष प्रभाव पारिरहेको अवस्थामा नेफ्स्कूनका सबै फिल्ड कार्यालय व्यवस्थापन उपसमितिलाई थप सक्रिय बनाउने, नयाँ रणनीतिका साथ आफु अन्तर्गतका साकोसहरूलाई सहयोग र संरक्षण गर्ने विषयमा छलफल, सुझाव र सल्लाह आदान प्रदान भएको थियो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल र उपाध्यक्ष शान्ती अधिकारी धारणा राख्नुभएको कार्यक्रममा महामारीमा नेतृत्वको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्दै नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले अहिले नेतृत्वले आफुलाई कमजोर नठानी त्यसको सकारात्मक बाटो खोजेर अघि बढ्नुपर्ने बताउनुभयो । वित्तीय सहकारीको सशक्त सञ्जाल निर्माणको अभियानमा सबै लाग्नुपर्ने भन्दै उहाँले



प्रविधिमा एकरूपता ल्याउन नेफ्स्कूने पहल गरिरहेको पनि जानकारी गराउनुभयो । महासचिव अधिकारीले महामारी लक्षित नेतृत्वका ८ भूमिकाका सम्बन्धमा प्रकाश पार्नुभएको थियो । नेफ्स्कूनका कोषाध्यक्ष एवं केन्द्रीय अन्तरलगानी उपसमितिका साथै कार्यक्रमको संयोजन गर्नुभएका दीपक पनेरूले केही विषय योजनामा, केही नीतिमा, केही सञ्चालक समितिको यथाशीघ्र निर्णयमा र केही कतिपय राज्यसँग बहसपैरवीका विषयहरू आज उठेको भन्दै यी सबै विषयमा नेफ्स्कून नेतृत्व संवेदनशील भएको स्पष्ट पार्नुभयो । नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले संकटको समयमा समेत सुशासन प्रवर्द्धन, शिक्षा र सचेतना मार्फत जोखिम न्यूनीकरण गरेर सदस्यहरूलाई सेवा निरन्तरतामा प्रोत्साहनका लागि फिल्ड उपसमिति र क्षेत्रीय एवं फिल्ड कार्यालयबाट सहजिकरण गर्दा थप प्रभावकारी र सहज हुने भन्दै यसले केन्द्रमार्फत निरन्तर मार्गदर्शन गर्ने काम भैरहेको धारणा राख्नुभयो नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमिल्सिनाले संघका वस्तु तथा सेवा र नीतिगत व्यवस्था सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै अहिले सबैले जोखिमको मिहिन विश्लेषण गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । उहाँले नेफ्स्कूनको सञ्चालकहरूको सक्रिय भूमिका रहेको स्थानीय तहमा बचत तथा ऋण सहकारीको भूमिकालाई थप सशक्त बनाउने दिशामा सबैंको सहयोग आवश्यक भएको धारणा राख्नुभएको थियो । सबै उपसमितिले आफ्ना फिल्ड कार्यालयको कारोवारमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै कार्यपत्र प्रस्तोता तिमिल्सिनाले नयाँ आर्थिक वर्षको योजनमा सम्बोधन गर्ने विषयहरूका सम्बन्धमा पनि सबै फिल्डमा आवश्यक छलफल चलाई केन्द्रीय योजनालाई समृद्ध बनाउन तर्फ लाग्नुपर्ने बेला भएको बताउनुभयो ।

**SACCOS-NEFSCUN SOLIDARITY**

**हाम्रो अपेक्षा**

- बचत तथा ऋण सहकारीको छुट्टै ऐन लगाएत बहस, पैरवी र पहलकदमीका विषयमा ऐक्यबद्धता
- साकोस एकरूपता प्रणाली : एकै अभियान, एकै पहिचान र एकै आवाज
- स्वस्थ वित्तीय संरचना : अभियानको स्थीरीकरणकोषमा सक्रिय सहभागिता
- सुरक्षित, मर्यादित र दीगो साकोस अभियान : साकोस स्तरीकरण र जोखिम व्यवस्थापन
- अभियानको प्रविधि विकास र पहुचमा सहकार्य
- नेफ्स्कूनका उत्पादन सेवाका गुणस्तर अभिवृद्धि र निरन्तर सहभागिता
- नीति, विधि र प्रविधिको प्रधानता र एकरूपता
- संघका मार्गदर्शन मा अपनत्व ग्रहण र निरन्तर पृष्ठपोषण

नेफ्स्कून लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटा, नेफ्स्कून सञ्चालक एवं जनकपुर र सुनसरी फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक गोमा नेपाल, नेफ्स्कून सञ्चालक एवं झापा फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक घनश्याम अधिकारी, नेफ्स्कून सञ्चालक एवं लमजुङ फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक कमलादेवी गिरी, नेफ्स्कून सञ्चालक एवं मकवानपुर फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक विद्या कोइराला, नेफ्स्कून सञ्चालक एवं पर्सा फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक हरेराम प्रसाद आदि सहभागी कार्यक्रममा युवा स्वरोजगारको सहुलियत रकम साकोसहरू मार्फत लगानीको अवसर सिर्जना, बन्दाबन्दीपछि तरलता व्यवस्थापन, साकोसहरूको एकीकरणमा प्रश्रय आदिका विषयमा नेफ्स्कूनको पहलकद्मी आवश्यक रहेको सहभागीहरूले ध्यानार्षण गराउनु भएको थियो । आजको अभौतिक कार्यक्रम सञ्चालन नेफ्स्कूनका बरिष्ठ अधिकृत प्रमुख केशव दाहालले गर्नुभएको थियो ।

जेठ २६ गते नेफ्स्कूनले महामारीको अवस्थामा बचत तथा ऋण सहकारीमा जोखिम व्यवस्थापन सम्बन्धी विशेष भर्चुअल प्रस्तुति आयोजना गऱ्यो । अन्तरक्रियात्मक कार्यक्रममा नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उक्त कार्यपत्रमाथि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलले टीप्पणीका साथै परिपूरक प्रस्तुति गर्नुभएको थियो ।

सहकारी क्षेत्रका मूर्धन्य व्यक्तित्व एवं अन्तर्राष्ट्रिय सहकारी अभियानमा समेत परिचित ऋषिराज घिमिरेले बचत तथा ऋण सहकारी संस्थाको जोखिम व्यवस्थापनमा स्थिरीकरण कोषको भूमिकाका बारेमा प्रस्तुतिमार्फत प्रष्ट पार्नुभएको थियो । तरलता, सञ्चालन जोखिम लगायत रहेका सदस्य संस्थाले न्यूनदर ब्याजदरमा कोषबाट सापटी पाउने उल्लेख गर्दै यसको कार्यविधि निर्माण भएर खाता समेत खोलिई सकेकोले अब छिट्टै काम अघि बढाउन नेफ्स्कूनलाई आग्रह गर्नुभयो । कार्यविधिका कमीकमजोरीलाई अयिभानले सरकारसँग सघन छलफल गर्दै समाधान निकाल्नुपर्ने भन्दै उहाँले तत्कालका लागि भने काम शुरू गर्न सुझाव दिनुभयो ।

विषम परिस्थितिमा साकोसहरूबीच सहकार्य झनै आवश्यक भएको औल्याउदै पूर्व अध्यक्ष घिमिरेले भविष्यमा आउने अझै ठूलो संकटहरूको समाधानका लागि पनि सबै साकोसहरू स्थिरीकरण र स्तरीकरण कार्यक्रममा आवद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

जोखिम व्यवस्थापनमा सुरक्षा कवचको भूमिका स्थिरीकरण कोषको रहेको भन्दै पूर्व अध्यक्ष घिमिरेले यसको अवधारणा सहकारीहरूबीचको सहकार्यको सहकारी सिद्धान्त अनुरूप आएको बताउनुभयो । एउटा बचत तथा ऋण सहकारी समस्यामा पर्दा समग्र साकोस अभियानलाई नै धक्का पुग्ने भन्दै उहाँले स्वसहयोग, स्वशासन र स्वदायित्व बहनको एफ डब्लु राइफाइसनको अवधारणालाई पनि स्थिरीकरण कोष सञ्चालनले बल पुग्ने उल्लेख गर्नुभयो ।

कार्यपत्र माथि टिप्पणी गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव एवं सहकारी महाशाखा प्रमुख समेत रहनुभएकी चन्द्रकला पौडेलले स्थिरीकरण कोषको सैद्धान्तिक विषयमा प्रष्ट पार्नुभएको थियो । उहाँले स्थिरीकरण कोषलाई साकोसका सबै समस्याको समाधान भन्दा पनि सापटी दिने कोषको रूपमा प्रयोग गर्न सकिने बताउनुभयो । सह सचिव पौडेलले आन्तरिक सुशासन, कानूनको परिपालना लगायत भन्दा पनि व्यावसायिक वातावरण बिग्रिएर समस्या उत्पन्न भएका साकोसहरूलाई स्थिरीकरण कोषले सहयोग गर्न सक्ने स्पष्ट पार्नुभयो । सुशासनमा नरहने संस्थाहरूको समस्या भने स्थिरीकरण कोषले सम्बोधन गर्न नसक्ने उहाँले प्रष्ट पार्नुभयो । आन्तरिक सुशासन, प्रशिक्षण नियमन, कोषमा संलग्नता आदि विषयमा केन्द्रीय संघको रूपमा नेफ्स्कूनको भूमिका महत्वपूर्ण भएको धारणा सह सचिव पौडेलको थियो । स्थिरीकरण कोष सञ्चालन कार्यविधिमा केही परिमार्जन आवश्यकता भए त्यसमा छलफलका लागि सरकार तयार रहेको स्पष्ट पार्दै सह सचिव पौडेलले अहिलेलाई कार्यान्वयनमा शिघ्र अघि बढ्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले लकडाउनका बीच पनि नेफ्स्कून सञ्चालक समिति र व्यवस्थापन समग्र साकोस अभियानलाई सहयोग, संरक्षण र अभिभावकीय भूमिका निर्वाह गर्न लागिपरेको उदाहरण प्रस्तुत गर्दै नीति, विधि र प्रविधिमा यो समयमा थप जोड दिइएको बताउनुभयो ।

नेफ्स्कूनका महासचिव एवं तालिम तथा शिक्षा उपसमिति संयोजक दामोदर अधिकारीले स्थिरीकरण कोषको विषय, महत्व, सञ्चालन कार्यविधि, सहभागिताका आधारहरू र यसबाट सदस्य संस्थाले सहयोग सुविधा आदि बारेमा थप विकेन्द्रीकृत छलफलहरू आवश्यक भएको स्वीकार्दै आगामी दिनमा भर्चुअल रूपमै भएपनि सबै साकोसहरूलाई क्रमशः स्पष्ट पार्दै जानेमा आश्वस्त तुल्याउनुभयो ।

अर्को तालिम जेठ ३० मा महामारीको अवधिमा बचत तथा ऋण सहकारीहरूका लागि सुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली विषयमा थियो ।  सुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली तालिममा सहकारी संघसंस्थाहरूको नीति, नियम तथा कार्यविधि निर्माण, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको गठन, काम कार्तव्य, साकोसमा लेखा सुपरिवेक्षण समिति बारे विद्यमान धारणाका विषयमा चर्चा गरिएको थियो ।

नेफ्स्कूनका लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटाले प्रशिक्षण गर्नुभएको  तालिममा लेखा नीति, वार्षिक प्रतिवेदन, आन्तरिक लेखा परीक्षणका चरणहरू, प्रक्रिया, विपद् व्यवस्थापन नीति कार्यान्वयका सबालमा यस बन्दाबन्दीका बेला विशेष ध्यान दिनुपर्ने विषहरूमा चर्चा गरिएको थियो ।

लेखा सुपरिवेक्षण समिति संस्थाको स्वनियामक र आन्तरिक नियन्त्रणका लागि मार्गदर्शक अंग भएको हुँदा समितिले अधिकारको सही प्रयोग र जिम्मेवारी प्रति सजगता अपनाउँदै जोखिमको समयमा विपद् व्यवस्थापन नीतिलाई अंगिकार गरेर अगाडि बढ्नुपर्ने आवश्यकताका विषयमा तालिममा जोड दिइएको थियो ।

बन्दाबन्दीको समयमा नीतिविधिको परिपालना तथा कार्यविधि निर्माण, आन्तरिक लेखा परीक्षणका क्षेत्रहरू, नगद व्यवस्थापन सम्बन्धी वैधानिक निर्णयहरू, आन्तरिक लेखा परीक्षणका विधिहरू, सदस्य, कर्मचारी स्वास्थ्य सुरक्षा, कर्मचारीको कार्य वातावरण तथाकार्य जिम्मेवारी लगायतका विषयहरूमा योजनावद्ध ढंगले अगाडि बढ्ने विषयहरू प्रशिक्षणमा औल्याइएको थियो ।

असार ३ गते महामारीमा बचत तथा ऋण सहकारी नेतृत्वको भूमिका विषयक भर्चुअल प्रस्तुति आयोजना गरिएको थियो । प्रस्तोता नेफ्स्कूनका महासचिव एवं तालिम शिक्षा उपसमिति संयोजक दामोदर अधिकारीले असहज परिस्थितिमा सहकारी नेतृत्व नमुना बन्नुपर्ने बताउनुभयो । आफ्नो प्रस्तुतिमा उहाँले सदस्यहरू सहकारी संस्थाका ग्राहक नभई मालिक भएकाले उनीहरूलाई केन्द्रविन्दुमा राखेर हरतरहले सेवा पुर्‍याउनु सयमको मागभएको स्पष्ट पार्नुभयो । हरेक सहकारीको अन्तिमध्येय सदस्यको जीवनस्तर उकास्ने भएपनि अहिलेको विषम परिस्थितमा भने त्यसमा परिवर्तन गरेर सदस्यहरूको जीवन रक्षा नै अल्पकालीन ध्येय बनाउनुपर्नेमा जोड दिनुभयो ।

सहकारीको अन्तर्राष्ट्रिय ऐतिहासिक पृष्ठभूमि चर्चा गर्दै महासचिव अधिकारीले बेलायत र जर्मनीमा महंगी बेरोजगारी, आर्थिक अभावको समस्यालाई सम्बोधन गर्ने उत्तम विकल्पको रूपमा सहकारीको जन्म भएको र नेपालमा पनि बखान सिंह गुरूङले बाढी पीडितहरूको सहयोगार्थ चितवनमा पहिलो सहकारी स्थापना गरेको स्मरण गराउँदै विपत्तिमा साथ दिने संस्था सहकारी भएको धारणा राख्नुभयो । आफ्नो प्रस्तुतिमा उहाँले सहकारी नेतृत्वको परिक्षण विपत्तिको अवस्थामा उनीहरूले खेल्ने भूमिकाबाट देखिने बताउनुभयो । इतिहासको विभिन्न कालखण्डमा नेतृत्वले खेलेको भूमिका सबैंका लागि प्रेरणादायी हुने भन्दै महासचिव अधिकारीले सहकार्यको माध्यमबाट अघि बढ्नुको विकल्प नभएको उल्लेख गर्नुभयो ।

ASSOCIATION OF ASIAN CONFEDERATION
OF CREDIT UNIONS

# अकूको ४९औं वार्षिकोत्सव

एसियाली ऋण महासंघ (अकू) ले बैशाख १६ (अप्रिल २८, २०२०) मा आफ्नो ४९ औं वार्षिकोत्सव कार्यक्रम मनाएको छ । कोभिड–१९ को विश्वव्यापी महामारीको चपेटाका बीच एसियाली बचत तथा ऋण सहकारीहरूको एकमात्र क्षेत्रिय साझा मञ्चका रूपमा चिनिएको अकूले प्रतिकूल परिस्थितिका बीच कुनै औपचारिक कार्यक्रम नराखी वार्षिकोत्सवको स्मरण गरेको हो । यस अवसरमा ओकू साथै विभिन्न मुलुकस्थित सदस्य संघसंस्थाका उच्च पदस्थ अधिकारीहरूले भिडियो सन्देशमाफर्त शुभकामना आदान प्रदान गर्दै संकटको यो घडीलाई एक भएर सामना मात्र होइन संकटलाई शक्तिमा बदल्ने प्रण समेत व्यक्त गर्नुभयो ।


सन् १९७१ मा अप्रिल १६ कै दिन जापान, हङकङ, दक्षिण कोरिया, मलेसिया, फिलिपिन्स, इन्डोनेसिया, ताईवान, थाइल्याण्ड र भियतनामका बचत तथा ऋण सहकारी प्रतिनिधिहरूको सिओल (कोरियाली राजधानी) मा सम्पन्न भेलाले साझा क्षेत्रिय मञ्चका रूपमा एसियाली ऋण महासंघ गठन गर्ने सहमति जनाए अनुरूप यसको स्थापना भएको इतिहास छ ।

यस अवसरमा भिडियो सन्देश मार्फत अकूका संस्थापक अध्यक्ष एन्ड्रयु सोले संकटको समयमा एसियाली राष्ट्रका सदस्य संघसंस्थाहरूले समुदाय र सदस्यको सहयोगमा देखाएको तत्परता, आँट र हिम्मतको खुलेर प्रशंसा गर्नुभयो । उहाँले यो समय धैर्यसँगै सृजनशीलता र सम्बन्ध सुदृढीकरणमा जोड दिनुपर्ने उल्लेख गर्दै क्षेत्रीय एकतालाई थप मजबुद बनाउनुपर्नेमा जोड दिनुभयो ।

यसैगरी, अकुका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत इलेनिता भि. स्यान रोक (लेनी) ले अकु आगामी वर्ष स्वर्ण जयन्ती मनाउने व्यग्र प्रतिक्षामा रहेको बताउनुभयो । उहाँले सबै सदस्य मुलुकका सहकारी अभियानकर्मीहरूलाई एकजुट भएर वर्तमान संकटको समाधानमा जुट्न आग्रह गर्नुभयो ।

३ करोड ६० लाख व्यक्तिगत सदस्यहरूको क्षेत्रिय सञ्जालको रूपमा स्थापित हुन पाएकोमा गर्व गर्दै लेनीले सदस्य संघसंस्थाहरूको सहयोग बिना उक्त सफलता असम्भव भएकोमा सबैलाई कृतज्ञता समेत व्यक्त गर्नुभयो ।

यसैगरी, विभिन्न मुलुकस्थित सदस्य संघसंस्थाका प्रमुख कार्यकारी अधिकृतहरूले पनि अकूलाई अभिभावकीय भूमिकाका लागि धन्यवाद सहित उत्तरोत्तर प्रगतिको भिडियो शुभकामना सन्देश व्यक्त गर्नुभएको थियो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले विगत ३ दशकभन्दा अघि देखि अकुले नेपालका बचत तथा ऋण सहकारीको क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको आफ्नो शुभकामना सन्देशमा बताउनुभयो । उहाँले नेपालमा वित्तीय सहकारीहरूको दिगो विकासका लागि प्रवर्द्धनात्मक सहजीकरण, गुणस्तर सुनिश्चिततासँगै प्रविधिकरणमा खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभयो । यसैगरी, भारत, जापान, मलेसिया, फिलिपिन्स, थाइल्याण्ड, भियतनाम अन्य मुलुकका सदस्य संघसंस्थाका प्रमुख कार्यकारी अधिकृतहरूले कोभिड महामारीका समयमा सदस्यहरूलाई आवश्यक सेवासँगै संकटपछि वित्तीय सहकारीहरू नयाँ योजना रणनीतिका साथ थप शसक्त ढंगले अघि बढ्नुपर्ने आवश्यकता औल्याउनुभयो । अकूको मुख्य कार्यालय थाइल्याण्डमा रहेको छ ।



# अभिभावकीय भूमिकामा नेफस्कूनको गति

**चन्द्र प्रसाद ढकाल**

बरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता
नेफस्कून



> सहकारीका सदस्य र कर्मचारीको व्यक्तिगत सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै नेफस्कूनले महामारीमा सहकारी सेवा सञ्चालन सम्बन्धी सम्भावित ६ विधिहरुको बारेमा सूचना सम्प्रेषित गर्ने काम गऱ्यो ।

कोभिड-१९ को अनपेक्षित र लम्बिदो प्राकृतिक विपत्तिका कारण समग्र विश्वसँगै नेपालको आर्थिक, सामाजिक लगायतका गतिविधिवि गत तीन महिनादेखि ठप्प प्रायः छन् । चैत्र ११ मा लकडाउन घोषणासँगै प्रारम्भ भएको सर्वपक्षीय शैथल्य लकडाउन थपिएसँगै बढ्दो रह्यो । जेठ अन्तिम साताबाट भने लडकडाउन लचकताको चरणवद्ध सरकारी नीतिसँगै जनजीवन सहजोन्मुख हुँदै छ । विगत ३ महिना अन्य क्षेत्र भन्दा वित्तीय कारोवार गर्ने अत्यन्त तरल र संवेदनशील मानिएको सहकारी क्षेत्रका लागि चुनौती र अवसरको असन्तुलित सम्मिश्रण बन्यो ।

सरकारले लगाएको लकडाउनका कारण राज्यका सम्पूर्ण आर्थिक गतिविधिहरू ठप्प भएपनि सर्वसाधरणको अत्यावश्यक सेवाभित्र पर्ने वित्तीय सेवाका लागि बैंक तथा वित्तीय संस्था र सहकारीहरू निरन्तर आफ्नो कर्ममा जुटिनै रहे । सदस्यको सुख दुःखको सहयोगी बन्दै सहकारीले सदस्यहरूलाई जस्तोसुकै जटिल र कठिन परिस्थितिमा पनि सेवा प्रवाहमा कमी आउन दिएनन् । नेपालभरका बचत तथा ऋण सहकारी संस्थाहरूको अभिभावक संघ नेफस्कूनले पनि बन्दाबन्दीको समयमा स्वास्थ्य सचेतना र सदस्य सेवा निरन्तरताका लागि मार्गनिर्देशनहरू जारी गर्दै सेवाप्रवाह प्रभावकारीताका लागि निरन्तर सहयोग र मार्गनिर्देश गरिनै रह्यो ।

सरकारले २०७६ चैत्र ८ गतेबाट अत्यावश्यकीय सेवा बाहेकका सेवा बन्द गरी स्वास्थ्य सुरक्षा अवलम्वन गर्न आह्वान गरेसँगै सहकारी क्षेत्रमा समेत यसको प्रत्यक्षप्रभाव पर्न गयो । विशेषगरी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूमा सेवा सञ्चालनमा देखिएको द्विविधाको समुचित निकास निकाल्ने र सदस्य संस्थामा आवद्ध सदस्यहरूको दैनिकी सहज बनाउन समेत आवश्यक भएकोले संघले आवद्ध संस्था सञ्चालका लागि अपिल गऱ्यो ।

सरकारले अत्यावश्यक सेवा बाहेकका सेवाहरू निश्चित समयसम्म बन्द गर्न गरेको निर्णयलाई स्वीकार गर्दै संघले सदस्य संस्थाहरूलाई राज्यका निर्देशनको पालनाका लागि अपिल गर्दै पहिलो पटक विज्ञप्ति प्रकाशन गर्‍यो । बन्दाबन्दीले सदस्यहरूको वित्तीय कारोवार र दैनिक जीवनमा नकारात्मक प्रभाव पर्न सक्ने तर्फ सचेत रहँदै स्वास्थ्य सचेतना अपनाउने र सदस्य सेवा निरन्तरताका लागि वैकल्पिक विधिहरू अवलम्बन गर्न सकिनेतर्फ

विज्ञप्तिमार्फत ध्यानाकर्षण गराइयो । जस्तो सुकै जटिल परिस्थितिमा पनि वित्तीय संस्थाहरू नियमित सञ्चालनमा रहने जानकारी गराउँदै तत्काल ठूलो मात्रामा खाद्यान्न र नगद संग्रह नगर्न सदस्यहरूमा सचेतना जगाउने, संस्थाले आफ्ना सदस्यहरूलाई स्वास्थ्य सचेतना तथा वित्तीय परामर्शमा जोड दिनुपर्ने विषयलाई संघले जोडदार रूपले अगाडि बढायो ।

सेवा प्रवाहमा रहेका कर्मचारी र कर्मचारीका परिवारको स्वास्थ्य सुरक्षाको नियमित जानकारी लिई स्वास्थ्य सुरक्षाका उपकरण (हातधुने स्थानमा साबुन र पानी, मास्क, सेनिटाइजर, पञ्जा) को नियमित प्रयोग गर्न र गैरस्थलगत सेवालाई प्राथमिकता दिन अनुरोध गर्‍यौ साथै सदस्य संस्थाहरूमा अत्यावश्यकीय सेवा (बचत राख्ने र झिक्ने) नियमित गर्न आवश्यक संख्यामा मात्र कर्मचारीहरू उपस्थित हुने व्यवस्था मिलाई सेवाको निरन्तरता सहित सुरक्षित कार्य वातावरण निर्माण गर्नुहुन सदस्यहरूलाई अपिलगर्‍यौ ।

सहकारीका सदस्य र कर्मचारीको व्यक्तिगत सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै नेफ्स्कूनले महामारीमा सहकारी सेवा सञ्चालन सम्बन्धी सम्भावित ६ विधिहरूको बारेमा सूचना सम्प्रेषित गर्ने काम गर्‍यो । प्रविधिमा आधारित सेवाको प्रभावकारी सञ्चालन गर्न, टेलिफोन तथा अन्य माध्यमबाट सम्पर्क गरी व्यक्तिव्यक्ति बीच वित्तीय सेवा प्रवाहलाई जोड दिन, रिमोट भुक्तानी पूँर्जा प्रयोग गर्न, सुरक्षित घरदैलो सेवा सञ्चालन गर्न, ड्रप बक्स मार्फत सेवा प्रवाह गर्न र निश्चित समय र स्थान तोकेर सदस्यहरूलाई आउँदा आउँदै सेवा दिन सकिने विधि अबलम्बन गर्नका लागि आव्हान गर्‍यौं ।

त्यसैगरी महामारीको अवधिमा सहकारीहरूका लागि सदस्य स्वास्थ्य हेरचाह, कर्मचारीले सेवा प्रवाहमा अपनाउनु पर्ने सावधानी, दैनिक खाद्य वस्तु संग्रह र सुरक्षा, मानवीय सहयोग र सामाजिक सद्भाव, बचतको सदुपयोग, ऋण सम्बन्धी सचेतना, उत्पादनमा सदस्यहरूको सहभागिता, विपद्मा पारिवारिक सल्लाह, बन्दाबन्दीमा कर्मचारीले गर्न सक्ने कार्यहरू, जोखिम व्यवस्थापन कार्यविधिको कार्यान्वयन सम्बन्धमा सन्देशहरू प्रवाह गर्ने काममा व्यवस्थापन तहबाट प्रभावकारी भूमिका रह्यो ।

सबै संस्थाहरूलाई कसरी साथ र सहयोगका आधारमा अभिभावकीय जिम्मेवारी बहनगर्दै अघि बढाउन सकिन्छ भन्नेमा निरन्तर संघको ध्यान केन्द्रीत रह्यो । लामो समयसम्मको




बन्दाबन्दीका कारण समस्यामा पर्न सक्ने सम्भावित परिदृश्यलाई आंकलन गर्दै आवद्ध संस्थाहरूलाई पुनःसक्रितयाका साथ सञ्चालन र कारोवार निरन्तरताका लागि हरसम्भव सहयोग गर्न संघ दीर्घकालिन योजना निर्माणको तयारीमा जुट्यो । फल स्वरूप हामीले पहिलो काम विपद् व्यवस्थापन कार्यदल निर्माण गरी १ अर्ब रूपैयाँको प्रारम्भिक कोष खडा गरी कोष सञ्चालन कार्यविधि पनि सञ्चालक समितिबाट पास गर्‍यौं ।

बन्दाबन्दीकै बीचमा नेफ्स्कूनले महामारीमा सहकारी सेवा व्यवस्थापन सम्बन्धी र सहकारी संघसंस्थाहरूमा जनशक्ति तथा सुशासन व्यवस्थापन सम्बन्धी छुट्टाछुट्टै १९ बुँदे मार्गदर्शन र विद्युतीय प्रविधि (भर्चुअल) बैठक सञ्चालन कार्यविधि, २०७७ जारी गर्‍यो । राहतकोषमा सहयोग, वित्तीय परामर्श र मितव्ययीताका साथै व्यक्तिगत सुरक्षालक्षित श्रव्य सामाग्री निर्माणदेखि थुप्रै कामहरू नेफ्स्कूनले गरेको छ । बन्दाबन्दीको समयमा संघका सञ्चालक समिति तथा व्यवस्थापनका सबै कर्मचारीहरू निरन्तर सहकारी कर्ममा जुटिरहनु भएको छ ।

दिनानुदिन भाइरस संक्रमितको संख्या उल्लेख्य बढ्दै गएको पछिल्लो अवस्थामा पनि सरकारले लकडाउनमा गरेको कडाई सँगसँगै संघको क्रियाशीलता झनै वृद्धि गर्दै लग्यौ ।

आवद्ध सदस्य संस्थाहरूले सदस्य र सेवा प्रदायक कर्मचारीहरूको सुरक्षा सचेतना अपनाउँदै सदस्यहरूको आवश्यकताका आधारमा बचत तथा ऋण परिचालन गर्नुपर्ने संघको प्रष्ट धारण रहँदै आएको छ । त्यसका लागि प्रत्येक संस्थाले जोखिम व्यवस्थापन कार्यविधि र कार्यदल बनाएर सेवा प्रवाहको व्यवस्था मिलाएको छ भन्नेमा संघ विश्वस्त छ ।

संस्था र सदस्य सम्बन्धलाई मजबुत बनाउँदै बन्दाबन्दीका समयमा पनि एक तिहाई कर्मचारी परिचालन गरेर सेवाप्रवाह निरन्तरताका लागि संघले निरन्तर आग्रह गरिरह्यो । कार्यालय सञ्चालनमा भएको असहजतालाई पनि

सम्बोधन गर्दै संघले सम्पर्क व्यक्ति तोकेर सेवा प्रदान गर्न सकिने विषयलाई प्राथमिकता दियो ।

बन्दाबन्दीकै समयमा सदस्य संस्थाहरूको माग बमोजिम नेफ्स्कूनद्वारा सदस्य सुरक्षा सिद्धान्तको सैद्धान्तिक, प्राविधिक र व्यावहारिक ज्ञान, साकोसमा तरलता व्यवस्थापन, ऋण तथा बचत परिचालन, व्यवसाय निरन्तरता, महामारीमा जोखिम व्यवस्थापन, महामारीमा बचत तथा ऋण सहकारी नेतृत्वको भूमिका, साकोसहरूका लागि सुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय साक्षरताको ज्ञान लगायतका विविध विषयमा निरन्तर भर्चुअल प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

यस अवधिमा संघको सूचना तथा सञ्चार उपसमितिको नियमित बैठहरूसमेत भर्चुअल माध्यमबाट बस्नुका साथै संघका प्रकाशनहरूलाई अझ प्रभावकारी बनाउने कुरालाई प्राथमिकतामा राखियो । यसैको फलस्वरूप लामो समयदेखि नेफ्स्कूनले आफ्नो अनलाईन पोर्टल सञ्चालन गर्ने भनि योजनामा राखेको विषयलाई विषम परिस्थितिका बावजुद पनि मूर्त रूप दिँदै यस अवधिमा संघको सूचना तथा सञ्चार उपसमितिको नियमित बैठहरूसमेत भर्चुअल माध्यमबाट बस्नुका साथै संघका प्रकाशनहरूलाई अझ प्रभावकारी बनाउने कुरालाई प्राथमिकतामा राखियो । यसैको फलस्वरूप लामो समयदेखि नेफ्स्कूनले आफ्नो अनलाईन पोर्टल सञ्चालन गर्ने भनि योजनामा राखेको विषयलाई विषम परिस्थितिका बावजुद पनि मूर्त रूप दिँदै saccosaawaj.coop.np लाई सूचना विभागमा विधिवत रूपमा दर्ता गरियो । समग्र सहकारी अभियानको आधिकारिक सञ्चार माध्यमका रूपमा यस पोर्टललाई विकसित गर्ने र प्रविधिक रूपमा पनि यसलाई सशक्त र पाठकमैत्री बनाई सहकारीकर्मीहरूका माझमा द्रुत र विश्वसनीय सूचना संवाहकका रूपमा स्थापित गर्ने गरी अगाडि बढाइएको छ । लाई सूचना विभागमा विधिवत रूपमा दर्ता गरियो । समग्र सहकारी अभियानको आधिकारिक सञ्चार माध्यमका रूपमा यस पोर्टललाई विकसित गर्ने र प्रविधिक रूपमा पनि यसलाई सशक्त र पाठकमैत्री बनाई सहकारीकर्मीहरूका माझमा द्रुत र विश्वसनीय सूचना संवाहकका रूपमा स्थापित गर्ने गरी अगाडि बढाइएको छ ।

नेफ्स्कूनको कुशल अविभावकीय नेतृत्वको आडमा प्रतिकूल परिस्थितिका बाबजूद वित्तीय सहकारीहरू यो समयमा सेवा निरन्तरता दिन सक्षम भएका छन् । जसरी संस्था सञ्चालनमा सदस्यहरूको भूमिका अर्थपूर्ण हुन्छ त्यसैगरी असहजता र चुनौतीलाई सहजता र अवसरमा बदल्न छाता संगठनको सल्लाह, सुझाव र मार्गनिर्देशन महत्वपूर्ण हुन्छ भन्ने बोध भएकै कारण सहकारीको दरिलो प्रभाव समुदायमा परेको घाम झै छर्लङ्ग छ । आशा गरौं आगामी दिनमा यो सञ्जाल सहकार्यले थप गतिलिने छ ।




> नेफ्स्कूनको कुशल अविभावकीय नेतृत्वको आडमा प्रतिकूल परिस्थितिका बाबजूद वित्तीय सहकारीहरु यो समयमा सेवा निरन्तरता दिन सक्षम भएका छन् ।
>
> जसरी संस्था सञ्चालनमा सदस्यहरुको भूमिका अर्थपूर्ण हुन्छ त्यसै गरी असहजता र चुनौतीलाई सहजता र अवसरमा बदल्न छाता संगठनको सल्लाह, सुझाव र मार्गनिर्देशन महत्वपूर्ण हुन्छ ।

# एक्सेस आवद्ध साकोसहरुको वेबिनार

एशियाली ऋण महासंघ-अकूको आयोजनामा एक्सेस स्तरीकरण कार्यक्रममा आवद्ध साकोसहरू लक्षित वेबिनार सम्पन्न भएको छ । कोभिड-१९ महामारीमा साकोसको सेवा निरन्तरता योजना सम्बन्धमा जेठ ७ र ८ गते दुई दिन वेबिनार सम्पन्न भएको छ । कोरोना भाइरसको संकटले साकोसको सेवा सञ्चालनमा पर्ने चुनौतीहरू र त्यसका समाधानका उपायहरूका बारेमा छलफल भएको थियो । ७१ वटा साकोसका प्रमुख कार्यकारी अधिकृतहरू सहभागी भर्चुअल बैठकको सहजिकरण एशियाली ऋण महासंघ-अकूकी प्रमुख कार्यकारी अधिकृत एलिनिता सानरोके र प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले गर्नुभएको थियो ।

साकोसले कोभिड १९ बाट उत्पन्न जोखिमको परिस्थितिमा सदस्य सुरक्षा, कार्यालय सरसफाई, सेवा प्रवाह पूर्व सामाजिक दुरीको सुनिश्चितता, नियमित सदस्य सम्पर्क र परामर्श, जोखिम न्यूनिकरणका लागि आलोपालो कर्मचारी परिचालन, ऋण तथा तरलता व्यवस्थापन, महामारीमा सेवा प्रवाहका विधिहरू लगायतमा छलफल भएको थियो ।

अकूबाट एक्सेस आवद्ध साकोसहरूका लागि दोस्रो भर्चुअल कार्यक्रम आयोजना

काठमाडौं, २५ असार । एशियाली ऋण महासंघ–अकूको आयोजनामा एक्सेस स्तरीकरण कार्यक्रममा आवद्ध बचत तथा ऋण सहकारी संस्थाहरू (साकोस) सँग दोस्रोपटक भर्चुअल कार्यक्रम सम्पन्न भएको छ । असार २४ गते आयोजित कार्यक्रममा ५५ जना साकोसका प्रमुख कार्यकारी अधिकृतहरू सहित नेफ्स्कून र अकूका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रममा कोभिड १९ महामारीका कारण उत्पन्न जोखिमको परिस्थितिमा साकोस सञ्चालनमा परेका विद्यमान जोखिमहरू र जोखिम न्यूनिकरणका उपायहरूका सम्बन्धमा छलफल गरिएको थियो ।




एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत एलिनेता सानरोके र प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले सदस्यको तिर्न सक्ने क्षमताको विश्लेषणका आधारमा संस्थाको जोखिम विश्लेषण गर्नुपर्ने, जोखिमका आधारमा सुरक्षण कायम गर्ने, तरलता व्यवस्थापन र संस्थागत संरक्षणमा जोखिममा आधारित विश्लेषण प्रणाली अवलम्बन गर्नुपर्ने लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो । नेफ्स्कूनद्वारा प्रवर्द्धित एशियाली स्तरको साकोस स्तरीकरण कार्यक्रममा हाल ६९ वटा बचत तथा ऋण सहकारी संस्था आवद्ध छन् ।

# नेफ्स्कून स्तरीकरण कार्यक्रम अभिमूखीकरण आयोजना

सिन्धुपाल्चोक जिल्लामा क्रियाशिल बचत तथा ऋण सहाकारी संस्थाहरूका लागि नेफ्स्कून स्तरीकरण कार्यक्रम सम्बन्धी अभिमुखीकरण असार १६ गते सम्पन्न भएको छ । जुम एप्लिकेसन्स् मार्फत आयोजना गरिएको अभिमुखीकरण संघका बरिष्ठ उपाध्यक्ष एवम् प्रवक्ता चन्द्र प्रसाद ढकालको अध्यक्षतामा भएको थियो । कार्यक्रममा सिन्धुपाल्चोकका बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।
संघका बरिष्ठ उपाध्यक्ष ढकालले सिन्धुपाल्चोकमा क्रियाशिल सम्पूर्ण साकोसहरूलाई संघको स्तरीकरण कार्यक्रममा सहभागी भई सुशासन युक्त साकोस सञ्चालनमा जोड दिन अनुरोध गर्नुभएको थियो ।

संघका अनुगमन अधिकृत सन्दिपराज ढकालले साकोसहरूको दीगो विकास र सुदृढीकरणका लागि नेफ्स्कून स्तरीकरण कार्यक्रमको उद्देश्य, उपयोगिता, आवद्धता प्रक्रिया र स्तरीकरण कार्यक्रममा साकोसहरूको अभ्यासका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागी साकोसका पदाधिकारी र व्यवस्थापन प्रमुखहरूले जिल्लाका क्रियाशिल साकोसहरूबीच छलफल गरि आगामी आर्थिक वर्षको शुरुवातमै साकोस स्तरीकरण कार्यक्रममा सहभागी हुन तयारी गरिने जानकारी गराउनुभएको छ । सहभागी साकोस प्रतिनिधिहरूले सिन्धुपाल्चोक जिल्लालाई लक्षित गरी नेफ्स्कूनले विविध कार्यक्रहरू सञ्चालन गरी जिल्लाको साकोस अभियान सुदृढीकरणका लागि चालेको कदमप्रति प्रशंसा गर्नुभएको थियो । कार्यक्रम सञ्चालन संघको प्रदेश नं. ३ कार्यालयका इन्चार्ज उमेश कोइरालाले गर्नुभएको थियो ।

# सन्दर्भः नेफस्कून ३३औं स्थापना दिवस


नेपालको बचत तथा ऋण सहकारी अभियानले आज ३२ बसन्त पार गरेको छ । वि.सं. २०४५ साल श्रावण ३२ गते अनौपचारिक बचत समूहबाट शुरू भएको नेपालको बचत अभियान आज विश्वस्तरमा पहिचान स्थापित गरी ३३ औं स्थापना दिवस मनाउने संघारमा पुगेको छ । स्पष्ट कानूनी व्यवस्थाको अभावमा ग्रामिण समुदाय र सदस्यहरूको सामान्य आर्थिक आवश्यकता परि पूर्तिका लागि सहजीकरण गर्ने उद्देश्यसहित शुरू भएको अभियान अहिले के गाउँ के शहर नेपालका ७६ जिल्लामा विस्तारित भएको छ । स्थापनाकालदेखि नै समयानुकुल नविनतम प्रविधिमा पहुँच विस्तार, नीति, विधि र प्रविधिको उपयोग मार्फत सदस्यहरूमाफ सेवामा एकरूपता ल्याई साकोसमा वित्तीय आत्मनिर्भरता, दीगोपना, सुशासन प्रवर्द्धन मार्फत गुणस्तर सुनिश्चितताको नियमित परीक्षण गर्नुले गुरूकुलको रूपमा सबैंको लागि मार्गदर्शन प्रदान गरेको छ । त्यसैगरी राष्ट्र निर्माणमा साझेदारी गर्दै अर्बौं रूपैयाँ राजश्व संकलनमा समेत सहकारी क्षेत्रको योगदान उल्लेख्य रूपमा बढ्दो छ । साकोस अभियानलाई आज यस उचाईमा पुऱ्याउन अग्रजहरूको योगदान अविस्मरणीय छ । नेफ्स्कून स्थापनाको ३३औं वर्ष प्रवेशको अवसरमा संघका पूर्वअध्यक्षज्यूहरूको शुभकामना सन्देश सहित संघको अबको नेतृत्वको भूमिकाका विषयमा उहाँहरूको विचार उहाँहरूकै शब्दमा :

## अभियानको विकास र प्रवर्द्धनमा पूर्वअध्यक्षहरुको मार्गनिर्देशन



**स्व. भोजराज घिमिरे**
संस्थापक अध्यक्ष
नेफ्स्कून
**नेतृत्व अवधिः**
वि.स. २०४५/०४/३२ देखि २०५०/११/०३ सम्म

नेफ्स्कूनले देशभरका बचत सहकारीहरूको आफैं अनुगमन गर्नुपर्छ । छाता सङ्गठन भएको हैसियतले पनि आफू निकटका सहकारीहरूलाई व्यवस्थित गर्ने दायित्व उसैको हो । सहकारीहरूमा लाखौं व्यक्तिहरूले रकम जम्मा गरेका छन् । त्यसको सुरक्षा गर्नु र अनुगमन गर्नु नेफ्स्कूनको दायित्व हो ।



**कैलाशभक्त प्रधानाङ्ग**
पूर्व अध्यक्ष
नेफ्स्कून
**नेतृत्व अवधिः**
वि.स. २०५०/११/०४ देखि २०६४/०८/१५ सम्म

नेफ्स्कूनको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभाव र प्रतिष्ठा उच्च छ । एशियाली ऋण महासंघ र विश्व ऋण परिषद्को सदस्य बनेको छ । सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य र सिद्धान्तहरूको पालनामा प्रतिवद्ध छ । कोभिड १९ माहामारीको संकटका समयमा पनि अनलाइन मार्फत नियमित तालिम तथा शिक्षाका कार्यक्रमहरू चलाएर नेफ्स्कूनमा आवद्ध संस्थाहरू सञ्चालनमा सहज बनाउन, स्थायीत्व दिन र दीगो बनाउनका लागि नेफ्स्कूनको भूमिका राम्रो भएको मैले देखेको छु । नेफ्स्कूनले अहिले जे गरिरहेको छ, जनशक्ति, भौतिक सम्पत्ति सबै कुरालाई हेर्दा नेफ्स्कूनको प्रगति राम्रो छ । भविष्यमा पनि सहकारी क्षेत्रमा नेफ्स्कून प्रतिको विश्वसनीयतामा कमी हुँदैन भन्ने मलाई लागेको छ । संघले सहकारी क्षेत्रमा विश्वास निर्माण गर्दै सम्पूर्ण बचत ऋण अभियानलाई दीगो, सबल र सुशासन कायम गराएर अगाडि बढ्न सकोस् भन्दै ३३औं स्थापना दिवसको अवसरमा संघको सफलता, उन्नती र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सहकारी अभियानमा बचत तथा ऋणका धेरै संस्थाहरू देखिए । सहकारी खुल्ने क्रम बढ्यो तर बचत तथा ऋण सहकारीको मूल्य मान्यताका

विषयमा जानकार भएनन् । संघले बचत ऋण सहकारी सञ्चालनका सिद्धान्त मानिसहरूलाई व्यापक रूपमा सिकाउँदै जानुपर्ने आवश्यकता मैले देखेको छु । धेरै लामो समयदेखि संघले बचत तथा ऋण सहकारी सञ्चालनका सिद्धान्तहरूको विषयमा वकालत गर्दै आएको छ, तर समुदायसम्म यसको सन्देश प्रवाह गर्न कमी भएको हो की भन्ने लाग्छ । त्यसकारण नेफ्स्कूनले सहकारी भित्र र सहकारीसँग सरोकार राख्ने सरोकारवाला निकायहरूसम्मलाई सहकारीको मूल्य मान्यता र सिद्धान्त को बारेमा जानकारी गराउन जोड दिनुपर्छ । सदस्य सम्बन्ध, सन्तुष्टी र सरकारसँगको नीतिगत बहश पैरवीमा संघले जोड दिइरहेको छ, तर मुख्य कुरा बचत ऋण सहकारीको सिद्धान्तकै विषयमा मानिसहरू जानकार नभएका हुन् अथवा कमजोरी के हो ? त्यसलाई पहिचान गरेर संघ अगाडि बढोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

❑ ❑ ❑



**मीनराज कंडेल**
पूर्व अध्यक्ष
नेफ्स्कून
नेतृत्व अवधिः
वि.स. २०६४/०८/१६ देखि २०७०/०९/०५ सम्म

२०७७ साल श्रावण ३२ गते नेफ्स्कूनको ३३औं स्थापना दिवस मनाउन गइरहेका छौं । खासगरी साकोस अभियान नेपालको बचत ऋण सहकारी अभियानको छाता संघ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ३२ वर्ष पुरा भएर ३३औं वर्ष प्रवेशको अवसरमा नेफ्स्कून र सिङ्गो साकोस अभियानप्रति उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै साकोस अभियानले छरिएर रहेका पूँजीलाई एकृत्रित गरेर सदस्य, समुदाय र मुलुककै आर्थिक सामाजिक विकासमा योगदान पु¥याउन सफल भएको छ, यसलाई अझै प्रगतिपथमा अगाडि लान सकोस् र नेपाल भरिका बचत तथा ऋण सहकारी संस्थाहरूलाई एउटा प्रणालीको रूपमा विकास गर्दै अन्तर्राष्ट्रिय दर्शन, सिद्धान्त र मूल्य भित्र रहेर पद्धतिसँगत ढंगले सहकारी अभियानलाई अझ अगाडि बढाउन नेतृत्वको भूमिका अब्बल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**नेतृत्वको अबको भूमिका :**

नेफ्स्कूनले साकोस अभियानलाई अगाडि बढाउँदा यसको मुख्य काम नै बहश पैरवीको काम हो । केन्द्रीय संघले सिङ्गो बचत ऋण सहकारी अभियानलाई प्रभावकारी र व्यवस्थित रूपमा अगाडि लैजानको लागि सरकार अर्थात राज्य पक्षका यी तिनै तहका स्थानीय, प्रदेश र संघीय सरकारसँग बहश पैरवी गर्दै सहकारीमैत्री ऐन नियमहरू निर्माण गर्नका लागि कानूनी वातावरण तयार गर्दै यसलाई अगाडि वढाउन पहल गर्नुपर्छ ।

नेपालको संविधान, २०७२ ले सहकारी क्षेत्रलाई जुन महत्व दिएको छ, खासगरी सार्वजनिक, नीजि र सहकारी मुलुकको आर्थिक सामाजिक विकासका स्तम्भहरूको रूपमा उल्लेख गरिएको सन्दर्भमा तीनै तहका सरकारहरू (अनुसूची ५ देखि ९ सम्मको संबैधानीक व्यवस्था) र तीनै तहको साझा कार्यक्रममा सहकारी परेको र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा कार्यसूचिमा १ नम्बरमा सहकारीलाई राखिरहेको सन्दर्भमा सहकारी क्षेत्रको योगदान कम भैरहेको छ, यसलाई हामीले महत्वका साथ अझ माथी उठाउनुपर्ने जरूरी छ ।



साकोस अभियानका सदस्यहरूसँग रहेको पूँजीलाई व्यवस्थित रूपमा परिचालन गर्दै आफ्ना सदस्य र समुदायको उत्पादन वृद्धि, रोजगारी सिर्जनामा पहल गर्दै सहकारी अभियानमार्फत सदस्यहरूको जीवनस्तर बदल्न र संयुक्त राष्ट्रसंघले अगाडि सारेको दीगो विकास लक्ष्य पुरा गर्न र नेपालको बचत ऋण अभियानको नेतृत्व गर्दै अभियानलाई माथी उठाउन मुख्य भूमिकामा रहनुपर्छ । सहकारी क्षेत्रका तमाम् नेतृत्व तहमा रहने व्यक्तिहरू, व्यवस्थापन तहमा रहने व्यक्तिहरू र सबै सदस्यहरूलाई सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त र मूल्य भित्र रहेर तालिम शिक्षा र प्रविधिको माध्यमबाट अगाडि बढ्न् संघले सदस्यहरूलाई हौसला प्रदान गर्नुपर्छ । यो बदलिँदो परिस्थितिमा प्रविधिमैत्री ढंगले अगाडि बढाउने सन्दर्भमा नगद रहित कारोवारका लागि स्थानीय तहमा परेको बजेटको प्रभावकारी सदुपयोग भए नभएको सम्बन्धमा पनि संघले आफ्नो भूमिकालाई क्रियाशिल बनाउनुपर्छ । अबको समय प्रविधि प्रयोगको समय हो । साकोस अभियानलाई प्रविधिमैत्री बनाउनमा यस संघले नेतृत्व गर्न साकोस्, म हार्दिक शुभकामना भन्न चाहन्छु ।



**ऋषिराज घिमिर**
पूर्व अध्यक्ष
नेफ्स्कून
नेतृत्व अवधिः
वि.स. २०७०/०९/०६ देखि २०७३/०९/०२ सम्म

**पारिवारिक विमर्श र समाधानको खोजी**

नेफस्कूनको भावी यात्रा त्यती सजिलो छैन । बजारमा अनगिन्ति प्रतिस्पर्धीहरू मौलाई सकेका छन् । वाणिज्य र विकास बैंकहरू भन्दा लघुवित्त बैंकहरू सहकारीका लागि चुनौतीयुक्त छन् र सहकारी अभियानकै प्रतिस्पर्धीको रूपमा ग्रामिण भेगमा सेवारत छन् र यिनीहरूलाई राष्ट्र बैंकको समेत प्रत्यक्ष संरक्षण गरेको छ । कतिपय सहकारीका नेतृत्व वर्गहरू सहकारीमा आफ्नो भविष्य अन्यौल देखेर लघुवित्त बैंकतिर लागिसकेका छन् । अब नेफ्स्कूनले पारिवारिक विमर्श र समाधानको खोजी पहिल्याउनु पहिलो प्राथमिकता हो । अभियानले अधिकाधिक सदस्यसँग लक्ष्ययुक्त र विषय केन्द्रित छलफललाई अगाडि बढाउनुपर्छ, तवमात्र "सहकारीको पैसा सहकारीमा" भन्ने नारालाई मूर्तरूप दिन सहज हुनेछ र विविध परिवर्तन सम्भव छ । यस बाहेक हरेक मुद्दामा सरकारको हैन अभियानका अगुवाको साथ आवश्यक हुन्छ, अभियान एकमत भएमा सरकारको साथ स्वतः रहनेछ । तसर्थ, सहकारी अघिअघि सरकार पछिपछि भन्ने भनाईलाई आत्मसाथ गरियो भने एकाकार हुन समय लाग्ने छैन ।

**एकीकरण र अनुगमन**

बचत तथा ऋण सहकारीहरूको यथोचित एकीकरण गर्दै, गराउँदै अनुगमन कार्यलाई तीव्रता दिनु उत्तिकै जरूरी छ । ख्याल गर्नुपर्ने कुरा के छ भने अनुगमन भनेको छड्के जाँचको रूपमा नलिई बरू यसबाट सदस्यहरूलाई मार्गदर्शनको सुनिश्चितता दिनुनै सार्थक प्रविधि हुनेछ । अनुगमनलाई सदस्य संस्थाहरूले बोझको रूपमा नलिने वातावरणको सिर्जना गर्नु संघको हितमा हुने र त्यसका लागि संघका कर्मचारीहरूलाई आवधिक तालिम प्रदान गरी नविनतम खोजप्रति उत्प्रेरित गर्नुपर्छ । संस्थाहरूका लागि विविध दस्तावेजको निर्माण गर्दा व्यवहारिक पक्षलाई सूक्ष्म रूपले ध्यान दिनु पर्ने हुन्छ । साथै, जीवन्त अनुगमनका लागि नेफ्स्कून भित्र दक्ष जनशक्ति र भरपर्दो प्रविधि संरचनाको निर्माण हुनु उत्तिकै जरूरी छ ।

**मानवश्रोतको विकास, सम्वर्द्धन र संरक्षण**

परिकल्पनाकार नेतृत्ववर्गहरू नै भएपनि उनीहरू अतिथि जस्ता देखिनु स्वभाविक नै हो किनकि उनीहरू हस्याङ फस्याङ गर्दै आउछन र हतारमै फर्कन्छन् । त्यसैले व्यवस्थापन पक्ष भनेको स्थायी नेतृत्व हो जसले संस्थाको भित्रीभागमा रहेर आन्तरिक जिम्मेवारी पनि बहन गर्दै आत्माको रूपमा काम गरिरहेको हुन्छ र उनीहरूलाई सल्लाह तथा परामर्श दिई उनीहरूको मनोवल उच्च राख्ने काम विषेशतः नेतृत्ववर्ग कै हुन्छ । आवधिक तालिम, वेतन, भत्ता सुविधा, कार्य सम्पादनको आवधिक मूल्यांकन, राम्रो कामका लागि इनाम वा उत्प्रेरित गर्ने कार्य, गलत गर्नेका लागि समय नपर्खिकन तत्काल कारवाही लगायत अनगिन्ती विषयहरूमा सुक्ष्म रूपले व्यवस्थापन गर्दै कर्मचारीहरूलाई टिकाई राख्ने उपायहरूको खोजी गर्नु पर्ने जिम्मा वर्तमान नेतृत्व वर्गको काँधमा छ ।

**ऐक्यवद्धता बचतको विकास**

सदस्य संघ, संस्थाहरूमा रहेको निष्कृय सम्पति वा ब्याज नकमाउने रकमको केही अंश बचतको रूपमा छाता संगठनमा राख्नका लागि अभियानलाई प्रेरित गर्ने हो भने अभियानको वित्तीय सुरक्षाका लागि कतै गुहार माग्नु पर्ने अवस्था रहँदैन । यसका लागि अभियानका नेतृत्ववर्गहरूको विश्वास र अभियान प्रेरित बन्ने वातावरण बने सबैंकुरा सम्भव हुन्छ ।

**स्थिरीकरण कोषको व्यवस्थामा परिमार्जनको पहल**

अभियानको स्वामित्व, रेखदेख र नियन्त्रणमा रहने गरी स्थिरीकरण कोषको मौजुदा व्यवस्थामा ऐन संशोधन हुनु जरूरी छ । सदस्यको वित्तीय योगदान कूल सम्पतिको आधारमा हुने व्यवस्था लगायत सञ्चालन समितिमा अधिक प्रतिनिधित्व योगदानी सदस्यहरूकै रहेमा अभियानको अपनत्व ग्रहण हुनेछ । यसैले, यसमा जम्मा हुने पैसा "सदस्यको र सदस्यकैलागि" (Members' and for Members) हो भन्ने नैसर्गिक मर्म राज्यलाई बुझाउन नेफ्स्कूनका नेतृत्ववर्गले खरो वहस पैरवी गर्नुपर्ने हुन्छ ।



**क्रेडिट युनियन ऐनका लागि बहस पैरवी**

बचत ऋण सहकारीलाई स्वच्छता दिने हो भने अब क्रेडिट युनियन ऐन (Credit Union Act) नै भनेर अघि बढ्नु आवश्यक छ । वित्तीय कारोवार गर्ने भएकोले क्रेडिट युनियनलाई सहकारी मात्र हैन त्यो भन्दा अधिक हो (Credit Unions are more than Cooperatives) पनि भनिन्छ । हामीलाई थाहा छ सहकारीका केही माथिल्ला व्यक्तिहरू र सरकारी निकायका केही व्यक्तिहरू यसको विरोधमा छन्, यो स्वभाविक पनि हो किनकि उनीहरूमा यस्तो ऐनको वारेमा भित्री मर्मको ज्ञानको कमी छ । यस्तोमा हामी धेरै खुसि हुनुपर्छ किनभने यहाँ प्रशस्त अवसर छ । उनीहरूलाई बुझाउनका लागि थप प्रमाणहरू र यथेष्ट सामाग्रीहरू तयार पारेपछि मात्र बहस पैरवीमा जानु पर्ने संकेत हो यो । तसर्थ, अरूले के भन्छन् त्यो गौण हो तर अभियान के भन्छ त्यो महत्वपूर्ण हो, त्यसैले, स्मरण रहोस् अभियानका लाखौं सदस्यका पैतालाहरू शिरमा राखेर बुलन्द आवाज गरौं, सफलताले आफैं ढोका ढक्ढक्याउन आईपुग्नेछ तर यसका लागि दिमागबाट मात्र हैन दिलबाट पनि समर्पित हुनु जरूरी छ । अभियानलाई शिरमा राखेर दिमाग र दिल दुवैबाट समर्पित बन्न सकौं ! नेफ्स्कूनको ३३औं वार्षिकोत्सवको सबैमा यही शुभकामना व्यक्त गर्दछु ।

❑ ❑ ❑

---



**डी.बी. बस्नेत**
निवर्तमान अध्यक्ष
नेफ्स्कून

**नेतृत्व अवधिः**
वि.स. २०७३/०९/०३ देखि २०७६/०९/०५ सम्म

नेपालको बचत ऋण अभियानको एक मात्र अभिभावक संघ हो नेफ्स्कून । नेफ्स्कून आज ३३औं वर्ष प्रवेशको अवसरमा छ, आज जुन रूपमा संघले साकोस अभियानलाई एउटा निश्चित गन्तव्यमा पुऱ्याउने लक्ष्यका साथ अगाडि बढेको छ, अभियानको उच्चतालाई कायम गर्दै जुन उचाइ हासिल गरेको छ, त्यसमा अग्रजहरूको मार्गनिर्देशन र बर्तमान नेतृत्व पंक्ति र व्यवस्थापन कर्मचारीहरूको लगन र प्रतिवद्धता महत्वपूर्ण छ । नेफ्स्कूनको ३३औं वर्ष प्रवेशको अवसरमा संघ र संघ आवद्ध सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरूप्रति हार्दिक शुभकामना साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । संघको यस ३३औं वर्ष प्रवेशसँगै नेपालको बचत अभियानमा नेफ्स्कूनको ओजपूर्ण उपस्थिति रहोस्, नेपालका सबै बचत तथा ऋण सहकारी संस्थाहरूलाई संघको छाताभित्र ल्याएर साकोसहरूको दीगो विकास प्रवर्द्धन तथा गुणस्तर सुनिश्चितता कायम गर्न सफलता मिलोस् यही शुभकामना व्यक्त गर्दछु ।

**नेतृत्वको अबको भूमिका :**

सर्बप्रथम त संघले बचत ऋण सहकारी अभियानलाई व्यवस्थित र सुशासित बनाउन बचत तथा ऋण सहकारी ऐन ल्याउने विषयमा पहिलो पहलकदमी अगाडि बढाउनुपर्छ । यसका साथै संघले साकोस गुणस्तर प्रमाणीकरणका लागि सहकारी विभाग र भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग समन्वय गर्दै गुणस्तर प्रमाणीकरणमा धेरैभन्दा धेरै साकोसहरूको संम्लग्नताका लागि जोड दिनुपर्छ । सदस्य सूचना सेवालाई अनलाईन प्रणालीमा जोड्ने, वृहत साकोस सफ्टवयरको विकास, साकोसको सेवा र प्रविधिको विकास, साकोस एकरूपता प्रणाली विकासका लागि जिल्लाहरूको छनौट गरी अभिमुखीकरण कार्यक्रम आयोजनाको विषयमा संघ जोडादार रूपले लाग्नुपर्छ ।

संघको तालिम केन्द्रका लागि भवन निर्माणमा प्रदेश तथा संघीय सरकारसँगको समन्वय गर्ने, संघले संस्थाले नेफ्स्कूनमा राखेको बचतको ब्याजकर छुट, बचतलाई तरलतामा गणना गर्न पाउने प्रावधान, कर्जा सूचना केन्द्र निर्माणमा महत्वपूर्ण पहल तथा अग्रसरता लिनुपर्छ भन्ने लाग्छ । संघले अभियानसँगको ऐक्यवद्धता, समन्वय र सहकार्यलाई निरन्तरता दिन सके अभियानको विकास र प्रवर्द्धनका क्रममा आइपर्ने समस्याहरूको सहजै समाधान गर्न सकिन्छ भन्नेमा पूर्ण विश्वासको वातावरण कायम गर्नुपर्छ ।

❑ ❑ ❑



# ९८औं अन्तर्राष्ट्रिय सहकारी दिवस

जुलाई महिनाको पहिलो शनिबार अर्थात ९८ औं अन्तर्राष्ट्रिय सहकारी दिवस विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो । यस वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवसको विषयवस्तु कोप फर क्लाइमेट एक्सन (जलवायु कार्यका लागि सहकारी) तय गरिएको थियो । असार २० गते परेको अन्तर्राष्ट्रिय सहकारी दिवसका अवसरमा विश्वभरका सहकारीहरूको छाता संगठन-अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) लगायत सदस्य मुलुकका सहकारी संघसंस्थाहरूले जनचेतना, शिक्षा, सम्मान र प्रतियोगितात्मक कार्यक्रमको आयोजना गरी मनाएका थिए ।

कोभिड-१९ को विश्वव्यापी महामारीका कारण सीमित व्यक्तिहरू माँझ भौतिक दूरी कायम गरी र अन्यसँग भर्चुअल माध्यममार्फत जोडिएर अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइएको आईसीएले जनाएको छ ।


सन् १९९२ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) र सहकारी प्रवर्द्धन तथा विकास समिति (कोप्याप) सदस्यहरूको संयुक्त पहलका कारण संयुक्त राष्ट्र संघीय महासभाले सन् १९९५ को प्रथम शनिबार आईसीए स्थापनाको १ सय वर्ष पूरा भएको अवसरलाई अन्तर्राष्ट्रिय सहकारी दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । त्यसयता आईसीए र राष्ट्र संघले उक्त दिवसका लागि सहकारी प्रवर्द्धन तथा विकास समिति (कोप्याप) मार्फत विषयवस्तु (थिम) तयार पार्दै आएको इतिहास छ ।

सहकारीको सैद्धान्तिक पक्षमा पर्यावरणीय पक्षलाई प्रधानता दिएसँगै यसको महत्व झन विस्तारित भएको हो । यो वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवसको विषयवस्तु संयुक्त राष्ट्र संघले सन् २०१६ देखि २०३० सम्मका लागि तय गरेको दीगो विकासका १७ लक्ष्यहरूसँग पनि जोडिएको छ । लक्ष्य नं १३ जलवायु कार्य हो जसलाई नै यस वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवसको विषयवस्तु बनाइएको छ ।

जलवायु परिवर्तनका कारण उत्पन्न परिस्थितिसँग डटेर सामना गर्न सहकारी क्षेत्रले नीतिगत व्यवस्था गर्नुपर्ने धारणा आईसीएको रहेको छ । नीतिगत व्यवस्थामार्फत सामाजिक, आर्थिक र पर्यावारणीय असरहरू न्यूनकिरणमा ठोस् कदम चालिनु पर्दछ भन्ने उसले जनाएको छ । यस सम्बन्धमा व्यापक प्रचारप्रसारका माध्यमबाट शिक्षा र चेतना फैलाउने साझा ऐक्यवद्धता अत्यावश्यक भैसकेको आईसीएले जनाएको छ । महासंघले जलवायु परिवर्तन विरूद्ध सम्पूर्ण सहकारी क्षेत्रलाई सहकार्यका लागि आव्हान समेत गरेको छ ।

# नेपालमा हुने तय भएको अकु फोरम-२०२० स्थगित

नेपालमा हुने तय भएको एशियाली ऋण महासंघ-अकुको ३९ औं वार्षिक साधारण सभा तथा अकु फोरम-२०२० हाल जारी कोभिड-१९ महामारीका कारण स्थगित गरिएको छ । अकुकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भी. सानरोके (लेनी) ले इमेल मार्फत उक्त जानकारी गराउनु भएको हो । अकु फोरम-२०२० आगामी सेप्टेम्बर २१ देखि २७ सम्म काठमाडौंमा गर्ने तय भएकोमा नेपाल लगायत अधिकाशं मुलुकमा विद्यमान कोरोना भाइरसको महामारी र लम्बिदो लकडाउनका कारण रद्द गर्नुपरेको अकुले जनाएको छ ।



उक्त इमेलमा कोरोना भाइरसको सरूवा दर, रोकथामका उपायहरूको प्रभावकारीता र खोपको भ्याक्सिन विकासको सम्भावना आदि कारणले गर्दा अपेक्षा नगरिएको यो महामारी कहिले समाप्त हुने भविष्यवाणी गर्न नसकिने बताइएको छ । सदस्य राष्ट्रहरू हाल लकडाउनमा वा स्वास्थ्य आकस्मिकतामा रहेको उल्लेख गर्दै अकुले लकडाउन खुले पश्चात पनि कडा यात्रा प्रतिबन्धको सम्भावना रहेकोले अकु फोरम हाललाई नेपालमा गर्न सम्भावना नरहेको स्पष्ट पारेको हो । अकुले आफ्ना लक्षित सहभागीहरू कम्तीमा पनि आगामी १ वर्षका लागि यात्रा योजना गर्न असमर्थ हुने भएकाले फोरम रद्द गर्नुपरेको उल्लेख गरेको छ । वार्षिक साधारण सभाको अनलाईन व्यवस्थाका सम्बन्धमा भने सदस्यहरूलाई पछि जानकारी गराउने भन्दै अकुले महामारी अन्त्यपछि निकट भविष्यमा नेपालमै फोरम आयोजनाको अवसर अपेक्षा गरेको समेत जनाएको छ ।

# एशियाली ऋण महासंघ र सदस्य राष्ट्रका केन्द्रीय संघका प्रतिनिधिहरु बीच भर्चुअल बैठक

कोभिड १९ महामारीबाट साकोसका सदस्यरूहलाई परेको असर र समस्या समाधानका लागि गर्नुपर्ने तयारीका सम्बन्धमा बैशाख २६ गते एसियाली ऋण महासंघ (अकु) का प्रमुख कार्यकारी अधिकृत एलिनिता भि.सानरोक्यू को संयोजकत्वमा सदस्य राष्ट्रका केन्द्रीय संघका प्रतिनिधिहरूसँग अनलाईन (भर्चुअल) बैठक सम्पन्न भएको छ ।




बैठकमा नेपाल, थाइल्याण्ड, इन्डोनेसिय, फिलिपिन्स, महाराष्ट्र भारत लगायत राष्ट्रका केन्द्रीय संघका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नेपालको तर्फबाट नेफ्स्कूनका उपाध्यक्ष शान्ति ढकाल अधिकारी, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सरिता भट्टराई, नेफ्स्कूनका बरिष्ठ अधिकृत बल्लभ तिमल्सिना र कार्यक्रम अधिकृत शान्ति अधिकारीको सहभागिता रहेको थियो ।

विश्व भरी महामारीको रूप लिएको कोभिड १९ का कारण सहकारीमा परेको असर, सम्भावित आर्थिक मन्दीसँग जुध्नका लागि गर्नुपर्ने तयारी र यसमा केन्द्रीय संघको भूमिकाको विषयमा छलफल केन्द्रीत रहेको थियो । छलफलका क्रममा सबै उपस्थित राष्ट्रका क्रेडिट यूनियनका प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रमा देखिएका समस्या बारे जानकारी गराउनुभएको थियो । नेफ्स्कूनका उपाध्यक्ष अधिकारीले सहकारी क्षेत्रमा प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास, सदस्यहरूसँगको प्राविधिक पहुँच विस्तारको आवश्यकता र साकोसबाट लघु ऋण लिएर उद्यम व्यवसाय गरिराखेका सदस्यहरूको समस्याका सम्बन्धमा विचार प्रस्तुत गर्नुभएको थियो ।

साथै बैठकले एशियाली ऋण महासंघको विजनेश सोलुसन २७ को मस्यौदामा समेत छलफल गरेको छ । यो सोलुसनमा सहकारीहरूले कोभिड-१९ जस्ता महामारीको व्यवस्थापन गर्न के गर्न सक्छन् भन्ने विषयहरू समावेश गरिएको छ । बैठकबाट प्राप्त सुझावका आधारमा यसलाई अन्तिम रूप दिएपछि महासंघले आफ्ना सदस्य संघहरूमा जारी गर्ने जनाएको छ ।

❑ ❑ ❑

साकोस आवाज
सहकारी सँगै सञ्चार
कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।
Like Comment Share
यदि तपाईंसँग कुनै समाचार भएमा : adcom@nefscun.org.np मा पठाउनुहोला ।

# स्थिरीकरण कोष : सहकारीमा जोखिम न्यूनीकरणको अचूक अस्त्र



**शिव कुमार अधिकारी**

अधिवक्ता
नेफ्स्कून

सहभागी संस्थाको तरलता कायम राख्न सम्बन्धित सहभागी संस्थाको योगदानको दश गुणा वा कोषको जम्मा स्रोतको दश प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको बीस प्रतिशत वा निर्धारित सापटी आवश्यकताको १०० प्रतिशत रकमको सीमामा जुन घटी हुन्छ सोसम्म कोषबाट सापटी दिन सकिने ।

स्थिरीकरण कोष (Stabilization Fund) लाई सहकारी अभियानको स्थायित्वका लागि विश्वासिलो सुरक्षा कवच एवं संस्थाको वित्तीय स्वास्थ्य र साख सिर्जनाको लागि भरपर्दो आधार मानिन्छ । यसलाई समग्र अभियानको जगेडा कोष समेत भन्ने गरिएको छ । अन्तर्राष्ट्रिय रूपमा विगत लामो समयदेखि यस प्रकृतिका कोष खडा गरी सहकारी अभियानलाई सुरक्षाको प्रत्याभूति दिने प्रयास भएको पाइन्छ । पछिल्ला दिनमा अमेरिकामा स्थिरीकरण कोषलाई बीमा प्रणालीमा आवद्ध गरिएको छ, जुन योगदानमा आधारित हुन्छ । सहकारी संस्थामा उत्पन्न हुनसक्ने संकटमा वित्तीय सहयोग जुटाई सम्भावित जोखिमबाट जोगाउन सवल संस्थाहरू एकआपसमा मिली कोष स्थापना गर्ने सम्बन्धमा सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ ले कानूनी व्यवस्था गरेको छ । साथै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । यस व्यवस्थाबाट सहकारी संस्थाहरूको सामुहिक ऐक्यवद्धतामा एक वा केही संस्थालाई टाट उल्टनबाट जोगाउन सकिन्छ । यसले हामी सामुहिक रूपमा मिलेर सहकारी पद्धतिको संरक्षण गर्न सक्दछौ भन्ने भावको विकास गर्न सक्दछ ।

वित्तीय कारोवार आफैमा जोखिममा आधारित हुन्छ, संस्थामा हरबखत खतराको घण्टी झुण्डिरहेको हुन्छ । वित्तीय सूचकहरू सकारात्मक रहेको संस्थामा पनि आकस्मिक रूपमा संकट आइपर्न सक्दछ । विभिन्न प्राकृतिक तथा दैवी विपत्ति, महामारी, दुर्घटना एवं राजनीतिक परिवर्तनजस्ता आकस्मिक परिघटनाहरू र संस्थाको आन्तरिक व्यवस्थापन र वित्तीय कारोवारमा हुने असन्तुलन एवं अनियमितताका कारण संस्थामा घडी पला नहेरी हठात वित्तीय समस्या सिर्जना हुन सक्दछ । संस्थाको विनियम तथा नीतिगत व्यवस्था बमोजिम सदस्यहरूको बचत रकम फिर्ता गर्न, संस्थाको गतिविधि सञ्चालन गर्न र सदस्यलाई ऋण सापटी प्रदान गर्न कुनै संस्था असमर्थ भयो भने त्यसलाई संस्थामा वित्तीय संकट उत्पन्न भएको मान्न सकिन्छ । यस्तो अवस्थाबाट

संस्थालाई जोगाउनका लागि स्थिरीकरण कोषको आवश्यकता छ ।

बैंक तथा वित्तीय संस्थाहरूको स्थायित्व र सवलीकरणका लागि नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत तरलता व्यवस्थापनका साथै बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा तथा पूनरकर्जा सूबिधा उपलब्ध गराई सहयोग गर्नुका अलावा संकटग्रस्त वित्तीय संस्थालाई विभिन्न उपचार विधि मार्फत त्यस्ता संस्थाको वित्तीय स्वास्थ्यलाई अनूकुल बनाउने कानूनी व्यवस्था छ । तर, सहकारी ऐन, २०७४ लागु हुनु पूर्व सहकारी संस्थामा वित्तीय संकट आएको अवस्थामा त्यसबाट जोगाउने कुनै व्यवस्था थिएन । त्यसैको निराकरणका लागि हाल स्थिरीकरण कोष सम्बन्धी नयाँ अभ्यासको थालनी गरिएको छ । यसको प्रभावकारी परिचालन गर्न सकिएमा नेपालको सहकारी आन्दोलनको सवलीरकणका लागि यो एक कोषेढुंगा सावित हुन सक्दछ ।



सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ ले स्थिरीकरण कोषका सम्बन्धमा गरेका केही महत्वपूर्ण व्यवस्थाहरूबारे तल चर्चा गर्ने प्रयास गरिएको छ ।

### कोषको स्थापना

बचत तथा ऋण सहकारी संस्थाहरूको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन् । कोषमा इच्छुक सहकारी संस्था, बचत तथा ऋण विषयगत केन्द्रीय सहकारी संघमा सदस्य रहेका सहकारी संस्था, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल राष्ट्र बैंक, मन्त्रालय नेपाल सरकारका अन्य निकाय र अन्तर्राष्ट्रिय सहकारी संघहरूको योगदान रहन सक्नेछ । स्थिरीकरण कोष बचत तथा ऋण विषयगत केन्द्रीय संघ (नेफस्कून) मा रहने व्यवस्था छ ।

केन्द्रीय विषयगत संघ (नेफस्कून) को संयोजकत्वमा कम्तीमा दुई आर्थिक वर्ष कार्यसञ्चालन गरी वार्षिक लेखापरीक्षण सम्पन्न गराएको, तोकिएको समयभित्रै अघिल्ला दुई वर्षको वार्षिक साधारण सभाका बैठक सम्पन्न गरेको, कर्जा वर्गीकरण गरी आवश्यक कर्जा नोक्सानी व्यवस्था गरेको, कुल सम्पतिको न्यूनतम पाँच प्रतिशत संस्थागत पूँजी रहेको (कोष सञ्चालन समितिले दुई दशमलव पाँच प्रतिशत भन्दामाथि संस्थागत पूँजी भएका संस्थालाई समेत तीन वर्षभित्र पाँच प्रतिशत संस्थागत पूँजी पुर्याउने शर्तमा सदस्यता दिन सक्ने), अघिल्ला दुई आर्थिक वर्षहरूमा घाटामा नगएको तथा सञ्चित घाटा नभएको, मन्त्रालयबाट स्वीकृत एकीकृत मानदण्ड अनुसार उच्च जोखिममा नरहेको, निवेदन दिँदाका बखत नियामक निकायको निगरानी सूचीमा नपरेको वा शीघ्र सुधार कारवाहीमा सूचीकृत नभएको र विभागले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भएका कम्तीमा तीस वटा संस्थाहरूको प्रारम्भिक भेला गरी कोष स्थापनाको निर्णय गर्नु पर्नेछ । कोष खडा गर्ने निर्णय गर्दा कोषको प्रयोजन, कोषमा सहभागिताका शर्त बन्देज, कोषको रकमको उपयोग, लेखापालन, लेखापरीक्षण र कोष सञ्चालनसम्बन्धी व्यवस्था, आवश्यक न्यूनतम प्रारम्भिक योगदान दश करोड रूपैयाँ पुग्ने गरी इच्छुक सहकारी संस्था वा निकाय प्रत्येकका तर्फबाट जम्मा गर्ने गरी सहमति जनाइएको रकमको विवरणसहित त्यस्तो रकम जम्मा गर्नुपर्ने मिति र केन्द्रीय विषयगत संघले कोषमा प्रारम्भिक योगदानवापत प्राप्त हुने रकम कोषको खाता नखुल्दासम्मका लागि सो संघका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी राष्ट्रिय सहकारी बैंक वा 'क' वर्गको वाणिज्य बैंकमा संघको नामको छुट्टै खातामा राखी कोष खडा गर्ने विषय स्पष्ट उल्लेख हुनुपर्ने व्यवस्था रहेको छ ।

उल्लेखित व्यवस्था बमोजिम नेफस्कूनको अगुवाई र संयोजनमा २०७६ माघ २७ गते काठमाडौंमा प्रारम्भिक भेला आयोजना गरी स्थिरीकरण कोष स्थापना गरी कोष सञ्चालनमा आइसकेको छ ।

### सञ्चालन समितिको गठन

कोषको सञ्चालन समितिमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कून) का अध्यक्ष र कार्यकारी प्रमुख क्रमशः समितिको अध्यक्ष र सदस्य-सचिव रहने, समितिको सदस्यमा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी बैंकका प्रतिनिधिका साथै सहभागी सहकारी संस्थाका अध्यक्षमध्येबाट कोष सञ्चालन समितिले मनोनयन गरेका कम्तीमा एक जना महिलासहित दुई जना सदस्य रहने व्यवस्था छ । सो व्यवस्था बमोजिम कोष सञ्चालन समिति गठन भई कार्य

सञ्चालन समेत प्रारम्भ भैसकेको छ ।

सञ्चालन समितिले मन्त्रालयको स्वीकृतिमा कोष सञ्चालनका लागि अन्य आवश्यक कार्यविधिहरू बनाउने, कोषको स्रोत परिचालन योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, कोषको कार्यविशेषमा उपसमिति गठन गरी प्रतिवेदन लिने तथा निर्देशन दिने, कोषका सरोकारवालाहरू बीच सहकार्य तथा समन्वय गर्ने, लेखापरीक्षक नियुक्त गर्ने, वार्षिक लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका त्रुटी सुधार एवं बेरूजु फछ्र्यौट गर्ने, गराउने, मन्त्रालयको स्वीकृति लिई समान उद्देश्य भएका अन्तर्राष्ट्रिय वा वैदेशिक निकाय वा विकास साझेदारहरूसँग अनुभव आदानप्रदान एवं सहयोग प्रवर्द्धन गर्ने, विभागबाट स्वीकृत प्रमाणीकरण प्रणालीसमेतका आधारमा सहभागी संस्थाहरूको वित्तीय जोखिमावस्थाको निरन्तर जानकारी राखी तदनुसार सम्भावित समस्या टार्न सम्बन्धित सहभागी संस्थासँगको परामर्शमा तय भएबमोजिम तरलता सापटी व्यवस्था लगायतका निरोधात्मक उपायहरू अपनाउन पहल लिने, कोषमा सहभागी नभएका संस्थाहरूलाई सहभागी हुन अभिप्रेरित गर्ने गरी प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्ने, उपसमिति, अध्यक्ष वा कोष प्रमुखलाई आवश्यकता अनुसारको अधिकार प्रत्यायोजन गर्ने, मन्त्रालयबाट दिइएका निर्देशनको कार्यान्वयन गर्ने, गराउने र कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्यहरू गर्ने जस्ता समितिका काम, कर्तव्य र अधिकारहरू परिभाषित गरिएको छ ।

### कोषको स्रोत

(क) सहभागी संस्थाहरूले प्रारम्भिक योगदानवापत जम्मा गरेको रकम,

(ख) कोषमा सहभागी संस्थाहरूबाट वार्षिक योगदानवापत प्राप्त हुने रकम,

(ग) सहकारी संस्था र निकायको योगदानवापत प्राप्त हुने रकम,

(घ) नेपाल सरकारले मन्त्रालयमार्फत उपलब्ध गराउने रकम,

(ङ) कोषको सापटी शुल्क, बैंक खाताको ब्याजलगायतको आम्दानीको रकम,

(च) कोषको सापटी फिर्ता वा खर्च शोधभर्नावापत प्राप्त हुने रकम र

(छ) कोष परिचालनका क्रममा प्राप्त हुने अन्य कुनै रकम ।

### कोषमा रकम संकलन

स्थिरीकरण कोष खडा गर्दा न्यूनतम दश करोड रूपैयाँको प्रारम्भिक योगदान आवश्यक हुने वाध्यकारी व्यवस्था गरिएको छ । कोषमा सहभागी सहकारी संस्थाले कुनै वर्षको खुद बचत रकमबाट कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत्प्रतिशत मानी सोबाट कम्तीमा पच्चिस प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शत्प्रतिशत मानी कम्तीमा पाँच प्रतिशत रकमको दरले स्थिरीकरण कोषमा छुट्याउनु पर्नेछ । कोष खडा गर्दा वा कोषको रकम उपयोग भएका कारण सहभागी सहकारी संस्थाका साथै अन्य निकायको योगदान वापतको रकमले मात्र न्यूनतम आवश्यक मौज्दात रकम नपुग्ने भएमा नेपाल सरकारले नपुग भएजति रकम मन्त्रालयको तर्फबाट थप योगदान वापत दिन सक्ने र यसरी नेपाल सरकारले दिएको रकम कोषमा सहभागी सहकारी संस्थाका साथै अन्य निकायको योगदानवापतको रकम परिपूर्ति हुँदै जाँदा नेपाल सरकारलाई नै फिर्ता गर्नु पर्नेछ । सहभागी संस्थाले प्रत्येक वर्ष साधारण सभा सम्पन्न भएको ६० दिनभित्र वार्षिक योगदान वापतको रकम कोषको बैंक खातामा जम्मा गर्नुपर्ने साथै प्रारम्भिक योगदानवापत जम्मा गरेको रकमबाट सहभागी संस्थाले वार्षिक योगदानवापत जम्मा गर्नुपर्ने रकममा समायोजन गर्न सक्ने व्यवस्था गरिएको छ ।

### कोषको उपयोग तथा परिचालन

कोषको रकम उपयोग गर्दा न्यूनतम मौज्दात रकम (दश करोड रूपैयाँ) कोषमा कायम राख्ने गरी छ महिनाभित्र थप योगदान जुटाएर मात्र

> सहकारी अभियानमा कोषको आवश्यकता विगतदेखि हुँदै आएको भएपनि नेपालको सन्दर्भमा यो नयाँ प्रयोग हो । कोषको आवश्यकता र महत्वका बारे अभियानमा आवद्ध ठूलो पङ्तीमा जानकारीको अभाव देखिन्छ, कोषका बारेमा व्यापक सचेतना अभियान सञ्चालन गर्नु आवश्यक छ । कोषमा रकम जति धेरै संकलन गरी कोषलाई व्यापक र मजवुत बनाउन सकियो त्यतिनै बढी सहभागी संस्थाहरुलाई लाभान्वित बनाउन सकिन्छ ।



उपयोग गर्नु पर्ने व्यवस्था छ । कोषको प्रयोजनका अतिरिक्त स्थिरीकरण कोषको रकममध्येबाट कोषको आम्दानीको निश्चित प्रतिशत ननाघ्ने गरी कोष सञ्चालन समितिले तोकिदिएको सीमासम्म कोषको व्यवस्थापन खर्चको लागि उपयोग गर्न सकिनेछ । समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापन समितिको खर्च र त्यस्तो संस्थाको सञ्चालनको जिम्मेवारी महासंघले लिएको अवस्थामा संस्थाको दायित्व भुक्तानीमा कोषको रकम खर्च भएकोमा सम्बन्धित संस्थाको सम्पत्तिबाट दायित्व भुक्तानी गरेपछि बचत भएमा वा त्यस्ता संस्था पुनः सञ्चालनमा आएपछि फिर्ता गर्न सक्ने अवस्था भएमा कोष सञ्चालन कार्यविधिमा व्यवस्था भएबमोजिम कोषमा फिर्ता गर्नुपर्नेछ । कोषको रकम मुख्यतयाः देहाय बमोजिम उपयोग तथा परिचालन गर्ने व्यवस्था गरिएको छः

**१. तरलता सापटी**

सहभागी संस्थाको तरलता कायम राख्न सम्बन्धित सहभागी संस्थाको योगदानको दश गुणा वा कोषको जम्मा स्रोतको दश प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको बीस प्रतिशत वा निर्धारित सापटी आवश्यकताको १०० प्रतिशत रकमको सीमामा जुन घटी हुन्छ सोसम्म कोषबाट सापटी दिन सकिने । तरलता सापटी सहभागी संस्थाको नगद प्रवाह अनुसार छ महिनासम्मको लागि हुने तर, कोष सञ्चालन समितिले आवश्यक देखेमा तरलता सापटीको अवधि अर्को तीन महिनासम्म थप गर्न सक्नेछ ।

**२. दायित्व भुक्तानी सापटी**

राष्ट्रिय सहकारी महासंघले सहकारी ऐन, २०७४ बमोजिम व्यवस्थापन समितिबाट समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी लिएमा महासंघलाई कोषबाट त्यस्तो सहभागी संस्थाको दायित्व भुक्तानी गरी पुनः सञ्चालनमा ल्याउने प्रयोजनका लागि सम्बन्धित सहभागी संस्थाको योगदानको बीस गुणा वा कोषको जम्मा स्रोतको बीस प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको चालीस प्रतिशत वा निर्धारित सापटी आवश्यकताको एकसय प्रतिशतको सीमामा जुन घटी हुन्छ सोसम्म सापटी दिन सकिने व्यवस्था छ । दायित्व भुक्तानी सापटीको अवधि सहभागी संस्थाको दायित्वको प्रकृतिअनुसार चार वर्षसम्मको हुने तर, कोष सञ्चालन समितिले आवश्यक देखेमा दायित्व भुक्तानी सापटीको अवधि अर्को दुई वर्षसम्म थप गरिदिन सक्ने । संस्थाको दायित्व भुक्तानी गरी पुनः सञ्चालनमा ल्याउनको लागि महासंघले केन्द्रीय विषयगत संघको सहयोग लिन सक्नेछ । महासंघले दायित्व भुक्तानी सापटीको अवधिभित्र कोष सञ्चालन समितिले स्वीकृत गरेको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन प्रस्तावमा निर्धारण गरिए बमोजिम दायित्व भुक्तानी सापटी फिर्ता गर्नु पर्नेछ । यसरी कोषमा फिर्ता गर्नुपर्ने रकम महासंघले समस्याग्रस्त सहभागी संस्थाको दायित्व भुक्तानी गरेपछि बचेको रकमले भ्याएसम्म सापटीको सम्पूर्ण रकम सहभागी संस्थाको जायजेथाबाट शोधभर्ना गर्नु पर्नेछ ।

**३. पुनर्सञ्चालन खर्च सापटी**

सहभागी संस्था समस्याग्रस्त भएको खण्डमा व्यवस्थापन समितिको खर्च व्यहोर्न व्यवस्थापन समितिलाई वा राष्ट्रिय सहकारी महासंघले व्यवस्थापन समितिबाट समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी लिएमा त्यस्तो संस्थाको दायित्व भुक्तानी गरी पुनर्सञ्चालनमा ल्याउने सिलसिलामा लाग्ने प्रशासनिक खर्चवापत महासंघलाई कोषबाट सम्बन्धित सहभागी संस्थाको योगदानको दुई गुणा वा कोषको जम्मा स्रोतको दुई प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको चार प्रतिशत वा निर्धारित पुनर्सञ्चालन खर्च आवश्यकताको असी प्रतिशतको सीमामा जुन घटी हुन्छ सोसम्म रकम सापटी दिन सक्ने व्यवस्था गरिएको छ । पुनर्सञ्चालन खर्च सापटी कोष सञ्चालन समितिले स्वीकृत गरेको अवधिभित्र व्यवस्थापन समितिले पेस गरेको समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापन प्रस्ताव वा महासंघले पेस गरेको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन कार्ययोजनासहितको प्रस्तावमा निर्धारण गरिए बमोजिम व्यवस्थापन समिति वा महासंघको तर्फबाट शोधभर्ना गर्नु पर्नेछ । यसरी कोषमा फिर्ता गर्नुपर्ने

रकम व्यवस्थापन समिति वा महासंघले समस्याग्रस्त सहभागी संस्थाको दायित्व भुक्तानी गरेपछि बचेको रकमले भ्याएसम्म सापटीको सम्पूर्ण रकम सहभागी संस्थाको जायजेथाबाट शोधभर्ना गर्नु पर्नेछ ।

कोषबाट प्रदान गरिएको दायित्व भुक्तानी सापटी वा पुनर्सञ्चालन खर्च सापटी वा सेवा शुल्कको रकम फिर्ता हुन सक्ने अवस्था नरहेको  खण्डमा कोष सञ्चालन समितिले मिन्हा दिन सक्नेछ । तर त्यसरी मिन्हा दिनुअघि त्यस्तो सापटी वा सेवा शुल्कको रकम फिर्ता, शोधभर्ना वा प्राप्त हुन सक्ने अवस्था रहे, नरहेको भन्ने सम्बन्धमा यकिन गर्न उपसमिति गठन गरी सो उपसमितिबाट आधार प्रमाण सहितको प्रतिवेदन लिनु पर्नेछ ।

**४. कार्यसञ्चालन तथा व्यवस्थापन खर्च**

कोषको कार्यालय केन्द्रीय विषयगत संघ (नेफस्कून) मा रहने, कोष सञ्चालन समितिले कोषको कार्यसञ्चालनका लागि कोष प्रमुख र आवश्यक अन्य कर्मचारीको नियुक्ति गर्न सक्ने, यसरी नियुक्ति नभएसम्म नेफस्कूनको कार्यकारी प्रमुखले नै कोष प्रमुखको रूपमा कार्य गर्नेछ र कोषलाई आवश्यक अन्य कर्मचारीसमेत नेफस्कूनले नै व्यवस्था गर्नु पर्नेछ । कोषको आम्दानी नभएसम्म कोष सञ्चालन समितिको खर्च लगायत कोष सञ्चालन खर्च केन्द्रीय विषयगत संघले बेहोर्ने र यसरी भएको खर्चमध्ये सो संघको वार्षिक लेखापरीक्षण प्रतिवेदनसमेतका आधारमा कोष सञ्चालन समितिले प्रमाणित गरेसम्मको खर्च कोषको आम्दानीबाट तोकिएको सीमाको रकमबाट शोधभर्ना दिन सकिने व्यवस्था छ ।

**५. कोषको रकमबाट नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको धितोपत्र खरिद गर्न सकिने**

सहभागी संस्थाको सापटी मागको क्रम हेरी कोषको तरलता बढी रहेको,  कोषमा न्यूनतम मौज्दात (दश करोड रूपैयाँ) कायम रहेको र नेपाल सरकारलाई रकम फिर्ता गर्न बांकी नभएको अवस्थामा कोष सञ्चालन समितिले निर्णय गरेको अनुपात ननाघ्ने गरी कोषको रकमबाट नेपाल सरकारको बचतपत्र, विकास ऋणपत्र वा नेपाल राष्ट्र बैंकको ट्रेजरी बिल लगायतको धितोपत्र खरिद गर्न सकिनेछ ।

**स्थिरीकरण कोषको प्रभावकारिताका लागि ध्यान दिनुपर्ने केही सवालहरूः**

स्थिरीकरण कोष सम्बन्धी केही सैधान्तिक प्रस्थापना र कानूनी प्रावधान सम्बन्धमा माथि चर्चा गरियो । सहकारी अभियानमा कोषको आवश्यकता विगतदेखि हुँदै आएको भएपनि नेपालको सन्दर्भमा यो नयाँ प्रयोग हो । कोषको आवश्यकता र महत्वका बारे अभियानमा आवद्ध ठूलो पङ्तीमा जानकारीको अभाव देखिन्छ, कोषका बारेमा व्यापक सचेतना अभियान सञ्चालन गर्नु आवश्यक छ । कोषमा रकम जति धेरै संकलन गरी कोषलाई व्यापक र मजवुत बनाउन सकियो त्यतिनै बढी सहभागी संस्थाहरूलाई लाभान्वित बनाउन सकिन्छ । हाल कायम गरिएको कोषको न्यूनतम मौज्दात (दश करोड रुपैयाँ) अत्यन्त न्यून भएको भएको हुँदा त्यसलाई क्रमशः वृद्धि गर्नु पर्ने साथै कोषमा सहभागिता सम्बन्धी विद्यमान मापदण्डमा थप लचकता अपनाई बढीभन्दा बढी संस्थालाई कोषमा सहभागी गराई मजवुत कोष निर्माण गर्नु आवश्यक छ ।

कोषको स्थापना, प्रारम्भिक व्यवस्थापन र सञ्चालन एवं परिचालनको सम्पूर्ण प्रकृयामा नेफस्कूनको नेतृत्वदायी भूमिका रहने व्यवस्था गरिएको मात्र नभई प्रारम्भिक खर्च र जनशक्ति व्यवस्थापन समेत नेफस्कूनले नै गर्नुपर्ने व्यवस्था छ । यसरी अभियानको नेतृत्वकर्ता संस्थामा कोषको दायित्व र जिम्मेवारी दिइएको भएतापनि कोष परिचालनमा नेफस्कूनको भूमिकालाई सीमित गरिएको देखिन्छ । जबकी, नेफस्कूनले कोष व्यवस्थापन गर्दा त्यस वापतको प्रतिफल प्राप्त गर्ने विषय र कोष परिचालनमा नेफस्कूनको भूमिकालाई स्पष्ट परिभाषित गर्नुपर्ने देखिन्छ । यसका अलावा कोषले निश्चित लाभ आर्जन गर्ने गरी नेफस्कूनको माध्यमबाट कोषको निश्चित रकम अभियानमा परिचालन गर्नु उपयुक्त हुन्छ ।

त्यसैगरी, कोषको सञ्चालन समितिमा सरोकारवाला मन्त्रालय, विभाग र महासंघको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरी अन्य कतिपय निकायहरूको सहभागिताबारे पुनरावलोकन गरी कोषमा योगदान गर्ने संस्था र निकायलाई सञ्चालन समितिमा प्रतिनिधित्व गराउने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

सहकारी नियमावली, २०७५ को नियम ७४ मा कोषमा सहभागी सहकारी संस्थाले स्थिरीकरण कोषमा नियम २७ बमोजिमको रकम जम्मा गर्न सक्ने भनी स्वेच्छिक अधिकार प्रदान गरेको छ, जुन विषय सैधान्तिक रूपमा नै त्रुटीपूर्ण रहेको छ । कुनै संस्था कोषमा सहभागी भइसकेपछि नियम २७ बमोजिमको रकम कोषमा तोकिएको समयसीमाभित्र अनिवार्य रूपमा जम्मा गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्ने हुन्छ । तोकिएको समयसीमा भित्र तोकिएको रकम जम्मा नगरेमा निश्चित समयसम्म हर्जाना सहित रकम जम्मा गर्ने र सो पश्चात कोषको सदस्य नरहने व्यवस्था गर्नु पर्ने हुन्छ ।

कोषको रकम अपचलन भएमा त्यसका जिम्मेवारहरूलाई प्रचलित कानून बमोजिम कारवाही र क्षतिपूर्तिको व्यवस्था हुनु पर्दछ ।

सहभागी संस्थाले कोषबाट उपयोग गर्ने सापटी वा खर्च रकममा लाग्ने ब्याज तथा सेवा शुल्क बारे स्पष्ट नीतिगत व्यवस्था गर्नुका साथै तोकिएको समयावधिभित्र फिर्ता नगरेमा त्यस्तो रकम फिर्ता गराउने विधिबारे स्पष्ट व्यवस्था हुनु आवश्यक छ । त्यसैगरी, अनुदान र मिनाह सम्बन्धी व्यवस्थाबारे समेत स्पष्ट परिभाषित हुनु पर्ने देखिन्छ ।

सहभागी संस्थाले स्थिरीकरण कोषमा गर्ने योगदान रकममा कर छुटको व्यवस्था हुनु आवश्यक छ ।

उल्लेखित विषयहरूमा यथोचित सुधार एवं परिमार्जन गरी सवल तथा प्रभावकारी कोषको निर्माण गर्नुका साथै यसका माध्यमबाट समग्र अभियानको सुरक्षा कवचको रूपमा स्थिरीकरण कोषलाई स्थापित गर्न सकिनेछ ।

# आर्थिक वर्ष २०७७/०७८ को बजेटमा सहकारी



अर्थमन्त्री डा.युवराज खतिवडाले २०७७ जेठ १५ गते आर्थिक वर्ष २०७७/०७८ को बजेट संसदमा पेश गर्नुभयो । सरकारको वार्षिक बजेट प्रस्तुतिसँगै आर्थिक विकासका प्रमुख तीन खम्बा मध्येको एक महत्वपूर्ण खम्बा सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि वार्षिक बजेट सहकारी मैत्री भयो भएन भन्ने सहकारीकर्मीहरूको निकै चासोको विषय बन्न पुग्यो । सहकारी अभियानको नेतृत्वदायी संघ राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) लगायत अन्य विषयगत सहकारी संघहरूको सरकारसँगको निरन्तरको बहश, पैरबीबाट अभियानमा नयाँ गति प्राप्त गर्न बजेट कत्तिको सान्दर्भिक छ भन्ने विषयमा विभिन्न कोणबाट व्याख्या विश्लेषण गरिए ।

बजेटमा नेफ्स्कूनले पैरवी गर्दै आएका सहकारी क्षेत्रको सिद्धान्त मूल्य मान्यतासँग दाताम्यता हुनेगरी सहकारी अभियानलाई अगाडि बढाउन संस्थागत क्षमता वृद्धि, स्वनियमन र सुशासन प्रवर्द्धन गरिने, बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थालाई एक अर्कामा गाभिन तथा नविन प्रविधिको प्रयोग बढाउँदै नगदरहित कारोवार गर्न प्रेरित गरिने व्यवस्था गरेको छ ।

त्यसैगरी सहकारी प्रणालीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सूचना केन्द्र स्थापना गरिने, सहकारी बचत तथा कर्जा सुरक्षण गर्ने व्यवस्था मिलाइने, गरिब, विपन्न, शैक्षिक बेरोजगार र वैदेशिक रोजगार अवरूद्ध भएका युवालाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गरिने व्यवस्था बजेटले गरेको छ ।

त्यसैगरी सहकारी मार्फत धागोमा अनुदान, सार्वजनिक जमिन, नदी उकासको जमिनमा कृषि वित्त प्रणालीको कार्यान्वयन, सामुहिक सहकारी खेती, सीपयुक्त तालिम केन्द्रको लागि बजेट छुट्टयाएको छ ।

त्यसैगरी कृषि सामग्री पूँजी प्रविधि र बजारमा कृषकको सहज पहुँच सुनिश्चित गरिने, सबै प्रकारका उत्पादन, संकलन, भण्डारण र वितरण सम्मका श्रृखला विकास गर्न र सहकारी पसललाई थोक मूल्यमा आवश्यक वस्तु उपलब्ध गराउन प्रत्येक प्रदेशमा सहकारी संस्थाकै शेयर लगानीमा थोक उपभोक्ता सहकारी संस्था स्थापना गरिने, साना किसान विकास, लघुवित्त वित्तीय संस्थालाई एक हजार सहकारी संस्था मार्फत कर्जा प्रवाह गरी कृषि तथा साना व्यवसाय प्रवर्द्धन गर्न रू ३ अर्ब ६० करोड ऋण लगानी गर्ने व्यवस्था मिलाइने उल्लेख भएको छ ।

गरिबी निवारण कोषको चक्रिय पूँजी प्रणालीलाई सहकारी मार्फत उपयोग गर्ने, प्रत्येक प्रदेशमा सहकारी उपभोक्ता केन्द्रीत व्यवसाय केन्द्र निर्माण, सहकारी मार्फत खाद्य वैक स्थापना लगायतका विषयमा वजेटले सहकारीलाई समेटेको पाईएको छ ।

गरिवी निवारण कोषबाट प्रवर्द्धित ६४ जिल्लाका ३२ हजार बढी सामुदायिक संस्थाले परिचालन गरेको रू. १९ अर्ब घुम्ती कोषलाई बीउ पूँजीका रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न सहकारी प्रणालीमा रूपान्तरण गरिने, कृषि क्रान्तितर्फ उन्मुख हुन कृषि भूमिको अधिकतम उपयोग गर्दै वालीको सम्भावनाको आधारमा सहकारी, सामुदायिक तथा निजी फर्ममार्फत ठूलो परिमाणमा उत्पादन गर्न प्रोत्साहित गरिने व्यवस्था गरेको छ ।

कृषि जमिनमा कृषकको पहुँच विस्तार गर्न करार खेती, चक्लावन्दी र सामुदायिक सहकारी खेतीलाई प्रोत्साहन गरिने, स्थानीय तह सहकारी संघसंस्था एवं भूमि बैंकमार्फत हुने खेती र सामुहिक खेती गर्ने समूहलाई मात्र शीत भण्डार निर्माणमा अनुदान दिइने, उपयोग विहिन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा र नदी उकासबाट प्राप्त हुने जमिनमा अभियानका रूपमा फलफूल र अन्य उपयुक्त खेती गर्न निजी, सहकारी र सामुदायिक संघसंस्थालाई प्रोत्साहित गर्ने व्यवस्था बजेटमा उल्लेख छ ।

त्यसैगरी उत्पादनका साधनहरूको सामुहिकीकरण, स्थानीय स्रोतको परिचालन र आर्थिक, सामाजिक रूपान्तरणबाट सामाजिक न्याय सहितको द्रुत विकास गर्न सहकारी

क्षेत्र परिचालन, सहकारी संघसंस्थालाई घरेलु तथा साना उद्यमको प्रवर्द्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवं गरिवी निवारण सम्वन्धी कार्यक्रममा प्रोत्साहित गरिने, सहकारीका माध्यमबाट कृषि सामाग्री, पूँजी, प्रविधि र बजारमा कृषकको सहज पहुँच सुनिश्चित गरिने उल्लेख छ ।

गाउँपालिकामा सञ्चालित सबै किसिमका सहकारीलाई आयकरमा पूर्ण छुट, नगरपालिका उपमहानगरपालिका र महानगरपालिकामा सञ्चालित कर लाग्ने कारोवार गर्ने सबै किसिमका सहकारीलाई क्रमशः पाच प्रतिशत, सात प्रतिशत र दश प्रतिशत आयकर लाग्ने व्यवस्था उल्लेख छ ।

# सदस्य सेवा निरन्तरता र राहत सहयोगमा कर्णाली र सुदुर पश्चिमका साकोसहरुको साथ



सुर्खेतस्थित जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूका न्यूनतम आवश्यकता पुरा गर्न निरन्तर वित्तीय सेवा प्रवाहमा क्रियाशील रहेको जनाएको छ । कर्मचारीहरूलाई सुरक्षित सामग्री उपलब्ध गराएर सामाजिक दुरी कायम गर्दै हप्तामा ४ दिन विहान ११ बजेदेखि दिउसो २ बजेसम्म तीनवटा काउन्टर मार्फत सेवा दिइएको संस्थाका व्यवस्थापक खुमलाल न्यौपानेले जानकारी गराउनुभयो । उहाँले गेट भित्र र बाहिर दुवैतर्फ सामाजिक दुरी कायम गरिएको र एकपटकमा तीनजना सदस्यहरूलाई मात्र भित्र प्रवेश गराएर सेवा दिने गरिएको बताउनुभयो ।

संस्थाले बन्दाबन्दीको कारणले सदस्यहरूमा परेको कठिन परिस्थितिलाई मध्येनजर गर्दै लकडाउन अवधिमा सदस्यहरूलाई ऋणको ब्याजमा १० प्रतिशत छुट दिने निर्णय गरेको र निरन्तर सावा र ब्याज भुक्तानी गरिरहेका सदस्यहरूलाई पनि भुक्तानी समयावधि थप गरी हर्जना छुटको व्यवस्था गरिएको जनाएको छ ।

परिस्थिति जटिल बन्दै गएपनि कर्मचारीहरूलाई उच्च जोखिम व्यवस्थापनका लागि पिपिइ सेट उपलब्ध गराएर सुरक्षित तरिकाबाट सेवाको निरन्तरतामा जोड दिइने जोखिम व्यवस्थापन कार्यदलको निर्णय रहेको संस्थाले जनाएको छ ।

"दिनुपर्नेले दिएर सहयोग गरौं, नलिनुपर्नेले नलिएर सहयोग गरौं" भन्दै संस्थाले अति विपन्न, दैनिक ज्याला मजदुरी गरी खाने परिवारलाई खाद्यान्न राहत उपलब्धताका लागि वी.नपा. १ का वडा अध्यक्ष मार्फत रू. २ लाख सहयोग गरेको जनाएको छ ।

देश लामो समयदेखि लकडाउनको अवस्थामा रहेकोले विपन्न, दैनिक ज्याला मजदुरी गरी खाने परिवारलाई भोकै बस्न नपरोस् भन्दै कर्णाली जिल्ला र प्रदेश नं. ७ मा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूले आ-आफ्ना स्थानीय निकायहरूमा नगद तथा जिन्सी राहत सहयोग गर्दै आएका छन् । सुर्खेत, मुगु, सल्यान, रूकुम, अछाम, बझाङ, बैतडी, कञ्चनपुर लगायतका जिल्लामा सञ्चालित सहकारी संस्थाहरूले विपद्को समयमा राहत स्वरूप नगद तथा जिन्सी सहयोग गर्दै आइरहेका छन् । उक्त जिल्लाका सुर्योदय साकोस, सिर्जनाशील साकोस, रूक्मिणी साकोस, गंगामाला साकोस, सिनर्जी साकोस, शिखर साकोस, त्रिपुरेश्वर साकोस, छायानाथ साकोस, जनहितकारी साकोस, शिखर साकोस, जनजागरण साकोस, ग्रामिण जागरण साकोस लगायतले सहयोग उपलब्ध गराएको नेफ्स्कून फिल्ड कार्यालय सुर्खेत र कञ्चनपुरले जानकारी गराएको छ । लकडाउनको पछिल्लो समयमा सहकारी मार्फत वित्तीय सेवा निरन्तरताका लागि प्रशासनले पनि सहयोग गरेको स्थानीय सम्बन्धित स्रोतले जनाएको छ ।

साकोस आवाज
सहकारी सँगै सञ्चार
कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।
Like Comment Share
यदि तपाईंसँग कुनै समाचार भएमा : adcom@nefscun.org.np मा पठाउनुहोला ।

# अकूद्वारा 'जलवायु कार्यका लागि सहकारी' विषयक प्रशिक्षक प्रशिक्षण




अन्तर्राष्ट्रिय सहकारी दिवसको पूर्व सन्ध्यामा एशियाली ऋण महासंघ–अकुले 'जलवायु कार्यका लागि सहकारी' विषयक ३ दिने भर्चुअल प्रशिक्षक प्रशिक्षण आयोजना गरेको थियो । जुलाई (१ देखि ३) असार १७ देखि १९ गतेसम्म आयोजित कार्यक्रममा एशिया प्रशान्त क्षेत्रका नेपाल लगायत अकूका सदस्य मुलुकका ३३ वित्तीय सहकारीकर्मीहरूको सहभागिता थियो । स्मरणीय रहोस् 'जलवायु कार्यका लागि सहकारी' यस वर्षको अन्तर्राष्ट्रिय सहकारी दिवसको विषयवस्तु हो जुन संयुक्त राष्ट्र संघीय दीगो विकासका १७ लक्ष्यमध्ये १३ नम्बर लक्ष्य हो । अन्तर्राष्ट्रिय सहकारी दिवस प्रत्येक जुलाईको पहिलो शनिवार मनाउने प्रचलन छ । यसैलाई आधार मानेर वित्तीय सहकारीको एशिया प्रशान्त क्षेत्रीय छाता संगठन अकुले पहिलो पटक वित्तीय सहकारीकर्मीहरू लक्षित प्रशिक्षक प्रशिक्षण (टट) आयोजना गरेको हो ।

अक्कूकी प्रमुख कार्यकारी अधिकृत इलिनिता भी सान् रोके (लेनी), प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराची र सदस्य सेवा अधिकृत कामोन कियातिसिरीकुम्पनले सहजिकरण गर्नुभएको कार्यक्रममा वित्तीय सहकारीहरूले जलवायु परिवर्तनको विकराल स्थिति न्यूनीकरणका लागि चालेका र चाल्न सक्ने कदमका बारेमा अनुभव र सुझावहरू आदान प्रदान गरिएको थियो । कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनका तर्फबाट कार्यक्रम अधिकृत कोमल राज अधिकारी र तालिम अधिकृत सुमन राज घिमिरे सहभागी हुनुहुन्थ्यो ।

नेफ्स्कूनका कार्यक्रम अधिकृत कोमल राज अधिकारीका अनुसार ३ दिने तालिममा खासगरी जलवायु परिवर्तनको जल्दोबल्दो समस्या समाधानका लागि सदस्य, वित्तीय सहकारी र समुदाय स्तरबाट खेल्न सक्ने भूमिकाका बारेमा सघन छलफल भएको थियो । सहकारीका सदस्यहरूको परियोजनाले स्थानीय वातावरणमा पार्ने प्रभाव न्यूनीकरणका लागि उपयोगी नीतिगत प्रावधानका विषयमा पनि परामर्श भएको उहाँले बताउनुभयो । कार्यक्रम अधिकृत अधिकारीले पर्यावरणीय संरक्षणका लागि प्रारम्भिक संस्था, केन्द्रीय निकायसँगै व्यक्तिगत रूपमा प्रशिक्षकहरूले खेल्न सक्ने भूमिकाहरू समाविष्ट गरी १ वर्षे कार्ययोजना तर्जुमाका लागि सबैलाई आग्रह गरिएको धारणा राख्नुभयो । उक्त कार्य योजनाका विषयमा यही जुलाई १५ मा पुनः छलफल हुने उहाँले जानकारी गराउनुभयो ।

त्यसैगरी, अर्का सहभागी नेफ्स्कूनका तालिम अधिकृत सुमन घिमिरेका अनुसार अकूको तालिमका सहभागीहरूले आ–आफ्नो मुलुकका सहकारीहरूले पर्यावरण संरक्षण र प्रबर्द्धनमा चालेका कदमहरूका बारेमा अवगत गराएका थिए । नेपालका वित्तीय सहकारीहरूले पनि वातावरण मैत्री ऋण र बचतका कार्यक्रमहरू सञ्चालन गरेको उदाहरण आफुले प्रस्तुत गरेको उल्लेख गर्दै तालिम अधिकृत घिमिरेले कोभिड–१९ ले ल्याएको परिवर्तित अवस्थामा वातावरण संरक्षणको मुद्दाले थप महत्व पाएको धारणा आफुले तालिममा राखेको जानकारी गराउनुभयो । अब वित्तीय सहकारीहरूले वातावरण मैत्री ऋण र बचत सेवाहरू विकास गर्ने मात्र होइन सदस्य शिक्षाका कार्यक्रममार्फत तिनको महत्व आम सदस्यहरूलाई बोध गराउनुपर्ने दायित्व निर्वाह गर्नुपर्ने विषयमा तालिममा जोड दिइएको उहाँले बताउनुभयो ।



# Upping Technological Strength of CREDIT UNIONS in NEPAL

Prakash Pd. Pokharel

Acting Chief Executive Officer
NEFSCUN



*Digitalization of Internal Operations: Most of the SAACOS now have paper based internal business processes. Not only is this costly but also is slow.*

*Digitization of internal operations for NEFSCUN as well as our members of credit movement would make our internal processes further efficient, transparent and cost-effective.*

Equipping all facets of NEFSCUN and its widespread members with the innovative technology is one of the most important agendas that I have prioritized for strengthening credit union movement in Nepal. I don't see second option available to it at this critical juncture of pandemic-stricken global scenario. It is a must and if we don't sincerely act in this direction, it's going to hurt us further in the long run. This is the lesson learnt from the protracted COVID-19 pandemic.

Technological application has multiple benefits. It reduces the operating cost, optimizes efficiency, creates new revenue channels and above all, brings transparency. To put it in perspective, it uplifts the capabilities of NEFSCUN and our ever broadening family. This would boost in additional confidence in the public domain furthering the Nepalese cooperative movement in general. Technological enhancement would also give a cool look to the cooperative sector, which would eventually excite the generation Y and Z towards one of the constitutionally recognized pilaLrs of upholding national economy. Realizing this fact, NEFSCUN has been diligently endeavoring to address the urgency of digitalization by upgrading, researching and developing latest technologies to respond and enhance emerging digitized ultimatum of credit movement.

In my reading, following are some pertinent strategic areas that need technological implication to accelerate the credit union pace in our country. NEFSCUN, being an apex network of credit movement of Nepal, our thought should ultimately incline towards members and their satisfaction. Saving, credit, remittance, insurance, payment settlement & reconciliation are credit union's focus areas, however following observation as a strategic direction should be taken into consideration.

**Members Service for Users:**

Members play pivotal part of any cooperative. SAACOS delivers different kinds of services to their members, but accessing those services could be difficult for their members. For instance, in most cases at present, members need to make their physical presence at the SAACOS to acquire minor information on balance and transactions.

We strive to work towards easing this problem in the best possible fashion. Making all the information and services accessible to the members




at their fingertips is our fundamental concern. I don't exclusively want to limit the possibilities only at e-Banking and Mobile Banking. We should move towards making a comprehensive customer service portal for every SAACOS and NEFSCUN should build the common infrastructure to bring the Capital Expenditure (CapEx) down for our members to inculcate and internalize such technology.

**Making the money deposited portable, accessible and transparent:**

Although cash is king, carrying it is risky and difficult. So, members of SAACOS should be able to access and use their money digitally and on-the-go. SAACOS should be able to provide Debit Cards to their members, which should work on all the ATM Terminals all over Nepal. We should also work on alternative channels like QR (Quick Response) Code Payment and have integrations with the Mobile Wallets. Again, for SAACOS to be able to do this, NEFSCUN should would work on building common infrastructure usable by all member SAACOS. However, credit unions started to initiate QR code in some extend that is still lacking innovation and legally acceptance in Nepal using by non-formal financial sectors.

Digitalization of Internal Operations: Most of the SAACOS now have paper based internal business processes. Not only is this costly but also is slow. Digitization of internal operations for NEFSCUN as well as our members of credit movement would make our internal processes further efficient, transparent and cost-effective. Membership management, Loan application to approval, HR management, Office Management, Internal control system, Inventory Management, Financial reporting, Member information system, are the most important areas for digitalization.

**Monitoring, Evaluation and Reporting:**

On the NEFSCUN front, I want to aggressively work on building internal tools and re-engineer our business processes around member monitoring and evaluation. We would work on building a Management Information System (MIS) to help us make prompt decisions and rapid reporting. For it's practical realization, NEFSCUN needs to conduct scientific research way forwarding to response member expectations.

Regarding such phenomenon, there some legal and management constraints. In order to getting easy access of digitalized credit movement in Nepal, for example Payment System Operator (PSO), it needs to register another entity as a company form which enforces that a separate from credit movement. SimiaLrly, credit movement is yet to receive the official recognition as a formal financial sector by the government which stands as a biggest impediment for a paradigm shift of national digitalization era in a cooperative sector envisioning favorable policy of cashless, paperless and technology based transaction. Security of data, its reliability and system audit are also areas that have ample room for improvement. Hopefully, the worldwide upsurge of COVID-19 pandemic awakes the policy makers from slumber to speeding the enforcement and support of digitalizing Nepalese credit movement that remains as a burning issues expected to be eagerly and cautiously addressed by the credit union fraternity.

❑❑❑



# सहकारी एकीकरणः एक चर्चा



**राधा पौडेल**

सञ्चार अधिकृत
नेफ्स्कून

एकीकरणको माध्यमबाटै सहकारी संस्थाको संख्या घटाउने, गुणस्तरमा सुधार ल्याउने र प्रविधियुक्त बनाउने अभियान नेफ्स्कूनको हो, यसमा सम्पूर्ण सहकारीकर्मीहरुको साथ सहयोग रहनुपर्छ । नेफ्स्कूनले २०६६ सालदेखिनै सुशासित र मर्यादित साकोस निर्माणका लागि साकोस एकरुपता र एकीकरण अभियान एकसाथ अगाडि बढाउँदै आएको हो ।

२०४६ सालको राजनीतिक परिवर्तनबाट प्राप्त प्रजातान्त्रिक अधिकारको आडमा तत्पश्चातका सरकारहरूले समुदायमा आधारित सहकारी संघ संस्थाहरू प्रवर्द्धन गर्ने लचिलो नीतिगत प्रतिवद्धता जाहेर गरे । सहकारीका लागि प्रजातान्त्रिक व्यवस्था उर्वर भूमि भएको विश्व इतिहासले पनि पुष्टि गरेको तत्व हो ।

सोही अनुरूप विकेन्द्रीकृत रूपमा विविध प्रकृतिका प्रारम्भिक संस्था देखि जिल्ला र विषयगत केन्द्रीय संघहरूको संख्यामा उल्लेख्य बढोत्तरी भयो । संख्यात्मक जोडले सहकारीहरूको उपस्थिति त देखियो तर कानूनी छिद्रहरू, अल्पज्ञानको भरमा देखासिखी गर्ने प्रवृत्ति तथा अख्तियारी दुरूपयोगको कर्मचारीतन्त्रको दीर्घ रोगका कारण सहकारीहरू समस्याग्रस्त हुन थाले । यसले जनतामा सहकारीप्रति विश्वास, इमान्दारी र पारदर्शीताका मजबुद र जायज आंशकाहरू जन्म गरायो । यी र यस्ता यावत विषयहरू सम्बोधन गर्न सहकारी अभियानको वर्षौंदेखिको अथक प्रयासले धेरै हदसम्म सार्थकता पायो जब नयाँ सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ जारी भयो । यी कानूनी दस्तावेजको परिधिभित्र रही अन्य नीतिगत व्यवस्था अनुरूप सहकारी संस्थाको उद्देश्य तथा कार्य क्षेत्रका आधारमा गाभ्न र गाभिन प्रोत्साहन गर्ने नीति राज्यले अंगीकार गरेको छ ।

उल्लेख्य संख्यात्मक वृद्धि तर गुणात्मक ह्रासका बीच तादात्म्य नमिलेका कारण राज्यका नीति तथा बजेटले सहकारी एकीकरणलाई प्राथमिकता दिएको हो । आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तथा बजेटले पनि सहकारी एकीकरणका लागि प्रोत्साहन गरिने नीति अवलम्बन गरेको छ । बैंक तथा अन्य वित्तीय संस्थामा बीग मर्जरको विषय जोडतोडले उठेसँगै अरबौंको कारोवार गर्ने हैसियतमा उकालो लागेका सहकारीहरूबीच पनि बीग मर्जरको आवश्यकता खट्किएको हो । ३५ हजार हाराहारीका सहकारी संघसंस्थाहरूको संख्या ५ वर्षमा आधा घटाउने प्रतिवद्धता स्वयं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीले नै व्यक्त गरिसक्नु भएको छ । भनाईलाई गराईसँग गाँस्न सहकारी विभागले कागजी प्रक्रिया पूरा गर्ने सहकारीहरूलाई तत्कालै एकीकरण अनुमति दिने काम पनि थालनी गरेको छ । यद्यपि, एकीकृत कारोवार सञ्चालन गर्नेहरूलाई छुट सुविधा लगायत थप प्रोत्साहनको विषय भने ठोस रूपमा अझै सम्बोधन हुन सकेको छैन । सहकारी अभियानले यस विषयलाई प्राथमिकताका साथ उठाइरहेका छन् ।

देशको अर्थतन्त्रमा सहकारीको महत्वपूर्ण योगदान रहेको विषय मुलुकको संविधानमा प्रष्ट छ । यो क्षेत्रलाई मर्यादित बनाउन 'प्रविधि र औजारहरू'

## सहकारी एकीकरणपछि कर्मचारीलाई हुने ५ फाइदा

एकीकरण शब्दले कहिलेकाही कर्मचारी त्रसित हुन सक्छन् । दुई संस्था एक भएपछि आफ्ना भविष्य के होला भनेर उनीहरू चिन्तित हुन पनि सक्छन् । तर, वास्तवमा एकीकरणपछि सहकारीका सदस्य र कर्मचारी दुबैलाई लाभ हुन्छ । विज्ञ ग्लेन क्रिस्टेन्सेनकको विचारमा एकीकरणपछि कर्मचारीलाई निम्न पाँच फाइदा पुग्छ । यी फाइदाको विषयमा कर्मचारीलाई बुझाउन सकिएको खण्डमा एकीकरणमा उनीहरूको समेत सकारात्मक भूमिका प्राप्त गर्न सकिन्छ ।

### अवसरहरूमा वृद्धि

दुई वा सोभन्दा बढी सहकारी संस्थाहरू एक ठूलो समुहमा एकीकरण हुने सामान्यतया मर्ज हो । सानो संस्थामा रहेका कर्मचारीहरूका लागि सीमित अवसर मात्र प्राप्त हुन्छ । तर एकीकरणपछि उनीहरूको अवसरको सम्भावनाका ढोकाहरू खुल्छन् । उच्च तहको प्रशिक्षण लिन पाउँछन् । स्वच्छ प्रतिस्पर्धाका लागि आफ्नो प्रतिभा देखाउने अवसर प्राप्त हुन्छ ।

### तलब वृद्धि

कर्मचारी प्रभावित हुने मुख्य कारण नै तलब हो । त्यसैले कर्मचारीको लाभका प्याकेज प्राप्त हुन सक्छ । सामाजिक सुरक्षा प्राप्त हुन्छ । स-सानो संस्थाले कर्मचारीको सेवा सुविधामा ठूलो रकम खर्च गर्न सक्ने अवस्था हुँदैन तर ठूलो संस्था भएपछि कर्मचारीका लागि विशेष व्यवस्थाहरू उपलब्ध हुने अवस्था सिर्जना हुन्छ ।

### प्रभावकारी भौगोलिक क्षेत्र

धेरै साना सहकारीका लागि क्षेत्रअधिकार सिमित घेरामा रहेको हुन्छ । तर एकीकरणपछि उनीहरूको पद चिन्हमा वृद्धि हुन्छ । भौगोलिक क्षेत्र वृद्धि हुन्छ । जसले थुपै लाभ उपलब्ध गराउन सकिन्छ । सदस्य वृद्धि गर्न सकिन्छ । विविधताको क्षेत्रबाट बचत तथा लगानी गर्न सकिन्छ ।

### शिक्षा र तालिम

निरन्तर शिक्षा तथा तालिम उपलब्ध गराउन सकिने अवस्था सिर्जना हुन्छ । नयाँ नयाँ प्रविधिको प्रयोगमा संस्थाले पहुँच विस्तार गर्न सक्छ । त्यसका लागि निरन्तर शिक्षा र तालिम कर्मचारीले प्राप्त गर्न सक्छन् । उनीहरू सिर्जनशील भएर अगाडि बढ्न सक्छन् । नयाँ विषय र प्रविधिको विषयमा ज्ञान प्राप्त गर्न सक्छन् । यसले आफ्नो व्यावसायिक जीवन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

### अझ धेरै लाभ

यो कुनै गोप्य कुरा होइन कि ठूलो संस्थासँग सानो संस्थाका तुलनामा बहस पैरवी क्षमता बढी हुन्छ । एकीकरणपछि राम्रो पहुँच र महत्वपूर्ण उपलब्धी हासिल हुन्छ । व्यावसायिकता वृद्धि हुन्छ । संगठित संस्कारको विकास हुन्छ । त्यसैले एकीकरण सञ्चालक समिति, कर्मचारी र सदस्य सबैको हितमा छ ।

सहकारी एकीकरणको विकल्प छैन । एकीकरणको कुरा बारम्बार उठ्दै आएको विषय हो । नेपालको भूभागलगायत हरेक हिसाबले ५ हजारभन्दा बढी सहकारी थेग्न सकिने अवस्था छैन । तर, यहाँ करिब ३५ हजार पुगिसकेको छ । वर्तमान ऐन सहकारी दर्ता गर्ने कुरामा खुला भयो तर, व्यवस्थित गरेर लैजाने कुरा पर्याप्त नभएको हो भन्ने आवाज मुखरित भएको छ । सहकारी मर्जर आवश्यकता हो । सहकारी बलियो नहुँदा विकृति सिर्जना हुन सक्छ । सहकारीको संख्या कम गरे पूँजी बलियो बनाउन सकिन्छ । मर्जरको फाइदा धेरै छ । मर्जरमा १० वर्षे योजना बनाएर अघि बढ्न सके ५ हजारमा जान सकिन्छ र त्यसपछि मात्र ५ सयको परिकल्पना गर्न सकिन्छ । मर्जरले कसैलाई घाटा गर्दैन ।

आवश्यक छन् । नीति र विधिमा संस्था चल्ने वित्तिकै सहकारी संस्था मर्यादित हुन्छ भन्दै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले त्रीपक्षीय एकरूपतासँगै एकीकरणलाई पनि उच्च प्राथमिकता दिएको छ । हाल नेफ्स्कून सञ्जालमा आवद्ध करीब ४ हजार वित्तीय सहकारी छन् । उनीहरू सबै आज पनि प्रविधिमैत्री बन्न नसकेको तितो सत्य लाई स्वीकार्दै नेफ्स्कूनले साकोस एकीकरण, एकरूपता प्रणाली र प्रविधि प्रयोगमा जोड दिंदै आएको छ । एकीकरणको माध्यमबाटै सहकारी संस्थाको संख्या घटाउने, गुणस्तरमा सुधार ल्याउने र प्रविधियुक्त बनाउने अभियान नेफ्स्कूनको हो । यसमा सम्पूर्ण सहकारीकर्मीहरूको साथ सहयोग रहनुपर्छ । नेफ्स्कूनले २०६६ सालदेखिनै सुशासित र मर्यादित साकोस निर्माणका लागि साकोस एकरूपता र एकीकरण अभियान एकसाथ अगाडि बढाउँदै आएको हो । विभिन्न जिल्ला साकोस एकरूपता प्रणाली र एकीकरण अभियानमा धेरै अगाडि पनि बढिसकेका छन् । एकीकरणपछि भने सबै बचत तथा ऋण सहकारी संस्थाहरू सञ्जाल सहकार्यमा जोडिने विश्वास संघले लिएको छ ।

पछिल्लो समय प्रदेशगत रूपमा पनि सहकारी एकीकरण अभियान द्रुत गतिमा अघि बढेको पाइएको छ । प्रदेश सहकारी ऐन, २०७६ र प्रदेश सहकारी नियमावली, २०७६ को आधारमा प्रदेश सरकारले विभिन्न प्रकृतिका सहकारी संस्था एकीकरण अभियानलाई अगाडि बढाएको हो । बागमती प्रदेशले मात्रै यस वर्ष ४६ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरू एकीकरण गरी १६ वटा कायम गरेको छ ।

एकीकरण अभियानलाई निरन्तरता दिंदै यसै वर्षको शुरुवातमा चितवनको भरतपुरस्थित समझदारी बचत तथा ऋण सहकारी संस्था र भोजाड बचत तथा ऋण सहकारी संस्था एकीकरण भई समझदारी भोजाड साकोसबाट एकीकृत कारोवार शुरू भएको छ । त्यसैगरी भरतपुरकै मलिका साकोस र चिनारी साकोस एकीकरण भई एकीकृत

सामुदायिक साकोसबाट संयुक्त कारोवार शुरू भएको छ ।

यसै वर्ष परासी/बर्दघाटका दुई साकोस एकीकरण भएका छन् । बर्दघाट २ चिसापानीस्थित सुपर बचत तथा ऋण सहकारी संस्था लि. र हाम्रो बचत तथा ऋण सहकारी संस्था लि. एकीकरण भएका हुन् । एकीकरण पश्चात हाम्रो सुपर साकोसबाट संयुक्त कारोवार शुरू भैसकेको छ ।

भक्तपुरको सामुहिक साकोस, बुद्ध साकोस र समता साकोस एकीकरण भई सामुहिक साकोसको नामबाट संयुक्तकारोवार शुरू भएको छ । सहकारी ऐन, नियमावली साथै सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेटले पनि सहकारी एकीकरणलाई प्रथमिकतामा राखेको र सरकारले सहकारी एकीकरणको अभियानलाई तीव्र रूपमा अगाडि बढाउन गरेको निर्देशनको पालना गर्दै बचत तथा ऋण सहकारी एकीकरण अभियान अगाडि बढिरहेको छ ।

२०७७ असार ८ गते लमजुङ जिल्लाका तीन बचत तथा ऋण सहकारी एकीकरण भए । सम्पदा, कालिका र कर्पुरेश्वर बचत तथा ऋण सहकारी संस्था लि. एकीकरण भई कालिका बचत तथा ऋण सहकारी संस्था लि. बाट एकीकृत कारोवार शुरू भएको थियो । सहकारी एकीकरणका लागि राज्यले लिएको नीति र संघको अभियानलाई आत्मसाथ गर्दै लमजुङमा पहिलो पटक तीनवटा सहकारी एक भइ एकीकरणमा साकोस अभियानको सबल उदाहरण प्रस्तुत गरे ।

त्यसैगरी दोलखा जिरीस्थित गत वर्ष ११ साकोस एकीकरण भई बनेको एकीकृत फ्रेण्डसिप साकोससँग अहिले आलडाँडा बचत तथा ऋण सहकारी संस्था एकीकरण भएको छ भने दोलखा भिमेश्वरको हाम्रो जनकल्याण साकोस, हिमालय साकोस र अग्रगामी साकोस एकीकरण भई हाम्रो जनकल्याण साकोसबाट एकीकृत सेवा प्रदान भइरहेको छ । त्यसैगरी पुर्वमा सुनसरीको महिला बचत तथा ऋण सहकारी संस्था लि. र मोरङको बुढीगंगा बचत तथा ऋण सहकारी संस्थालि. बीच एकीकरण भई महिला बचत तथा ऋण सहकारी संस्थाबाट संयुक्त कारोवार शुरू भएको छ । बारा निजगढको शुभारम्भ बचत तथा ऋण संस्था र सेवा बचत तथा ऋण सहकारी संस्थाएकीकरण भई सेवा सुभारम्भ बचत तथा ऋण सहकारी संस्थाबाट एकीकृत कारोवार सञ्चालन गरेको छ ।

त्यसैगरी महोत्तरीको बर्दिबास नगरपालिकाका ३ सहकारी पनि एकीकरण भएका छन् । बर्दिबास बचत तथा ऋण सहकारी संस्था, संजीवनी बचत तथा ऋण सहकारी संस्था र जयश्री कृषि सहकारी संस्था एकीकरण भएर जिल्लामै पहिलो सहकारी एकीकरणको अभियान थालनी भएको छ । एकीकरण पश्चात बर्दिबास बचत तथा ऋण सहकारी संस्थाबाट एकीकृत कारोवार शुरू भएको छ ।

असार १२ गते ईलाम सुर्योदय नगरपालिकाका तीन सहकारी एक आपसमा गाभिने निर्णय गरेका छन् । सुर्योदय नगरपालिका ८ स्थित एकता बचत तथा ऋण सहकारी संस्था लि., गर्दने भञ्ज्याङ कृषि सहकारी संस्था लि. र नमस्ते कृषि सहकारी संस्था लि. एकीकरण भई एकता बचत तथा ऋण सहकारी संस्थाबाट एकीकृत कारोवार शुरू गर्दैछन् ।

त्यसैगरी मोरङको लेटाङका पाँच सहकारीले पनि एकीकरण घोषणा गरिसकेका छन् । लेटाङ नगरपालिका २ मा सञ्चालनमा रहेका एकै प्रकृतिका फडानी, जनचाहना, गोदावरी, खैरेनी र धोबी साकोसले एकीकरणका लागि असार दोस्रो साता सहमतिपत्रमा हस्ताक्षर गरी एकीकृत जनभावना बचत तथा ऋण सहकारी संस्थाबाट संयुक्त कारोवार गरिने जानकारी गराएका छन् ।

पछिल्लो समय एकीकरण अभियानलाई तीब्रता दिर्दै बर्दियास्थित हाम्रो मध्यवर्ती सहकारीले हालसम्म ८ वटा सहकारी संस्थालाई एकीकरण गर्न सफल भएको छ । छोटो समयमा धेरै सहकारी संस्था एकीकरण गरेर हाम्रो मध्यवर्ती साकोस जिल्लाकै पहिलो एकीकृत संस्था बनेको छ । २०७४ सालदेखि सहकारी

## वित्तीय सहकारी एकीकरण कतिबेला गर्न सकिन्छ ?

१. यदि सदस्यतामा दोहोरोपना अत्यधिक छ भने,

२. यदि सदस्य वृद्धिदर नकारात्मक छ भने,

३. **बचत वृद्धिः** साकोसको सम्पत्ति वृद्धिको आधार बचत वृद्धि हो । सामान्यतया सम्पत्ति वृद्धिदर मुद्रास्फिति दर भन्दा कम भएमा,

४. बजारीकरण खर्च अत्यधिक भएमा,

५. कर्मचारी खर्च बढी भएमा,

६. सदस्य दोहोरोपनाका कारण भाखा नाघेको ऋण अत्यधिक भएमा,

७. जगेडा कोष लगायतका संस्थागत पूँजी नकारात्मक भएमा वा नियमित ५ प्रतिशत भन्दा कम भएमा,

८. कर्मचारीले कम्तीमा बैंक वित्तीय संस्थाहरू सरह वा हाराहारी सेवा सुविधा नपाएमा,

९. कुल सम्पत्तिको अनुपातमा शेयर रकम २० प्रतिशत भन्दा बढी भएमा ।

१०. भाखा नाघेको ऋण कुल ऋण लगानीको अनुपातमा अत्यधिक भएमा (५ प्रतिशत बढी भएमा) तर ऋण भाखा नाघेर समस्यामा परेका संस्थाहरू एकीकरण गर्नु हुँदैन ।

११. तरलता कम हुने दर नरोकिएमा । सामान्यतया वचत निक्षेपको आधारमा १५ प्रतिशत भन्दा कम हुँदै गएमा ।

तर खराब ऋणहरू वा खराब सम्पत्तिहरू धेरै भएका सहकारीहरू एकीकरण गर्नु हुँदैन ।

*श्रोत : बल्लभ तिमिल्सिना*

एकीकरणलाई जोड दिँदै शुरूमा नेउलापुर मध्यवर्ती साकोस, प्रयत्न साकोस, श्रीकृष्ण सहकारी र जनचेतना सहकारी एकीकरण गरि हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी नामाकरण भएको थियो । दोस्रो चरणमा जागृती महिला बचत, कर्णाली बचत र जलेश्वर सहकारी एकीकरण भएका थिए भने पछिल्लो समय हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी र राधाकृष्ण बचत तथा ऋण सहकारीबीच पनि एकीकरण भएको छ ।

संस्था लि. बीच एकीकरण भई मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थाबाट एकीकृत कारोवार शुरू भएको छ ।

आ.व. २०७६/०७७ को माघ मसान्तसम्म विभिन्न प्रकृतिका १ सय सहकारी संस्थाहरू एकीकरण भई ४३ सहकारी कायम भएको सहकारी विभागको तथ्यांक छ । यसमध्ये गत आ.व.मा मात्र नेफ्स्कूनमा आवद्ध ७० बचत तथा ऋण सहकारी संस्थाहरू एक आपसमा गाभिई ३४ बचत तथा ऋण




पछिल्लो समय दोलखाका दश सहकारी एकीकरणका लागि पनि बागमती प्रदेश सरकार-भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको २०७७ असार ५ गतेको निर्णयले स्वीकृति प्रदान गरेको छ । भिमेश्वर नगरपालिका, कालिञ्चोक गाउँपालिका, बैतेश्वर गाउँपालिका र विगु गाउँपालिकाका गरी सातवटा बचत तथा ऋण सहाकारी संस्था र तीनवटा कृषि सहकारी संस्था एकीकरण भएका छन् । मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि., श्री धर्तिमाता बचत तथा ऋण सहकारी संस्था लि., श्री प्रगतिशिल परोपकार बचत तथा ऋण सहकारी संस्था लि., एकता बचत तथा ऋण सहाकरी संस्था लि., श्री ध्रुवतारा कृषि सहकारी संस्था लि., श्री च्यासे भगवती बचत तथा ऋण सहकारी संस्था लि., लामपोखरी कृषि सहकारी संस्था लि., श्री जल्पाश्वरी महिला कृषि सहकारी संस्था लि., श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. र श्री गगनचुम्बी बचत तथा ऋण सहकारी

सहकारी संस्था कायम भएका छन् । यस अवधिमा मकवानपुरको नमुना साकोस र प्रगति साकोस, चितवनको स्याउली बजार साकोस र गतिशील साकोस, रूपन्देहीको धनकोष साकोस र एफइसी साकोस, काठमाडौंको मनकामना साकोस र नवकाभ्रेली साकोस, चितवनको अभिवृद्धि साकोस र दिपज्योती सकोस, रूपन्देहीको आस्थाश्री र नेपाल टुगा साकोस, नवलपरासीको नवप्रगति साकोस र पृथ्वी साकोस, नवलपरासीको नारीकल्याण साकोस र मुकुन्दसेन साकोस, नवलपुरको पारदर्शी, शुभकामना र परोपकार साकोस, ललितपुरको हाम्रो थैली साकोस र हाम्रो नमुना साकोस, मकवानपुरको मखमली साकोस र श्रमिक साकोस एकीकरण भए भने यसै आ.ब.मा रूपन्देहीको तारापुञ्ज साकोस कोलिय देवदह साकोससँग, रूपन्देहीको पटकसार साकोस जनउत्थान साकोससँग, कास्कीको शिशुवा महिला साकोस पोखरा रोयल साकोससँग र चितवनको सौहार्द साकोस किसान साकोससँग एकीकरण भएका थिए । प्राकृतिक साकोस र माता बिन्दवासिनी बीच एकीकरण भई प्राकृतिक साकोस, गोदावरी ६, ललितपुर कायम भएका छन् । प्रभात दिदीबहिनी र शक्तिखोर महिला विकास साकोस एकीकरण भई प्रभात दिदीबहिनी साकोस भरपुर १२ चितवन कायम भएको छ ।

मकवानपुर नमुना साकोस र संगम साकोस एकीकरण भई मकवानपुर प्रगति साकोस बनेको छ । नवदुर्गा साकोस र लेकाली डाँफे कृषि एकीकरण भई नवदुर्गा साकोस पनौती ९ काभ्रे बनेको छ ।

काभ्रेको पनौतीमा रहेको नवदुर्गा साकोस र काभ्रेको श्री लेकाली डाँफे कृषि सहकारी संस्था एकीकरण भएर श्री नवदुर्गा साकोस बनेको छ । महोत्तरीको बर्दिबासस्थित साथी साकोस, जुनतारा साकोस, नमुना साकोस र शुभसमय साकोस बीच एकीकरण सहमती भई असार १९ गते एकीकृत विशेष साधारणसभाको आयोजना मार्फत एकीकृत बचत तथा ऋण सहकारी संस्था बनेको छ । त्यसैगरी काठमाडौं थानकोटस्थित चन्द्रागिरि साकोससँग ललितपुरको रिचमण्ड साकोस एकीकरण भई संयुक्त कारोवार सहित कार्यक्षेत्र विस्तार गरेको छ ।

एकीकरणको विषय अन्तरसहकारी सम्बन्धको सैद्धान्तिक धरातलमा समेत अटाएको छ । यसलाई राज्यको माग र आवश्यकता अनुरूप थप प्रोत्साहन र प्रवर्द्धन गर्नुपर्ने खाँचो छ । सदस्यका सबैखाले अपेक्षाहरूको यथोचित सम्बोधनका लागि पनि साना सहकारीहरू एकीकृत हुनुपर्ने बाध्यता छ । प्रविधिमा फड्को मार्न, मानव संशाधनलाई दीक्षित र प्रशिक्षित बनाउन र कारोवारको आयातन बढाउँदै मुलुककै अर्थ व्यवस्थामा महत्वपूर्ण भूमिका खेल्न सहकारी एकीकरणको विकल्प छैन । यसका लागि राज्यले कर छुटसँगै प्रोत्साहन प्याकेज उपलब्ध गराउन सके समग्र सहकारी अभियानलाई नै नयाँ गति र उचाई प्रदान गर्ने यो महाअभियान सफल हुनेमा विश्वास गर्न सकिन्छ ।

# नेफ्स्कूनमा सल्लाहकार मनोनित



नेफ्स्कूनको सल्लाहकारमा निवर्तमान अध्यक्ष र पूर्व अध्यक्षहरू मनोनित हुनुभएको छ । संघका निवर्तमान अध्यक्ष डीबी बस्नेत र पूर्व अध्यक्षहरू मीनराज कंडेल र ऋषिराज घिमिरे संघको सल्लाहकार मनोनित हुनुभएको हो । साउन १ गते संघको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमका बीच संघका अध्यक्ष परितोष पौड्यालले सम्मान स्वरूप सल्लाहकार नियुक्त गर्ने प्रचलनको निरन्तरता सहित अभियानको दीगो विकासमा अग्रजहरूको मार्गनिर्देशन शिरोपर रहेको विचार व्यक्त गर्नुभयो । संघको सञ्चालक समितिको बैठकले उहाँहरूको योगदानको उच्च मूल्यांकन गर्दै भोलीका दिनमा समेत अभिभावकीय मार्गदर्शनको आवश्यकता महसूस गरी सल्लाहकार मनोनित गरेको हो ।

❑ ❑ ❑

# अन्तर्राष्ट्रिय क्रेडिट युनियन दिवस २०२० को विषयवस्तु तय




यस वर्ष अन्तर्राष्ट्रिय क्रेडिट युनियन दिवस अर्थात् (ICU Day) को विषयवस्तु विश्व समुदायका लागि आशाको प्रेरणा तय गरिएको छ । सन् २०२० को अक्टोबर २० मा विश्वभरका बचत तथा ऋण सहकारीहरूले विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाउने कार्यक्रम तय भएको हो । अमेरिकाको म्याडिसन स्थित विश्व ऋण परिषद् (ओकु) ले आफ्नो आधिकारिक वेबसाइट मार्फत यस वर्षको थिम् तय भएको जानकारी गराएको हो । विश्वव्यापी कोरोना भाइरस महामारीका बीच समुदायमा वित्तीय सेवा, शिक्षा र सहयोगका माध्यमबाट आशाको सञ्चार गराउन विश्वभरका बचत तथा ऋण सहकारीहरू सक्षम भएको विषय प्रकाश पार्न उपयुक्त विषयवस्तु तय गरिएको ओकुले जनाएको छ । महामारीका समयमा पनि विश्वभरका बचत तथा ऋण सहकारी संस्थाहरूले उच्चस्तरको सेवा प्रदान गरेको उल्लेख गर्दै ओकुका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत ब्रायन बान्चले भूमिका सुहाउँदो नारा तय गरिएको बताउनुभयो । अन्तर्राष्ट्रिय क्रेडिट युनियन दिवस प्रत्येक अक्टोबर महिनाको तेस्रो बिहिबार मनाउने प्रचलन सन् १९४८ देखि प्रारम्भ भएको हो ।

# जिल्ला बचत संघ मोरङको अध्यक्ष तथा व्यवस्थापक अन्तरक्रिया आयोजना

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मोरङको आयोजनामा संघमा आवद्ध साकोसका अध्यक्ष र व्यवस्थापकहरूसँग अन्तरक्रिया भएको छ ।

संघको भावी योजना तथा कार्यक्रम सम्बन्धी सुझाव संकलन गर्ने उद्देश्यले असार २३ र २६ गते छुट्टाछुट्टै अन्तरक्रिया आयोजना गरेको हो ।

संघका अध्यक्ष सोमनाथ निरौलाको सभापतित्वमा आयोजित कार्यक्रममा नेफ्स्कूनका सञ्चालक घनश्याम अधिकारी, संघका पदाधिकारी एवं सञ्चालक समिति र लेखा समितिका सदस्यहरू, विभिन्न ८ वटा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै नेफ्स्कूनका सञ्चालक घनश्याम अधिकारीले साकोस अभियान मार्फत सदस्यलाई उद्यमशीलता तर्फ उत्प्रेरित गर्न र कोभिड १९ ले निम्त्याएका चुनौतीहरूलाई अवसरको रूपमा लिएर अभियानलाई सशक्त ढंगले अगाडि बढाउन आग्रह गर्नुभएको थियो ।

संघले क्षेत्रगत रूपमा अध्यक्ष र व्यवस्थापक छनौट गरी कार्यक्रमको आयोजना गरिएको संघका व्यवस्थापक केदारनाथ दुलालले जानकारी गराउनुभयो । अन्तरक्रिया कार्यक्रममा संघले विगतमा गर्दै आएका कार्यक्रमहरू, संघको वित्तीय तथा गैरवित्तीय अवस्थाका बारेमा संघका बरिष्ठ उपाध्यक्ष प्रेमप्रकाश कोइराला र सचिव एकराज निरौलाले जानकारी गराउनुभएको थियो ।

संघको प्रस्तुति पछि सहभागीहरू बीच सदस्य विस्तार, बचत/निक्षेप, ऋण लगानी, शिक्षा तथा तालिम, साकोस अनुगमन, सूचना, सञ्चार र प्रविधि, स्टेशनरी प्रकाशन तथा वितरण र आगामी कार्यक्रमका विषयमा बृहत छलफल गरी सहभागीहरूबाट रचनात्मक र सकारात्मक सुझावहरू सङ्कलन गरिएको र प्राप्त सुझावहरूलाई संघको आगामी चार वर्षे रणनीतिक योजनामा समावेश गरिने संघका अध्यक्ष सोमनाथ निरौलाले बताउनुभयो ।

अन्तरक्रियाका क्रममा सहभागी अध्यक्ष तथा व्यवस्थापकहरूले संघको भावी योजना तथा कार्यक्रम तय गर्न छलफल उपलब्धीमूलक रहेको बताउँदै संघ र साकोसहरूको संस्थागत दीगो विकासका निमित्त सघन अनुगमनको आवश्यकता र विशिष्टीकृत क्षेत्रका लागि सहुलियत ब्याजदरमा ऋण लगानीको आवश्यकताका विषयमा जोड दिनुभएको थियो ।

❑ ❑ ❑

# ठाकुरबाबाका एघार क्वारेन्टाइनमा सिको साकोसको फलफूल वितरण




बर्दिया स्थित सिको बचत तथा ऋण सहकारी संस्थाले असार १ गते दोस्रो स्थापना दिवसको अवसरमा ठाकुरबाबा नगरपालिकाका ११ वटा क्वारेन्टाइनमा फलफुल वितरण गरेको थियो । कोभिड १९ महामारीका कारण संस्था स्थापना दिवसको औपचारिक कार्यक्रम सम्भव नभएपनि परिस्थिति हेरेर स्थानीय प्रशासनको स्वीकृतिमा नगरपालिकामा सञ्चालित ११ वटा क्वारेन्टाइनमा रहनुभएका व्यक्तिहरू लगायत स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई फलफुल वितरण गरिएको संस्थाका व्यवस्थापक हरिहर पौडेलले जानकारी गराउनुभयो ।

२०७६ असार १ गते सिर्जना साकोस, कोशेली साकोस र लक्ष्मी साकोस एकीकरण भई स्थापना भएको सिको साकोसमा केही महिना पश्चात लालुपाते साकोस र बालकुमारी साकोस पनि एकीकरण भएका थिए । ६ वटा संस्था एकीकरण भई गत वर्ष ठाकुरबाबा नगरपालिकामा प्रथम सहकारी संस्था दर्ता भएको थियो । ७ हजार ७ सय २२ जना शेयर सदस्य रहेको सिको साकोसको कुल पूँजी २८ करोड रहेको छ ।

# सहकारी मैत्री बन्दै नेकोस सफ्ट्वेयर



**रञ्जनमणि पौड्याल**

तालिम अधिकृत
नेफ्स्कून

> क्यूआर कोड मार्फत सदस्यले संस्थामा रहेको आफ्नो खाताबाट अर्को सेवाप्रदायक स्थानमा राखिएको क्यूआर कोड प्रयोग गरी सजिलै रकम भुक्तानी गर्न सक्तछन् । नबिनतम प्रविधि प्रयुक्त सहकारी र उपभोग गर्दा सदस्य दुवै प्रसन्न छन् । यस्तै महामारीको समय मोबाईल एप्लिकेशन मार्फत मोबाईल र डिसहोम रिचार्ज तथा इन्टरनेट र बिजुलीको बिल पनि सहज भुक्तानी गर्न सकेका छन् ।

कोभिड–१९ महामारीका कारण विश्वसँगै नेपालमा पनि आर्थिक लगायत विविध समस्याहरू सिर्जित छन् । विपत्तिले जन्माएका स्वाभाविक नकारात्मक पाटाहरूका विषयमा सहकारी क्षेत्र अनभिज्ञ छैन । सञ्चारमाध्यमहरूमा यस्ता विषयले प्राथमिकता पाउँदा कथाको अर्को पाटो ओझेलमा पर्ने गरेको छ । समस्यासँगै समाधानको जन्म हुन्छ वा अवसरलाई चुनौतीमा परिणत गर्नुपर्छ भने झैं समुदायमा बाक्लो व्यक्तिगत र सामुहिक सम्पर्कको घनिष्ठतामा व्यवसाय गर्दै आएको सहकारी क्षेत्र लकडाउनको प्रारम्भिक चरणमा केही कष्ट र अन्योलमा रह्यो । यद्यपि, बन्दाबन्दीलाई समस्या भन्दा पनि अवस्थाका रूपमा लिनुपर्छ भन्ने ठहर वित्तीय सहकारीको केन्द्रिय निकाय, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले तत्कालै गर्‍यो ।

व्यावसायिक सहजता, सुलभता र समयको माग सम्बोधनका खातिर सहकारीले प्रविधिसँगै सफ्ट्वेयरमा फड्को मार्नुपर्छ भनेर यस दिशामा काम गर्न नेफ्स्कूनले आग्रह गर्‍यो । फलस्वरूप नेफ्स्कून आफै र प्रारम्भिक संस्थाहरू सफ्ट्वेयर प्रविधि विकास र स्तरोन्नतिका क्षेत्रमा अध्ययन अनुसन्धानमा जुटे । प्रतिस्पर्धी बजारमा आफुलाई अब्बल देखाउन र सहकारीलाई कागजी ढर्राको पुरातन सोचबाट मुक्त गर्न सफ्ट्वेयर प्रविधिमा देखिने गरी काम गर्नै पर्ने अवस्था सिर्जना भयो । यसको मौका छोपेर धेरै सहकारीहरूले सफ्ट्वेयर प्रविधिमा विशेष जोड दिएका छन् ।

प्रविधि बृहत क्षेत्र हो । प्रविधि भन्नाले कुनै व्यक्ति, संस्था, निकाय वा संगठनदेखि माथिल्लो र बृहत्तर क्षेत्रसम्मका सैद्धान्तिक र व्यावहारिक उद्देश्य प्राप्तिका लागि प्रमाणित वैज्ञानिक ज्ञानको प्रयोग भन्ने बुझिन्छ । वैज्ञानिक ज्ञानको उपोयद्वारा विकसित मेशिन, औजार तथा उपकरण हो प्रविधि । यो व्यावहारिक विज्ञानसँग सम्वद्ध ज्ञानको हाँगा हो । निर्दिष्ट लक्ष्यहरू हासिल गर्न प्रयुक्त सीप, दक्षता र प्रक्रियाको सम्मिश्रण हो अनि यो विज्ञान हो जसका माध्यमद्वारा समस्या समाधान गर्ने वा नवीन औजार विकास गर्ने व्यावहारिक दक्षता सम्भव हुन्छ । प्राविधिक माध्यमको सिर्जना र प्रयोगको ढोका खोल्ने ज्ञानको यो हाँगाले सञ्चार प्रविधि, सूचना प्रविधि, सफ्ट्वेयर प्रविधि, निर्माण प्रविधि, उत्पादन प्रविधि, व्यावसायिक प्रविधि, शैक्षिक प्रविधि, अन्तरिक्ष प्रविधि, मनोरञ्जन प्रविधि, सञ्चालन प्रविधि, सहायता प्रविधि, कृषि प्रविधि, कृत्रिम प्रविधि आदि अनेकन पक्षहरू समेट्दछ । हुन त यी सबै प्रविधिगत परिवर्तन २१ औं शताब्दीको माग भएपनि

विशेषत वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको हकमा सफ्ट्वेयर प्रविधिमा पहुँचको विषय यहाँ उठान गरिएको हो । कागजी काम विस्थापित गरेर सफ्ट्वेयर प्रविधिमा प्रवेश गर्नुपर्ने र भैरहेको सफ्ट्वेयरको क्षमता तथा स्तर अभिवृद्धिसँगै सेवा विविधिकरण जस्ता काममा सहकारीहरूको प्रयोग र पहुँच विस्तारै अभिवृद्धि हुँदै गएको अवस्था छ ।

देशभरका वित्तीय सहकारीहरूको अभिभावक संघ भएकोले नेफ्स्कूनले धेरै अघिदेखि सफ्ट्वेयर प्रविधि संयोजनको भूमिका निर्वाह गर्दै आएको संघका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमल्सिना बताउनुहुन्छ । फलस्वरूप २०६६ सालबाट नेफ्स्कूनले NECOS (नेकोस) सफ्ट्वेयर सेवा शुरू गरेको इतिहास उहाँले कोट्याउनु भयो । NECOS भन्नाले NEFSCUN Cooperative System (नेफ्स्कून सहकारी प्रणाली) बुझिन्छ । हाल नेफ्स्कूनसँग ३ प्रकारको नेकोस सफ्ट्वेयर सञ्चालनमा छन् । नेकोस लाइट, नेकोस प्लस र नेकोस अल्टिमेट । यी तीन प्रकारका सफ्ट्वेयरहरू संस्थाको कारोवार र क्षमताको आधारमा क्रमशः विकसित रूप हुन् । सहकारीहरूको लेखा प्रणालीमा एकरूपता ल्याउन तथा कारोबाहरूलाई सुरक्षित, चुस्त एवं पारदर्शी बनाउन विकास गरिएका यी सफ्ट्वेयर नेफ्स्कूनको सञ्जाल भित्र र बाहिर लोकप्रिय बनिरहेको दाबी तिमल्सिनाको छ । पछिल्लो समय सरकारद्वारा सबै प्रकृतिका सहकारीहरूमा वित्तीय प्रतिवेदन ढाँचामा एकरूपता कायम गर्न जारी गरिएको लेखा नीति, लेखा सूची र लेखा मापदण्ड २०७६ अनुसारको लेखा ढाँचामा सजिलै प्रतिवेदनहरू प्रदान गर्न सक्ने विशेषता बोकेको नेकोस सफ्ट्वेयर मार्फत संस्थाहरूले सेवा केन्द्रहरूको कारोवार एकमुष्ट वा छुट्टाछुट्टै प्रविष्टी, दैनिक खाताबन्दी, भुक्तानी पूर्जा (चेक), सेयर प्रमाण पत्र तथा कारोवारका बील भौचरहरू प्रिन्ट सुविधा मात्र होइन एसएमएस, इ नेकोस तथा एटीएम नेटवर्क जडान समेत गर्न मिल्ने व्यवस्था रहेको दावी व्यवसाय




विभाग प्रमुख तिमल्सिनाले गर्नुभयो । यही लकडाउनको अवसर पारेर नेफ्स्कूनले सफ्ट्वेयर सेवा प्रदायक कम्पनी एक्सक्लूसिभ माइन्डज्सँगको सहकार्यमा क्यूआरकोड (क्वीक रेस्पोन्स) भुक्तानी सेवा समेत प्रारम्भ गरेको छ ।

नेफ्स्कूनका सूचना प्रविधि अधिकृत राजन सुवेदीका अनुसार यस लकडाउन अवधिमा करिब १० वटा वित्तीय सहकारीहरूले नेफ्स्कूनको सफ्ट्वेयर सेवा लिएका छन् भने करिब ३० वटा संस्थाले क्यूआरकोड भुक्तानी सेवा शुरू गरेका छन् । यसको परिक्षण पूर्वको मोरङस्थित इटहरा साकोसमा गरिएको र औपचारिक सुरूवात काठमाडौंको स्वयम्भू स्थित हाम्रो एकीकृत बचत तथा ऋण सहकारी संस्था लि. बाट गरिएको उहाँले जानकारी गराउनुभयो । क्यूआर कोड मार्फत सदस्यले संस्थामा रहेको आफ्नो खाताबाट अर्को सेवाप्रदायक स्थानमा राखिएको क्यूआर कोड प्रयोग गरी सजिलै रकम भुक्तानी गर्न सक्तछन् । नबिनतम प्रविधि प्रयुक्त सहकारी र उपभोग गर्दा सदस्य दुवै प्रसन्न छन् । यस्तै महामारीको समय मोबाईल एप्लिकेशन मार्फत मोबाईल र डिसहोम रिचार्ज तथा इन्टरनेट र बिजुलीको बिल पनि सहज भुक्तानी गर्न सकेका छन् । मोबाईल एप्स मार्फत नै अन्य बैंक खाताको रकम सहकारीमा सार्न र त्यसमार्फत ऋण भुक्तानी वा बचत गर्न सकिने आरामदायी सुविधा सदस्यहरूलाई उपलब्ध भएको छ ।

बजारमा अन्य सहकारी सफ्ट्वेयर सेवा प्रदायकहरू उपलब्ध रहेपनि उनीहरूको तुलनामा नेफ्स्कूनको सञ्जाल, प्राविधिक सहायता र दीगोपना लगायत थुप्रै कारणले नेकोस सफ्ट्वेयरको बजार बढ्दो रहेको अर्का सूचना प्रविधि अधिकृत प्रवीण अधिकारीले बताउनुभयो । विगतमा अन्य सफ्ट्वेयर प्रयोग गर्नेहरू पनि विस्तारै नेकोस सफ्ट्वेयरसँग आवद्ध हुने क्रम बढ्दो रहेको सूचना अधिकृत सुवेदीले दाबी गर्नुभयो । खुसीको कुरा त के हो भने नेकोस सफ्ट्वेयरका प्रयोगकर्ता वित्तीय सहकारी बाहेकका विषयगत संघसंस्था र नेफ्स्कून सञ्जाल बाहेकका वित्तीय सहकारीहरू पनि छन् । अबको युग नगद, कागज र शाखारहित डिजिटल फाइनान्सिङको भएकोले यसतर्फ नेफ्स्कूनका कदमहरू परिलक्षित भएको सूचना अधिकृत अधिकारीको भनाई छ ।

अहिले विश्वमा प्रविधिको रजगज छ । प्रविधिको पहुँच, विस्तार र सर्वसुलभतामा सेवा प्रदायकहरूबीच तँछाडमँछाड छ । त्यसमाथि सन् २०२० भन्दा जेठो कोभिड-१९ महामारीका कारण सिर्जित भौतिक दुरीको बाध्यात्मक अवस्थाले त झन् प्रविधि अबको पहिलो प्राथमिकता बनेको छ । जहाँसम्म वित्तीय सहकारीको विषय छ, पैसाजस्तो संवेदनशील कारोवारमा संलग्न संघसंस्थाहरूका लागि दरिलो प्रविधिगत आधार अपरिहार्य छ । सहकारीले संस्थाहरूले आफुलाई मात्र होइन सदस्यहरूलाई पनि प्रविधिको पहुँच र उपयोगका लागि उत्प्रेरित गर्नुपर्दछ जसले सफ्ट्वेयर तथा अन्य प्रविधिको प्रयोगबाट धेरैभन्दा धेरै पक्षहरू लाभान्वित हुन सकुन् । यो महामारी पछि परिमार्जन गर्नुपर्ने वा थप्नु पर्ने विषय भनेको प्रविधिको पहुँच र उपयोगको सहज वातावरण निर्माण हो । अब डिजिटल लिट्रेसी (प्रविधि साक्षरता) का व्यावहारिक उपादेयतालाई सदस्य, सञ्चालक र कर्मचारीहरू माझ घाम झैं छर्लङ्ग हुने गरी राख्न सक्नुपर्छ । यसले गर्दा सहकारी क्षेत्रपनि क्यासलेस इकोनोमी (नगदरहित अर्थतन्त्र), को विश्व अर्थतन्त्रसँग चाँडै मितेरी साइनो स्थापना गर्न सफल हुने विश्वास गर्न सकिन्छ । लकडाउनको उपयोग गर्दै संघका प्राविधिक कर्मचारी समेतको संलग्नतामा दर्जनौं नयाँ विशेषता थप गरिएको छ ।

❑ ❑ ❑

# नेकोस सफ्ट्वेयर नवीनतम सुविधासहित स्तरोन्नत हुँदैछ



**राजीव कर्ण**
प्रमुख कार्यकारी अधिकृत
एक्सक्लुसिभ माइन्डज्,
सफ्ट्वेयर साझेदार कम्पनी, नेफ्स्कून

हामी नेकोस प्लसलाई एशियास्तरको गुणस्तर सुनिश्चितता कार्यक्रम एक्सेस् ब्रान्ड पाएका र उक्त कार्यक्रममा सहभागी ठूला अनि सफल संस्थाहरुको माग लक्षित नयाँ स्वरुप (भर्जन) लिएर आउँदै छौं । साना, मझौला र ठूला संस्थाहरुको आवश्यकता अनुरुप विशेष सुविधा (फिचर) र विशेष सहायता सहितको लागतमा आधारित (कस्ट बेस्ड) सफ्ट्वेयर सुविधा प्रदान गर्ने हाम्रो योजना हो ।

**सहकारीसँगको एक्सक्लुसिभ माइन्डज्को सफ्ट्वेयर सहकार्य सुरूवात कसरी भयो ?**

धेरै वर्षअघि हाम्रो एकजना पुरानो ग्राहक वित्तीय सहकारी अभियानसँग जोडिनुभयो । उहाँले नै हामीलाई सहकारी सफ्ट्वेयर विकास गर्न आग्रह गर्नुभएको थियो । त्यतिबेला सूचना प्रविधिको विविध क्षेत्रमा हात हालेको हाम्रो कम्पनीलाई सहकारी क्षेत्रसँग जोडिने अवसर सिर्जना भयो र हामीले काम गऱ्यौं । सुरुमा हामीले एक्सक्लुसिभ बैंक प्रो नामक सफ्ट्वेयर बनाएका थियौं । नेफ्स्कूनसँग औपचारिक रूपमा जोडिनु अघि हामीसँग सफ्ट्वेयरका करीब ३५ वित्तीय सहकारी ग्राहक थिए ।

**नेफ्स्कूनसँगको सहकार्य कसरी अघि बढ्यो ?**

२०६६ सालतिर जोडिएपनि अहिलेको जस्तो संयुक्त साझेदारीको सुरुवात भने २०७१ साल जेठ १० गतेबाट भएको हो । नेफ्स्कूनले पहिले नेकोस सफ्ट्वेयर बिक्री गरेको थियो । पछि नेफ्स्कूनले बजारीकरण र बिक्री गर्ने तथा हामीले विकास र सहयोग गर्ने आपसी समझदारी गऱ्यौं । यसले गर्दा हाम्रो सहकार्य थप मजबूद भएको छ । खास भन्ने हो भने यो हामीबीचको सहकारिताको उत्तम नमूना हो । पारस्परिकताको सहकारी मुल्यलाई हाम्रो साझेदारीले मलजल गरेको छ ।

**तपाईको संस्थाको सहकारी सफ्ट्वेयर व्यवसायको अवस्था अहिले कस्तो छ ?**

विगत १७ वर्षदेखि प्रविधिका विविधि क्षेत्रमा काम गरिरहेका छौं । अहिले हाम्रा सेवाग्राही वित्तीय सहकारीहरूको संख्या ७ सय पुगेको छ । नेफ्स्कूनसँगको सहकार्य पूर्व जोडिएका करिब ३ दर्जनमध्ये अहिले करिब ७ वटामात्र हाम्रा ग्राहक छन् बाँकी अधिकांश नेफ्स्कूनको सञ्जाल र बाँकी केही पनि उहाँहरू मार्फत नै हामीसँग जोडिएका छन् । बद्लिदो परिवेश र सेवाग्राहीहरूको चाहना अनुरुप सुविधाहरू सफ्ट्वेयरमा थप गर्दै लाने र आफै पनि अरू भन्दा कसरी पृथक सेवा प्रदान गर्न सकिन्छ भनेर अहोरात्र खटिएका छौं । हाम्रो व्यवसाय र नेफ्स्कूनसँगको सहकार्यबाट हामी एकदम सन्तुष्ट छौं ।

**पछिल्लो समया सफ्ट्वेयर प्रविधिका विषयमा सहकारीहरूमा कस्तो अवधारणागत परिवर्तन पाउनुभएको छ ?**

विगत २ वर्षदेखि सहकारीहरूमा प्रविधि सचेतना बढेको महसूस गरेको छु । नेफ्स्कूनको पहुँच वृद्धिसँगै निरन्तरको

शिक्षा, तालिम र वकालतका कारण साकोसहरूले पनि प्रविधिको महत्व बुझेको मैले ठानेको छु । केही वर्षअघि सम्म सफ्ट्वेयरलाई अनावश्यक खर्च वा आर्थिक बोझको रूपमा लिने संस्थाहरू आज भने समयानुकूल परिवर्तन हुनुपर्ने रहेछ, सफ्ट्वेयर प्रविधिमा गरेको खर्चले अन्ततोगत्वा संस्थाको इमान्दारी, विश्वसनीयता र पारदर्शीतामा प्रत्यक्ष प्रभाव पारी समग्र कारोवारमै सकारात्मक प्रभाव पार्दो रहेछ भन्ने चेत आएको छ । सदस्य चाहना, प्रतिस्पर्धी वित्तीय संघसंस्थाहरूको कामकारवाही र विश्व परिवेशका कारण पनि हुनसक्छ आजभोली सहकारीहरू राम्रो सफ्ट्वेयर सेवा प्रदायकको खोजीमा देखिएका छन् ।

**कोभिड-१९ को महामारीका कारण सिर्जित लकडाउनले तपाईहरूको काममा केही परिवर्तन ल्याएको छ कि ?**

हामी केही कार्यालयबाट र केही घरबाट काम गरिरहेका छौं । हाम्रो लागि भनेको अरू सामान्य अवस्थामा पनि बाहिर बढी हिड्डुल भन्दा एक ठाउँमा बसेर काम गर्नुपर्ने हुन्छ । यो समयमा हामी बढी अध्ययन, अनुसन्धान र खोजमा समय व्यतित गर्न पाएका छौं । त्यसैगरी, यो बन्दाबन्दीले धेरै सहकारीहरूलाई सफ्ट्वेयरको आवश्कता र महत्वबोध गराएको छ । यसले हामी खुसी छौं । वित्तीयसँगै प्रविधि साक्षरताको विषयले पनि विस्तारै प्राथमिकता पाउन थालेको छ । तर अझै दूरदराजका सहकारीहरूमा यी विषयमा ज्ञान र चेतनाको अभाव पक्कै छ ।

**बजारमा सहकारी सफ्ट्वेयर सेवा प्रदायकहरू धेरै छन् ? अरू भन्दा एक्सक्लुसिभ माइन्डज् कुन अर्थमा फरक छ ?**

हुनत सबैले आफु राम्रो छु भन्छन् । यो त एउटा "क्लिसे" नै भैसक्यो । यद्यपि, नेफ्स्कूनसँगको सहकार्यको यात्राले खारिँदै र माझिदै गएका हामी के दावी गर्न सक्छौं भने हामी अफोरडेबल र आन्सरेवल दुवै छौं अर्थात् ठूला त भइहाले साना सहकारीहरूको पनि खर्चले धान्ने र हाम्रो सफ्ट्वेयरका सम्बन्धमा केही जानकारी अभाव वा कुनै समस्या आएमा झर्को नमानी बारम्बार सेवा प्रदान गर्छौं । नेपालमा पहिलो वेबमा आधारित (वेब बेस्ड) पहिलो सहकारी सफ्ट्वेयर सेवा प्रदायक हौं हामी । हाम्रो सफ्ट्वेयर प्रयोग गर्न एकदमै सजिलो छ ।

सबै प्रयोगकर्ता र सम्भावित प्रयोगकर्ताले के बुझ्नुपर्छ भने हाम्रा अधिकांश सदस्य नेफ्स्कूनका सदस्य हुन् । नेफ्स्कूनको सञ्जाल देशभर छ । त्यहीबाट पनि कतिपय समस्या समाधान हुन्छन् । फिल्ड कार्यालयबाट समाधान नभएको विषय मुख्य कार्यालयको सूचना प्रविधि शाखाका राजन जी, प्रवीण जी र अनीत जीले सम्बोधन गर्नुहुन्छ । यति गर्दा पनि केही थप जिज्ञासा र समस्या भए हामी सदा तत्पर छौं । यसले गर्दा हाम्रा सेवाग्राहीहरूमा के विश्वास छ भने सफ्ट्वेयरका विषयमा केही समस्या भए कम्तीमा ३ तहबाट समाधान सम्भव छ । नेफ्स्कूनसँग जोडिएपछि हाम्रो पनि कार्यबोझ कम भएको छ र अन्य सुविधाहरू थप गर्ने काममा जुट्न सकेका छौं । नेफ्स्कूनलाई पनि विकेन्द्रीत सञ्जालसँगै एक्सक्लुसिभ माइन्डज् छ भन्ने आधार छ । बजारमा देखिएका धेरै सेवा प्रदायकहरूले यो सुविधा कसरी प्रदान गर्न सक्छन् । उनीहरूलाई सफ्ट्वेयरको विकास, विस्तारदेखि बजारीकरणसम्म आफै जोडिनुपर्ने अवस्था छ । सीमित लगानी र स्रोत साधनमा सेवाग्राहीको माग सम्बोधन गर्न उनीहरूलाई हम्मे पर्छ ।

**अहिले सफ्ट्वेयरका सम्बन्धमा सहकारी बजारको माग के हो ?**

अहिलेको माग भनेको विश्लेषणात्मक औजार (Analytical Tool) सहितको सफ्ट्वेयर सुविधा हो । आधारभूत प्राथमिकताहरू त भन्नै परेन । धेरैले सोध्दा पनि सोध्दैनन । अब भनेको सफ्ट्वेयरले दिने वित्तीय प्रतिवदेन र तथ्यांकहरू विश्लेषण सहितको हुनुपर्‍यो जसले सहकारीहरूको कामको बोझ पनि कम होस् र उपलब्ध विश्लेषण व्यवसाय वृद्धिका लागि सहयोगीसिद्ध हुन् ।

**चुनौतीहरू के छन् ?**

हरेक क्षेत्रमा चुनौती हुन्छन् । चुनौतीहरूले नै सिर्जनाको सुनौलो बिहानीतर्फ मोडाउने हो । हाम्रो चुनौती भनेको पुरानो लेगसी डाटाबेसलाई कायम राख्दै नयाँ प्रविधिगत फिचरहरू स्तरोन्नति गर्दै लानु हो । पुरानो कामलाई असर नपर्ने तर नवीन माग र आवश्यकतालाई समाविष्ट गरी अघि बढ्ने काम पक्कै चुनौतीपूर्ण छ । हामीलाई लाग्छ हामी यसमा खरो उत्रेका छौं ।

**एक्सक्लुसिभ माइन्डज्को भावी योजना र रणनीति के छन् ?**

हामीले अहिले सफ्ट्वेयरको बजारीकरण र बिक्रीको पाटोलाई पूर्णविराम लगाइसकेका छौं । हामी नेकोस प्लसलाई एशियास्तरको गुणस्तर सुनिश्चितता कार्यक्रम एक्सेस् ब्रान्ड पाएका र उक्त कार्यक्रममा सहभागी ठूला अनि सफल संस्थाहरूको माग लक्षित नयाँ स्वरूप (भर्जन) लिएर आउँदै छौं । साना, मझौला र ठूला संस्थाहरूको आवश्यकता अनुरूप विशेष सुविधा (फिचर) र विशेष सहायता सहितको लागतमा आधारित (कस्ट बेस्ड) सफ्ट्वेयर सुविधा प्रदान गर्ने हाम्रो योजना हो । हुनत यो काम हामीले अहिले पनि नेकोस लाईट, नेकोस प्लस र नेकोस अल्टिमेट सफ्ट्वेयरमार्फत गरिरहेका छौं तर अब थप सशक्त ढंगबाट सबै सेवाग्राहीहरूको माग सम्बोधन गर्ने गरी काम गर्दैछौं । नयाँ फिचरहरू थप्दै विकास र गुणस्तर वृद्धिमा एकाग्र भएर लागेका छौं । यसले हामीलाई विशेषज्ञता हासिल गर्न मद्दत पुग्दछ । अर्को, हामी बैङ्किङ र सहकारीबीचको पूर्णत प्रविधिकरणको सम्भावना खोजीमा पनि छौं । सहकारीबाट नगद झिक्ने काम न्यून गराउन स्थानीय बिक्रेता (भेन्डर) मार्फत हरेक स्थानीय स्तरमै वित्तीय सेवा विविधिकरण प्रयासमा छौं । यसमा नेफ्स्कून र समग्र सहकारी क्षेत्रको साथ र सहयोग लिएर अघि बढ्ने सोच बनाएका छौं ।

जय सहकारी ।

# तितेपातीले फेरिएको फुलकुमारीको जीवन

नेपालमा तितेपाती नचिन्ने सायदै औलामा गन्न सकिने मात्रै हुनुहुन्छ । प्राय हामी सबै नेपालीले तितेपाती चिनेका छौं र सामान्य रूपमा यसको औषधिय गुणका बारेमा पनि हामीलाई थाहा भएकै हुनुपर्छ । गाउँघरमा बस्दा खेतबारीमा घाँस दाउरा गर्दा हँसिया बञ्चरोले हात खु । काट्यो भने हामीले हतार हतारमा तितेपातीको मुन्टा मिचेर त्यसको रस काटेको ठाउँमा लगाउने प्रचलन गाउँघरतिर छ । आमा, बुबा, हजुरआमाले काटेको ठाउँमा तितेपाती मिचेर लगाइहाल भन्नुहुन्थ्यो ।

त्यस्तै यसको अर्को महत्वपूर्ण प्रयोगको बारेमा थाहा पाएको भने दशैंको टीकाको दिन बिहानै पातिको मुन्टा र पातिको फूल टिपेर ल्याइन्थ्यो । दशैंको टीका लगाएपछि जौ मकैको जमरा सँगै तितेपातीको फूल शिरमा लगाउने चलन परापूर्व कालदेखिनै चलिआएको छ । यसको अर्को प्रयोग भनेको बारीमा लसुन प्याज रोपेपछि अथवा अन्य साग सब्जीको बीउ विजन छरेपछि पातिको छापो हाल्ने चलन छ । जसले गर्दा विउ विजन चराचुरुङ्गीले खान नपाउने, बारी सुख्खा हुन नपाउने, अनावश्यक झारहरु उम्रिन नपाउने र बारीमा मलको पनि काम गर्ने हुँदा आमाहरुले बारीमा छापो हाल्ने काममा तितेपातीको अत्याधिक प्रयोग गर्नुहुन्थ्यो ।



**फुलकुमारी अधिकारी**
उद्यमी एवं ले.सु.स. सदस्य,
नागरिक समानता साकोस
मनमैजु, काठमाडौं

**उद्यमी परिचयः** समाजसेवी साथै सफल उद्यमी फुलकुमारी अधिकारी उद्यमी महिला पंक्तिमा एक सफल नाम हो । वि.सं. २०२९ साल पौष १५ गते नुवाकोट जिल्लामा जन्मिनुभएकी फुलकुमारी अधिकारी काठमाडौंलाई कर्मथलो बनाउँदै वि.सं. २०५४ सालमा काठमाडौंस्थित मनमैजु सहकारीको सदस्य बन्नुभयो । सहकारीलाई बचतको सारथी भन्दै नियमित बचत थालनी गर्नुभएकी फुलकुमारीले सासानो बचतबाट पैसा संकलन गरी उद्यमी बन्ने सपनालाई साकार पार्नुभयो । उहाँको उद्यमी बन्ने सपना ठूलो भएर मात्र होइन बाल्यकालदेखिनै बाबुको व्यावसायिक व्यावहारिक शिक्षा भएको उहाँ बताउनुहुन्छ, "घरमा ससाना कुखुराका चल्लाहरू ल्याएर हामीलाई काम लगाउनुहुन्थ्यो अनि चल्ला ठूला भएपछि बेचेर त्यो पैसा तिमिहरूका लागि भन्नुहुन्थ्यो ।" व्यावसायिक बन्ने प्रेरणा बाबुको त्यो समयको शिक्षा पनि हो भन्ने उहाँको बुझाई छ । पढेर मात्र होइन काम गरेर ठूलो बन्न सकिन्छ भन्ने आत्मविश्वास लिएर अगाडि बढ्नुभएकी अधिकारीको औपचारिक शिक्षा कक्षा ७ सम्म मात्र रह्यो तर व्यावहारिक सिप विकासमा भने उहाँले उच्च शिक्षा हाँसिल गरिसक्नुभएको छ ।

समयक्रम सँगै विभिन्न सिप विकास र उद्यममा अग्रसर अधिकारीको व्यावसायिक जीवनको शुरूवात भने धुप बनाउने, चर्खा कात्ने, उन कात्ने कामबाट शुरू भएको थियो । घरेलु तथा साना उद्योगसँग सम्बन्धित धेरै प्रकारका तालिम मार्फत उहाँले हाते सीपमा निख्खार ल्याउनुभएको छ । ब्रिकेट बनाउने, मैनबत्ती, दालमोट, अचार, मैनबत्ती, सिलाईकटाइतर्फ दौरा, भोटो, एप्रोन, कपडाका झोला, खादा,





यो तीतेपातीको बोट हो । नेपालमा आम रूपमा पाइने यो वनस्पती गाउँघरमा औषधीको रूपमा प्रयोग गर्ने गरिन्छ । शहर बजारमा यसको उपयोगिता नजान्दा घाँस भनेर उखेलेर फाल्ने प्रचलन धेरैमा छ । हिजोआज गाउँघरमा अर्ग्यानिक खेती शुरू भएको ठाउँहरूमा अर्ग्यानिक मल बनाउन पनि यो वनस्पती प्रयोगमा आउन थालेको पाइन्छ । तरकारी खेती गर्नेहरूले पनि यसलाई कीटनाशक औषधीको रूपमा प्रयोग गर्दछन् ।

कोभिड १९ महामारिका समयमा मास्क लगायतका उत्पादनमा उहाँले निकै ठूलो योगदान रहेको छ । उद्यम व्यवसाय मात्र नभएर सामाजिक सेवामा पनि अभिरूची राख्ने अधिकारी थुप्रै संघ संस्थामा आवद्ध हुनुहुन्छ । घरेलु तथा साना उद्योग संघ, सहकारी संघ, नारी चेतना महिला संघ, महिला विकास समूह, नारी चेतना विद्यालय यस्तै विविध क्षेत्रमा आवद्ध अधिकारीले विभिन्न संघ संस्थाहरूबाट सम्मानित तथा पुरस्कृत पनि भइसक्नुभएको छ । २०७१ सालमा शिक्षा मन्त्रालयले पनि दुषित वातावरण अन्त्य गर्दै मानव जीवनको संवेदनशील विषयसँग जोडिएर ब्रिकेट, तितेपातीको औषधियुक्त तेल उत्पादन गर्न गरेको योगदानको कदर गर्दै पुरस्कृत गरेको थियो ।

उत्पादन, बजार व्यवस्थापन र प्याकेजिङको समेत तालिम लिनुभएकी अधिकारीले ३ हजार जनालाई विभिन्न सीपमुलक तालिम प्रदान गर्नुभएको छ भने ४० जनालाई तितेपाती तेल प्रशोधनको तालिम दिइसक्नु भएको छ ।

अधिकारीले आफ्नै पहलमा २०६७ सालमा नारी चेतना महिला समूह गठन गर्नुभयो । सोही समूहले मूर्त रूप लिँदै अहिले तारकेश्वर मनमैजुस्थित नागरिक समानता बचत तथा ऋण सहकारी संस्थाबाट सदस्यहरूलाई वित्तीय सेवा प्रवाह गर्न सफल छ । फुलकुमारी हाल नागरिक समानता साकोसको लेखा समिति सदस्य हुनुहुन्छ ।

उहाँको परिवारमा श्रीमान, दुई छोरी र एक छोरा छन् । श्रीमान जागिरे हुनुहुन्छ । ५ जनाको परिवारमध्ये जेठी छोरीको विवाह भइसकेको छ । ५ जनाको परिवारलाई राम्रो वातावरण सहित बालबच्चाको शिक्षादिक्षामा पनि राम्रो बन्दोबस्त गर्न सफल हुनुभएको छ उद्यमी फुलकुमारी ।

मनमैजु कृषि तथा जडिबुटी तेल प्रशोधन उद्योग दर्ता गरी आजभन्दा ४ वर्ष अगाडि औषधिय गुणयुक्त तितेपातीको तेल उत्पादनमा जुट्नुभएकी फुलकुमारीले आज सोही उद्यमलाई निरन्तरता दिँदै व्यवसाय विस्तारमा अगाडि बढ्ने योजना बनाउनुभएको छ । वि.सं. २०७३ असारमा नागरिक समानता साकोसबाट रू १ लाख ऋण लिएर रू. २५ हजारको तितेपाती प्रशोधन मेसिन, उद्योग स्थापना र कच्चा पदार्थको जोहो गर्नुभयो । उत्पादन शुरू गर्दै र लगानी पनि बढाउँदै जाँदा आज चार बर्षको अवधिमा उद्योगमा १० लाख पूँजी सृजना भएको छ । श्रावण महिनादेखि शुरू भएर मंसिरसम्म उत्पादनको सिजन भएकोले दैनिक ५/६ जना ज्यालादारी कर्मचारी राखेर दुईवटा मेसिन सञ्चालन गदै वर्षभरीको मागलाई थेग्न सक्नेगरी तेल उत्पादनमा लाग्ने उद्यमी फुलकुमारी बताउनुहुन्छ । उहाँले सहकारीमार्फत ६ जना, सिलाइकटाइमा ३ जना र तितेपाती तेल प्रशोधन उद्योगमा गरेर १८ जनालाई रोजागारी दिनुभएको छ ।

**उत्पादनको बजार**: मनमैजु कृषि तथा जडिबुटी तेल प्रशोधन उद्योगले उत्पादन गरेको तेल ४० जिल्लामा खपत हुँदै आइरहेको छ । तेल मात्र होइन अधिकारीले अचारको बजारलाई पनि फराकिलो बनाउनु भएको छ । तितेपातीको तेल जिल्लामा संस्थागत रूपमा विक्रि नभएपनि व्यक्तिगत रूपमा देशका विभिन्न जिल्लाका साथै अष्ट्रेलिया, फिनल्याण्ड, साउदी, ओमन, अमेरिका लगायतका मुलुकसम्म पुगेको अधिकारी बताउनुहुन्छ । उत्पादनलाई विदेशी मुलुकमा पुऱ्याउनुभन्दा पनि स्वदेशी मागलाई बढी प्राथमिकता दिने





उद्देश्य उहाँको छ भने हाललाई स्वदेशी मागलाई धान्न समेत नसकिएको उहाँको अनुभव छ । काठमाडौं उपत्यकाको बसन्तपुर, कलंकी, किर्तिपुर, ललितपुर, बानेश्वर, कपन मा विशेष गरी तेलको खपत हुनेगरेको छ । माग धेरै छ, उत्पादन विशेष सिजनको समयमा मात्र हुन्छ ।

**तीतेपातीको औषधिय गुणको पहिचान**: विभिन्न संघ संस्थामा आवद्ध भई सामाजिक सेवामा क्रियाशील भएका बेला दुखाई कम गर्न साथीभाईले दिएको तेल के हो र यो कसरी तयार पार्ने भन्ने जिज्ञासाले शुरूवात भएको तितेपातीसँगको परिचय अहिले जीवनको व्यावसायिक साथी बनेको छ फुलकुमारीका लागि । वि.सं. २०६७ सालमा मनमैजु कृषि तथा जडिबुटी तेल प्रशोधन उद्योग दर्ता लागि यो तेल सर्वोपयुक्त हुन्छ । १० के.जी. तितेपाती बाट ५ एम.एल. तेल निस्कन्छ । क्रिस्टलको बोतलमा राखिएको ५ एम.एल. तेलको मूल्य रू. ३ सय छ । उत्पादित औषधिय तेल सम्पर्कको आधारमा उद्योगबाटै पनि विक्रि हुन्छ भने धेरै उत्पादन नर्वदा हेल्थ होम मसाज क्लिनिकले लिने गर्दछ । तितेपातीको सिजनको समय बढीमा ५ महिना उत्पादन गरेर बर्षभरी विक्रि गर्ने उक्त औषधियुत्त तेलबाट मात्र दैनिक करिब १५०० आम्दानी हुने उद्यमी फुलकुमारी बताउनुहुन्छ ।

**तितेपाती संकलन**: काठमाडौंका विभिन्न खाली जग्गामा झाडीको रूपमा रहेका र यतिकै सुकेर जाने तितेपाती संकलन गरेर ल्याउने दिदीबहिनीले पनि दुईचार पैसा पाउने व्यवस्था उद्यमी




फुलकुमारीको उद्योगले गरिदिएको छ । उद्योगमा तितेपाती ल्याइदिने दिदीबहिनीहरूले प्रति केजी १० रूपैयाँका दरले पैसा पाउँछन् । नेपालमा २२ जातका औषधियुक्त तितेपाती पाइन्छ । नेपालमा तीतेपाती जतातत्तै पाईन्छ । तर यसको औषधिय प्रयोग कम गरिन्छ । तितेपाती औषधियुक्त हो होइन भन्ने कुराको प्रमाण बनस्पती विभागको परीक्षणबाट मात्र प्राप्त हुन्छ । परीक्षण गरिएको तितेपातीसँग मिल्दो प्रकृतिको तितेपाती मात्र संकलन गरिन्छ ।

**तीतेपातीको प्रयोग अनुभव**: साढे दुई वर्षको बालकलाई दूध ख्वाइरहेकी एक आमाले शिशुको दुध खाने बानी हटाउने उपाय सोध्दा हरेक पल्ट दूध ख्वाउँदा तीतेपातीको रस स्तनमा लगाइदिन सल्लाह दिएँ । दुई हप्तापछि ती महिला खुसी हुँदै आएर भनिन्, मेरो शिशुले तीतेपातीको रस लगाएपनि दूध खान त छोडेन तर उसको स्वास्थ्य भने राम्रो भयो । दिसा लागिरहन्थ्यो । दाल भात तरकारी एवं सातु केही पनि खाँदैनथ्यो तर अहिले उसको दिसा लागिरहने समस्या बन्द भयो । भात, जाउलो पनि खान थालेको छ । दूध छुटाउन अन्य कुनै उपाय अपनाउनुपर्ला । नियमित रूपमा स्तनमा तीतेपाती लगाएरै दूध ख्वाउने विचार गरेकी छु । ती महिलाको कुरा मलाई राम्रो लागेको थियो, एक डाक्टरले मलाई आफ्नो अनुभव सुनाएका थिए । यो घटना सुनेपछि मलाई लाग्यो ती आमाले थाहै नपाई तीतेपातीको औषधिय उपयोग गरेर आफ्नो शिशुको खराब पेट ठीक पारिन् । उनलाई थाहा थिएन कि तीतेपाती राम्रो औषधि हो । ती डाक्टर जसले महिलालाई स्तनमा तीतेपाती लगाउने सल्लाह दिएका थिए, उनलाई पनि तीतेपातीले खराब गर्दैन भन्ने थाहा थियो तर त्यसले शिशुको पेटको खराबी ठीक पार्छ भन्ने जानकारी थिएन ।

फुलकुमारी दिदीले पनि धेरै महिला स्वास्थ्य स्वयंसेविका तथा महिला समूहहरूलाई तीतेपाती रसको प्रयोग

गर्नुभएकी फुलकुमारीले २०६९ सालबाट तितेपातीको तेल उत्पादनमा जुट्नुभयो । २०७३ सालमा आएर उद्योगमा लगानी बढाउँदै अधिकारीले मेन्था, तितेपाती, हल्दि, टिमुर, तेजपात लगायतका जडिबुटीहरूको तेल प्रशोधन गर्दै आएनुभएको छ ।

**तितेपातीको औषधियुक्त तेल**: मानिसको शरिरमा हुने हरेक प्रकारका दुखाईमा यस तेलको मालिसले आराम मिल्छ । काटेको, मर्केको, हड्डी भाच्चिएको ठाउँमा दुखेको, कम्मर दुखेको, पैताला पोलेको, नसा च्याप्पिएको, बाथ भएकाहरूका

प्रजनन स्वास्थ्य, महिनाबारी समस्या, तल्लो पेट दुख्ने लगायतका साधारण समस्या समाधान गर्न सकिन्छ भन्ने सिकाउनुभएको छ । महिलाहरूले गाउँघरमा तीतेपाती जतासुकै देखेका भएपनि उनीहरूलाई तीतेपातीले के के फाइदा गर्छ भन्ने जानकारी नहुने हुँदा तीतेपातीको औषधिय गुणको बारेमा जानकारी गराउनु आवश्यक छ, उहाँले भन्नुभयो । म गाउँघर तिर जाँदा गाउँका महिलाहरूलाई प्रश्न गर्नेगर्छु, तर गाउँका महिलाहरूलाई तीतेपातीको प्रयोगले कुनै पनि समस्या समाधान गर्नेमा भ्वाट्ट विश्वास गर्दैनन् । उनीहरू सामान्य घाउचोटपटकमा पनि एन्टीवायोटिक लगाउने र दुखाई कम गर्ने औषधि खाइहाल्ने बानी परिसकेका छन् । बाहिरी दुखाई र घाउमा यसको रस प्रयोग साथै भित्रि दुखाईमा तीतेपातीको प्रशोधित तेलको प्रयोग दुखाई कम गराउने अचुक अस्त्र नै हो भन्ने गर्छु म ।

**अबको योजना**: तेल प्रशोधनका लागि स्तरीय मेसिन खरिदको योजना नै पहिलो ठूलो लगानीको योजना हो । जसमा १ सय के.जी. तितेपाती एकैसाथ प्रशोधन गर्न मिल्ने रू. ५ लाख बराबरको मेसिन खरिद गर्ने लक्ष्य लिएकी छु । सिजनमा बेजिल्लामा मेसिन लगेर पनि उत्पादन गर्न सकिने हुँदा कच्चा पदार्थको समस्या नपर्ने भएकोले मेसिन खरिद पहिलो प्राथमिकता हो । व्यावसायिक खेतीका लागि जग्गा भाडामा लिएर तितेपाती साथै बेसार र मेन्सा (भिक्स् बनाउने प्लान्ट) को पनि खेती गर्ने इच्छा छ । बाँझो सार्वजनिक जग्गाको कर तिरेर प्रयोगमा ल्याउन सम्बन्धित निकायको पहल आवश्यक छ । उहाँले नर्सरीको अवधारणा पनि अगाडि बढाउनुभएको छ । खोलाका डिलहरूमा, सार्वजनिक बाँझा जग्गा र ठूला रूख रोपेको जमिनमा नर्सरी निर्माण गर्न सके कच्चा पदार्थको उपलब्धता सहज हुने उहाँ बताउनुहुन्छ । स्रोतले धान्न गाह्रो छ, उद्योगको विस्तारका लागि धर्मस्थलीको १५ नं वडामा पनि उद्योग स्थापना गर्ने सोच राखेकी छु ।

यतिमात्र हैन फुलकुमारीले ५ महिलाहरूसँग मिलेर मनमैंजु अचार उद्यम समूहलाई निरन्तरता दिनुभएको छ । नागरिक समानता साकोसमार्फत युवा परिषद्बाट प्रदान गरिएको रू ५ लाख ऋण लिएर अचार उत्पादन थालनी गर्नुभएका महिलाहरूले उत्पादन गरेको अचार अत्यन्तै स्वादिष्ठ, गुणस्तरीय र स्वस्थबर्धक रहेको उहाँको भनाई छ । अचारको विक्रि बिशेष गरेर राष्ट्रिय सहकारी महासंघले राष्ट्रिय सहकारी दिवसको दिन आयोजना गरेका कार्यक्रमहरूमा स्टल राख्ने गरेको र शिक्षा मन्त्रालयले पनि कार्यक्रमहरू आयोजना गरेका बेला स्टलका लागि बोलाउने गरेको उहाँ बताउनुहुन्छ ।

आज गाउँघर तथा सहरी र अर्धसहरी क्षेत्रमा बेरोजगार भई यतिकै समय बर्बाद गरिरहेका र दुई चार पैसा पनि आम्दानीको स्रोत नभएका महिला दिदीबहिनीहरूलाई रोजगारी, आम्दानी र सशक्तीकरणका लागि महत्वपूर्ण मार्ग देखाउने उद्यमी फुलकुमारीको योगदान राष्ट्रका लागि महान् छ । महिलाको आर्थिक सशक्तिकरण मार्फत समाजमा सकारात्मक आर्थिक परिवर्तन ल्याउन उहाँको अथक परिश्रमको कदर राष्ट्रले पक्कै गर्नेछ ।

आर्थिक बर्ष २०७७/०७८ को बजेटले पनि कृषि तथा साना व्यवसाय प्रवर्द्धनका लागि सहकारीमार्फत रू. ३ अर्ब ६० करोड ऋण लगानी गर्ने व्यवस्था गरेको छ । राज्यले सहकारी मार्फत उत्पादन बृद्धि, भण्डारण र वितरण सम्मका श्रृंखला विकास गर्ने नीति लिएको छ । त्यसैले फुलकुमारी दिदीजस्ता स साना उद्यमीहरूको आवश्यकतालाई मध्यनजर गर्दै उत्पादन प्रवर्द्धन, भण्डारण र बजारीकरणका लागि सहकारीमार्फत श्रृंखला विकास भए अवश्य पनि नेपाल कृषि उत्पादन र जडिबुटीजन्य औषधि उत्पादनमा आत्मनिर्भर बन्न सक्नेथियो ।

*तयार : राधा पौडेल, नेफ्स्कून*



# पूर्व अध्यक्षहरुसँग नेफ्स्कूनको परामर्श




नेफ्स्कूनले कोभिड १९ संकटको अवस्थामा सृजित समस्या समाधानका लागि गरेको तयारी र आगामी कार्यदिशाका सम्बन्धमा संघका पूर्व अध्यक्षहरूसँग परामर्श गरेको छ । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा बैशाख २८ गते संघको केन्द्रीय कार्यालयमा बसेको परामर्श बैठकमा संघका पूर्व अध्यक्षहरू कैलाशभक्त प्रधानाङ्ग, मीनराज कंडेल, ऋषिराज घिमिरे, निवर्तमान अध्यक्ष डी.बी. बस्नेत, संघका पदाधिकारीहरू र उच्च व्यवस्थापन समूहले विद्यमान समस्या, समाधानको तयारी र संघको आगामी कार्यदिशाका सम्बन्धमा अग्रजहरूबाट परामर्श लिएको छ ।

बैठकमा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एवं नेफ्स्कूनका पूर्व अध्यक्ष मीनराज कंडेलले नेफ्स्कून र साकोस अभियानलाई कसरी व्यवस्थित र जीवन्त बनाउने भन्ने विषय नेफ्स्कूनको सर्बप्रमुख विषय हो र समग्र अभियानका लागि महासंघ सबैको साझा धारणा बनाएर अगाडि बढ्न र सरकारसँग पनि त्यही अनुरूप परामर्श गरेर अगाडि बढ्ने विषयमा निरन्तर लागि रहेको बताउनुभयो ।

पूर्व अध्यक्ष कैलाशभक्त प्रधानाङ्गले सहकारी अभियानमा नेफ्स्कूनको छुट्टै पहिचान र उचाई छ, यसलाई कायम गर्दै अगाडि बढ्न तपाईहरूको मेहनत अझै बढ्नुपर्छ, हामीहरू बाहिर रहेर पनि नेफ्स्कूनसँग सँधैं सँगै रहेको बताउनुभयो ।

पूर्व अध्यक्ष ऋषिराज घिमिरेले साकोस अभियानले हरबखत सदस्यको विश्वास र सन्तुष्टीलाई ख्याल गर्न र यस विपत्तीको समयमा तरलता व्यवस्थापनका लागि कोष बलियो बनाएर सदस्यको समस्या समाधानका लागि तयार रहन सुझाव दिनुभयो ।

निवर्तमान अध्यक्ष डी.बी. बस्नेतले नेफ्स्कून भित्र रहेर अथवा नरहेर पनि साकोस अभियानमै सँधै चिन्तन मननको विषय बन्ने गरेको बताउनुभयो । उहाँले नेफ्स्कूनले सिटिइभिटीद्वारा तालिम सञ्चालनका लागि सम्बन्धन पाइसकेको हुँदा अब ढिलो नगरीकन अभियानमा मानव संशाधन व्यवस्थापनका लागि दक्ष जनशक्ति तयारीमा जुट्नुपर्ने बताउनुभयो ।

बैठकको सहजीकरण गर्दै संघका महासचिव दामोदर अधिकारीले नेतृत्व परिवर्तन भएपनि अभियानमा अग्रजहरूको योगदानले विशेष महत्व राख्ने र यसको निरन्तर विकासका लागि अग्रजहरूको सुझाव र मार्गदर्शन शिरोधार्य रहने विचार व्यक्त गर्नुभयो । बैठकमा संघका कोषाध्यक्ष दीपक पनेरू र लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटाले पनि आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको थियो ।

संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले कोभिड १९ का कारण सिर्जित विद्यमान समस्या र यसको समाधानका लागि विभिन्न मार्गदर्शन तथा कार्यविधिहरू निर्माण गरी काम शुरू भएको जानकारी गराउँदै संघको आगामी चार वर्षे रणनीतिक योजना सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रम समापन गर्दै अध्यक्ष परितोष पौड्यालले विद्यमान समस्या, समाधानका उपायहरू, अभियानको ऐक्यवद्धता र संघको आगामी कार्यदिशा तय गर्न अग्रजहरूबाट प्राप्त सुझावहरूलाई मनन गर्दै अगाडि बढ्ने बताउनुभयो । उहाँले लकडाउनको अवधिमा विद्यमान समस्यालाई मध्यनजर गर्दै जनशक्ति तथा सुशासन व्यवस्थापन र महामारीमा सहकारी सेवा व्यवस्थापन सम्बन्धी १९ बुँदे मार्गदर्शन जारी गरिएको, प्राविधिक र रणनीतिक विषयहरू तयारी गरिएको जानकारी गराउनुभयो ।



# नेफ्स्कून र संघीय सांसदहरुबीच अन्तरक्रिया




नेफ्स्कूनले सहकारी क्षेत्रको प्रवर्द्धन, विकास तथा व्यावसायीकीरणका सम्बन्धमा संघीय संसद कृषि, सहकारी र प्राकृतिक श्रोत समिति अन्तर्गतको सहकारी उपसमितिका सांसदहरूसँग असार १९ गते अन्तरक्रियात्मक छलफल गरेको छ । संघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा संघीय सांसद घनश्याम खतिवडा, दलबहादुर राना, भुपेन्द्र थापा, शान्तिमाया पाख्रीन, सत्यनारायण शर्मा खनाल, भुमि त्रिपाठी सहित नेफ्स्कून पदाधिकारी, सञ्चालक तथा व्यवस्थापन कर्मचारीहरूबीच बचत तथा ऋण सहकारी अभियानको भावी कार्यदिशाका सम्बन्धमा कानूनी परामर्श तथा छलफल भएको हो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित कार्यक्रममा बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने संघका नायव प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले नेफ्स्कूनको विकास क्रम, साकोस स्तरीकरण कार्यक्रम, सञ्जाल व्यवस्थापन, बचत ऋण सहकारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले बचत ऋण अभियान विशुद्ध रूपमा बचत व्यवस्थापनको विधिभित्र केन्द्रीत रहेको र वित्तीय क्षेत्रको ठूलो हिस्सा ओगटेको बचत ऋण सहकारीलाई राज्यले उद्यमशीलता अभिवृद्धि, उत्पादन वृद्धि र बजारीकरणका लागि उपयुक्त नीतिगत आधार तयार गरिदिनुपर्ने माग गर्नुभयो ।

सांसद घनश्याम खतिवडाले सहकारीभित्रको शुद्धता पहिचान गरी यसको अपरिहार्यता, इमान्दारी र पारदर्शिता कायम गर्न अनुगमन र कानूनी प्रबन्ध दरिलो बन्नुपर्ने विचार व्यक्त गर्नुभयो । सहकारीभित्र वित्तीय क्षेत्रको ठूलो हिस्सा ओगटेको बचत ऋण सहकारी अभियानलाई व्यवस्थित गर्न छुट्टै बचत तथा ऋण सहकारी ऐन आवश्यक पर्ने धारणा राख्नुभयो । सरकारले सहकारीका विविध विषयमध्ये करको विषयलाई प्रभावकारी रूपमा सम्बोधन गरेको उहाँको भनाई थियो ।

कार्यक्रममा सहभागी सभासदहरूले समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहकारीको योगदानलाई अझ मजवुद बनाउन विद्यमान कानूनी जटिलताहरूलाई सहजीकरण गर्दै जाने, सहकारीको महत्व पहिचान गर्न नसकेको क्षेत्रमा यस विषयमा व्यापक बहस तथा छलफल चलाउने, सहकारी नै आर्थिक समृद्धिको व्यवस्थित अभियान भएको हुँदा यसलाई नीतिगत सबलता प्रदान गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो । साथै सहकारीको प्रवर्द्धन तथा विकासका लागि आवश्यक कानूनी परामर्श प्रदानगर्न ऐक्यवद्धता समेत जाहेर गर्नुभएको थियो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले बैंक तथा वित्तीय संस्थाभन्दा ठूलो कारोवार गरिरहेका सहकारीहरू आज स्वनियमनमा सञ्चालित छन्, नेफ्स्कूनले आफ्नै पहलमा सीमित मात्रामा अनुगमन तथा सुरक्षण गरिरहेको अवस्था दर्शाउँदै राज्यले यस प्रति दायित्वबोध गरोस् भन्ने धारणा व्यक्तगर्नुभयो ।

कार्यक्रमको समापन गर्दै संघका अध्यक्ष परितोष पौड्यालले नेपालका सम्पूर्ण सहकारीहरूलाई वित्तीय अनुशासन कायम गराउन नेफ्स्कूनको प्रयास निरन्तर रहेको बताउँदै वित्तीय ढंगले सुनिश्चित र सन्तुलित संस्था निर्माणमा संघको कुनै प्रकारको सम्झौता नरहने विचार व्यक्त गर्नुभयो । कार्यक्रम सहजीकरण संघका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमिल्सिनाले गर्नुभएको थियो ।



# दीगो सहकारी निर्माणमा महाविपत्ति अवसर



**गोविन्द लामिछाने**

व्यवस्थापक
लेखनाथ साकोस, लेखनाथचोक, कास्की

> कोभिड १९ को महामारीबाट सहकारी क्षेत्रमा सिर्जना हुन सक्ने समस्या सामाधानको उचित विकल्प सहकारी एकीकरण मार्फत नीति, विधि र प्रविधिमा आधारित दीगो, बलियो र भरपर्दो सुशासन युक्त सहकारी निर्माण नै हो । यसलाई अवसरका रुपमा लागु गर्न सक्यौं भने नेपालको सहकारी क्षेत्रलाई अनुशासित ढंगले र दीगो विकासमा टेवा पुग्नेगरि अगाडि बढाउन सकिने प्रशस्त सम्भावनाहरु छन् ।

"संकटमा बुद्धिमानी बच्दछ जसमा अनुकुलन क्षमता हुन्छ ।" जसले स्वयमलाई परिस्थिति मुताविक ढाल्न सक्दछ उही संकटबाट बच्न सक्दछ । यही नै सार्वभौमिक नियम पनि हो । हामीले विश्वास गर्नु पर्दछ कि कुनैपनि समस्या मानविय क्षमता भन्दा बढी हुँदैन । कठिनाई देख्ने होइन कठिनाइको बीचमा आफ्नो लक्ष्य तय गर्नुपर्दछ । निर्णय लिनुमा साहस गरौं समस्याले हामीलाई जकड्नु भन्दा पहिले समस्याको जडसितै फाल्न सकेमा नै सफल हुन सकिन्छ । संकटलाई अवसरमा बदल्नसक्दा त्यसले अबश्यपनि हरेक व्यक्ति, समाज र देशलाई हित गर्दछ । अहिलेको कोभिड १९ को महामारीबाट सहकारी क्षेत्रमा सिर्जना हुन सक्ने समस्या सामाधानको उचित विकल्प सहकारी एकीकरण मार्फत नीति, विधि र प्रविधिमा आधारित दीगो बलियो र भरपर्दो सुशासनयुक्त सहकारी निर्माण नै हो । यसलाई अवसरका रूपमा लागु गर्न सक्यौं भने नेपालको सहकारी क्षेत्रलाई अनुशासित ढंगले र दीगो विकासमा टेवा पुग्नेगरि अगाडि बढाउन सकिने प्रशस्त सम्भावनाहरू छन् ।

नेपालमा वि.सं. २०१३ सालदेखि सहकारी स्थापना र सञ्चालन भएपनि २०६३ सालमा आएको राजनैतिक परिवर्तन पश्चात सहकारी क्षेत्रमा आएको व्यापक लहरले नेपालको अर्थतन्त्रमा सहकारी एउटा महत्वपूर्ण खम्बाको रूपमा स्थापना भै सकेको छ । हुन त सहकारी क्षेत्रको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन भर्खरै संघीय सहकारी ऐन, प्रदेश सहकारी ऐन तथा स्थानीय सहकारी ऐन तथा नियमावली जारी गरिएका छन् । सबै तहका सहकारी ऐन तथा नियमावलीले एक स्थानीय तहमा एकै प्रकृतिको सहकारीमा एउटा मात्र सहकारी संस्थामा सदस्य रहन पाउने व्यवस्था २०७७ असोज मसान्त भित्र भनी कायम गरेपनि ऐन कार्यान्वयनको अवस्थाको जटिलता भन्दै वा विभिन्न स्वार्थ तथा सहकारी शिक्षाको अभावमा सहकारी एकीकरण मार्फत दीगो सहकारी निर्माणको अवसर प्रतिकुलतामा बदलिरहेको देखिन्छ ।

नेपालमा आम नागरिकको पहुँच बैंक तथा वित्तीय संस्थामा नपुग्नु तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात सहकारी क्षेत्रमा आएको लहरले आज देशमा हजारौंको संख्यामा सहकारी संस्था स्थापना भै देशको दुरदराजसम्म आम नागरिकको वित्तीय पहुँच स्थापना भएको छ । तर पनि सहकारी क्षेत्रले चर्को ब्याजदर अशुली रहेको भनी आधार ब्याजदर तोक्ने, सुशासनको अभाव,

वित्तीय साक्षरताको अभाव, नेतृत्वमा रहिरहन चाहने प्रवृत्तिले एक भन्दा बढी समान प्रकृतिको सहकारीमा सदस्य बन्ने गरेको, जोखिम विश्लेषण विना लगानी गर्ने गरेको तथा तरलता व्यवस्थापनमा ध्यान दिने नगरेका जस्ता आरोपहरू खेप्नु परिरहेको छ ।

सहकारी संस्था एउटा निरन्तर चलिरहने संस्था हो । त्यसैले यसको निरन्तरताका लागि निरन्तर रूपमा संस्थागत पूँजीको वृद्धि तथा सदस्यको पूँजीको सुरक्षाको प्रत्याभुती गर्नु पर्दछ । त्यसका लागि सदस्यले चाहेको बखत आफ्नो बचत फिर्ता लिन सक्ने गरी प्रर्याप्त तरलता व्यवस्थापन हुनु जरूरी हुन्छ । वोनस बाड्ने अस्वस्थ प्रतिस्पर्धाको कारण तरलता व्यवस्थापन नगरी लगानी गर्ने, जोखिम विश्लेषण नगर्ने, प्राथमिक पूँजी कोषको १० प्रतिशत कट्ने गरी लगानी गर्ने तथा अनुत्पादक क्षेत्रमा गरिएको लगानीको कारण यस संकट पश्चात तरलता अभाव तथा कर्जामा जोखिम बढ्ने प्रवल सम्भावनाहरू देखिन्छन् ।

यस महामारीबाट सृजित चुनौतीका बीच पनि प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न सकेमा नेपालका सहकारीहरू अर्थ व्यवस्थाको महत्वपूर्ण पाटोको रूपमा स्थापित हुने कुरा निश्चित छ । यसैगरी हालको सहकारी सञ्चालनको मोडललाई पनि कोरोना संकटपछि बदलिएको परिस्थिति हुनेगरी सञ्चालन र व्यवस्थापन नगर्ने हो भने सहकारीको सबलता तथा गतिशीलता प्रभावकारी नहुन सक्दछ ।

कोरोना संकटपछि विश्वव्यापी आर्थिक मन्दीको प्रक्षेपण भइरहेकोले यस्तो परिवेशमा देशको अर्थतन्त्रलाई गतिशील बनाउन देश सुहाउँदो र नमुना सहकारी विकास हुन सक्नेछ । विगत देखिनै बैकिङ्ग क्षेत्रले सहकारीले वित्तीय बजारमा जोखिम बढाएको आरोपहरू लगाउँदै आएको छ । सहकारीहरूले पनि संख्या यति पुग्यो भन्नु भन्दा सदस्यहरूलाई कुनैपनि प्रकारको वित्तीय आवश्यकता आइपर्दा उक्त सेवा सजिलै प्राप्त गर्न सकेका छन छैनन् भन्ने कुरा महत्वपूर्ण हो । सदस्यले वित्तीय आवश्यकता परिपूर्तिको सुनिश्चिता महसुस नगरेसम्म प्रभावकारी वित्तीय पहुँच मान्न सकिँदैन ।

अहिले महामारीको संक्रमणपछि नेपालको अर्थतन्त्रलाई कसरी अगाडि बढाउने एउटा उपायमा अधिकांशले कृषि क्षेत्रलाई जोड दिएको पाइन्छ । तर सरकारको अनुदान र बैंकहरूको सहुलियतपूर्ण कर्जाले मात्र कृषि क्षेत्रको व्यवसायिक विकास हुन् सक्दैन भन्ने कुरा प्रमाणित भैसकेको छ । तसर्थ कृषि क्षेत्रको उत्पादन र वितरणलाई व्यवसायिक रूपले दीगो र स्थायी बनाउन किसानहरूलाई पूँजीका साथ साथै अन्य आवश्यक कृषि सामग्रीहरू, प्राविधिक सेवा र बजार व्यवस्थापन लगायतका पक्षहरूको अपरिहार्यता उत्तिकै छ । जुन परिपूर्ति गर्न न त सरकारी संयन्त्र प्रभावकारी हुन्छ न किसानहरू नै सक्षम हुन्छन । तसर्थ यसको सामन्जस्यताका लागि सहकारी संस्थाहरू उपयुक्त हुने देखिन्छ ।

हाल विद्यमान परिवेशमा हेर्दा नेपालमा जुनसुकै विषयगत रूपमा दर्ता भएका सहकारी संस्थाहरू भएपनि मुख्य रूपमा दुई प्रकृतिमा सञ्चालित देखिन्छन् । शहरमा रहेका सहकारी संस्थाहरू बैंक तथा वित्तीय संस्थाको प्रतिस्पर्धीको रूपमा बैकिङ्ग कार्य गरिरहेका छन् भने ग्रामीण क्षेत्रका सहकारीहरूमा पूँजीको अभाव छ, व्यवस्थापन कमजोर छ, प्रविधिमा पहुँच छैन । तसर्थ सहकारी संस्थालाई पूर्णरूपमा सहकारीको मर्म र नेपाली वित्तीय क्षेत्रको आवश्यकता बमोजिमको आफ्नै मोडलमा सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ ।

ग्रामीण भेगमा रहेका सहकारी संस्थाहरूलाई विशेष गरी कृषि लगायतका वस्तु तथा सेवाहरूको उत्पादन, सदस्य सहजीकरण र व्यवस्थापनमा संलग्न गराउनुपर्ने देखिन्छ । यी सहकारीहरूले ग्रामीण भेगमा रहेका उत्पादनका सम्भावनाहरू पहिचान गरी कृषि, पर्यटन, साना तथा लघुउद्यम आदिमा आफ्ना सदस्यलाई व्यापक रूपमा परिचालन गर्न सक्दछन् । आफ्ना सदस्यलाई आवश्यक पर्ने बीउ–बिजन, कच्चा पदार्थ, प्रविधि, सीप, औजार आपूर्तिमा सहजीकरण गरी उत्पादन गरेको वस्तु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सक्छन् । यो लगायत ती संस्थाहरूले त्यस क्षेत्रको वित्तीय आवश्यकता पूरा गर्ने हेतुले सदस्यबाट बचत संकलन, कर्जा प्रवाह, बीमा, सामाजिक सुरक्षा, भत्ता वितरण र रेमिट्यान्स कारोवार गर्न सक्छन् ।

शहर केन्द्रीत सहकारीहरूमा नै अहिलेको संकटबाट वित्तीय जोखिम उच्च रहने प्रवल सम्भावना देखिन्छ । त्यसमा पनि वित्तीय विश्लेषण तथा जोखिम विश्लेषण नगरी कारोवार गर्ने सहकारी संस्थाहरू अझ बढी जोखिममा पर्ने देखिन्छ भने समुदायमा आधारित तथा वित्तीय विश्लेषण गर्ने सहकारीमा तुलनात्मक रूपमा जोखिम कम देखिन्छ । त्यसैले शहर केन्द्रीत सहकारी संस्थाहरू एकीकरण मार्फत पूँजी वृद्धिगरी बलियो एवं दीगो संस्था निर्माण गर्न सकिनेछ । साथै संस्थाको जोखिम न्यूनिकरण गर्न सरकारी निकायले जारी गरेका ऐन नियम तथा परिपत्रको पूर्ण पालना, स्वनियममा बस्ने प्रणालीको विकाश गर्ने, निरन्तर वित्तीय विश्लेषण गर्ने तथा जोखिम विश्लेषण गर्नु आवश्यक छ । संस्थाले संस्थागत पूँजी वृद्धिमा जोड दिदै बैकिङ्ग कारोवार, विद्यालय, कलेज, प्राविधिक शिक्षालय, अस्पतालहरू सञ्चालन गर्न सकिन्छ । सहकारीहरूले आफ्नो कार्यालयबाट सदस्यलाई आधुनिक प्रविधिको माध्यमबाट ईन्टरनेट बैकिङ्ग, मोवाईल बैकिङ्ग, डेविट कार्ड लगायतका सुविधा उपलब्ध गराउने कुरामा केन्द्रीत हुनुपर्ने देखिन्छ । फलस्वरूप सहकारी संस्थाका सदस्यहरूलाई पूर्ण बैकिङ्ग सेवा प्रदान गर्दा सदस्यको विश्वास पनि बढ्ने र संस्थाले थप आम्दानी पनि गर्नसक्ने देखिन्छ भने लगानीमा विविधिकरणले जोखिमको न्यूनिकरण पनि गर्नेछ ।

यसरी अहिलेको महामारीबाट सिर्जना हुन सक्ने वित्तीय संकटले सहकारी एकीकरण गरी आधुनिक प्रविधि सहितको दीगो र भरपर्दो सहकारी निर्माणका लागि महत्वपूर्ण अवसर सिर्जना गर्न सक्नेछ ।

❑ ❑ ❑

# हाम्रो एकीकृत साकोसको क्यूआर कोड सेवा



काठमाडौं स्वयम्भूस्थित हाम्रो एकीकृत बचत तथा ऋण सहकारी संस्था लि. ले जेठ १९ गतेबाट प्रविधिमा आधारित क्यूआर कोड भुक्तानी सेवा सञ्चालनमा ल्याएको छ । संस्थाको मोबाईल बैंकिङ्ग शुभारम्भ कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेलले सहकारीमा सुलभ र सहज प्रविधिमैत्री वित्तीय कारोवारमा छलाङ मार्नुपर्ने समय आएको बताउनुभएको छ । उहाँले प्रविधिको न्यून प्रयोग हुने गरेको सहकारी क्षेत्रले अब व्यापक गतिमा प्रविधिको शुरूवात, विकास र परिमार्जन गर्दै जानुपर्ने आवश्यकता औल्याउनु भयो । सहकारी क्षेत्रमा प्रयोग हुँदै आएको नयाँ प्रविधिहरूमा सबैखालका सुविधाहरू बढाएर राष्ट्रव्यापी रूपमा सहकारी अभियानमार्फत अगाडि बढ्नुपर्ने विद्यमान परिस्थितिको बारेमा प्रकाश पार्नुभयो । उहाँले सरकारले आर्थिक वर्ष २०७७/०७८ को बजेट मार्फत बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा नविन प्रविधिको प्रयोग बढाउँदै नगदरहित कारोवार गर्न प्रेरित गर्ने बताएसँगै काठमाडौंमा सञ्चालित हाम्रो एकीकृत साकोसले सदस्यहरू माझ मेसिन रिडेबल भुक्तानी सेवा शुरू गरेको प्रति खुशी व्यक्त गर्दै प्रविधि प्रभावकारिताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले नेफ्स्कूनले वि.स. २०५५ सालदेखि नै निरन्तर सहकारी संस्थालाई प्राविधिकीकरण गरेर अगाडि बढ्नुपर्छ भन्ने विषयमा खोजी गरिरहेकोले आज साकोस र सकोसका सदस्यहरू प्रविधिको प्रयोगमा अभ्यस्त बन्दै गइरहेको बताउनुभयो । उहाँले आज विकास गरिएका प्रविधिहरू पनि परिस्कृत गर्दै यसको प्रभावकारिता बढाउँदै लैजाने दिशामा नेफ्स्कूनको पहलकदमी रहने जानकारी गराउनुभयो ।

नेफ्स्कूनका कोषाध्यक्ष एवं जिल्ला बचत संघ काठमाडौं (कास्कून) का अध्यक्ष दीपक पनेरूले सहकारीका सदस्यहरूमाँझ प्राविधिक जागरणको आवश्यकता रहेको औल्याउँदै प्रविधि व्यवस्थापनमा अब सहकारीले फड्को मार्नुपर्ने जानकारी गराउनुभयो । उहाँले हाम्रो एकीकृत साकोसले प्रयोगमा ल्याएको प्रविधि विकासको प्रभावकारिताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

आयोजक साकोसका अध्यक्ष एवं नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले कार्यक्रमको समापन गर्दै सन् २०३० सम्म कागजरहित आर्थिक कारोवारको लक्ष्य सरकारको रहेको हुँदा अबको गति प्रविधि प्रयोगको विकासको गति रहेको औल्याउनुभयो । अध्यक्ष पौड्यालले प्रविधिमा आधारित नगदरहित कारोवारको आवश्यकता र महत्वलाई सबैले बुझ्नुपर्ने बताउनुभयो । उहाँले नेकोस् प्लस सफ्टवेयरको प्राविधिक साझेदार निकाय एक्स्क्लूसिभ माइण्ड्सलाई आधुनिकीकरणलाई आत्मसाथ गर्दै प्राविधिक प्रतिस्पर्धामा खरो उत्रनका लागि आग्रह समेत गर्नुभयो ।

व्यवस्थापक योगेन्द्र साउदले नेफ्स्कूनद्वारा तयार पारिएको सफ्टवेयर नेकोस प्लस मार्फत विगतदेखि प्राविधिक साझेदार निकायको रूपमा रहेको एक्स्क्लूसिभ माइण्ड्स को सहकार्यमा नविन प्रविधिको प्रयोगसँगै साकोसले प्रयोगमा ल्याएका मोबाइल एप्लिकेशन सेवा, ट्याब्लेट बैंकिङ्ग सेवा लगायत क्यूआर कोड भुक्तानी सेवाका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

साकोसका सचिव नवराज अर्यालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सदस्य शुशिल कुमार बस्नेत, गजुरी गाउँपालिकाका उपाध्यक्ष एवं साकोसका सल्लाहकार सीता ढुंगाना, नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमिल्सिना, सूचना तथा प्रविधि अधिकृत राजन सुवेदी, एक्स्क्लूसिभ माइण्ड्सका प्रमुख कार्यकारी अधिकृत राजिभ कर्ण, सहकारी पत्रकार समाजका अध्यक्ष खिला दाहाल लगायत साकोसका प्रतिनिधि र सदस्यहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि, महासंघका अध्यक्ष कंडेलले साकोसका उपस्थिति सदस्यहरूलाई क्यूआर कोड प्रदान गर्नुभएको थियो भने आयोजक साकोसका अध्यक्ष पौड्यालले साकोसमा सदस्यहरूलाई फिनटेक एजुकेशन प्याकेज कार्यक्रम शुरूवात भएको जानकारी गराउँदै सदस्यहरूलाई एजुकेशन प्याकेजमा सहभागी बन्न आग्रह गर्नुभएको थियो ।

# सिवाइसी साकोसद्वारा क्यूआर कोड सेवा सुरु



गण्डकी प्रदेशमा सहकारीको फरक पहिचान बनाउन सफल बाग्लुङको सिवाईसी बचत तथा ऋण सहकारी संस्थाले आर्थिक कारोवारका लागि डिजिटल प्रणाली शुरू गरेको छ ।

प्रविधिमैत्री सेवा र सदस्यको सुविधाको लागि मोबाईल एप्समार्फत आर्थिक कारोवार गर्न सदस्यलाई सहज हुने बिश्वासका साथ असार १८ गतेदेखि क्युआर कोड सेवा शुरू गरेको हो । साकोसको वार्षिक योजना तथा बजेट तर्जुमा गोष्ठीको अवसरमा सञ्चालक समितिका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलले पहिलो पटक सहकारीका सचिव जयराम भारी, सदस्य दिपा पौडेल, विष्णुराज पन्त, लेखा समिति सदस्य हरी शर्मालाई क्यूआर कोड वितरण गर्नु भएको थियो ।

सो अवसरमा अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलले धौलागिरी क्षेत्रमै सिवाइसीले पहिलो पटक शेयर सदस्यलाई नगदरहित (क्यासलेस) कारोवारका लागि क्यूआर कोड सेवा शुरू गरेको बताउनु भयो । चेकबुक र रकम बोकेर हिड्नु पर्ने समस्या अन्त्य गर्न सहकारीले समयको माग अनुसार डिजिटल सेवा शुरू गरेको जनाएको छ । क्यासलेस कारोवारमा प्रोत्साहन गर्ने उद्देश्यले संस्थाले निर्माण गरेको 'क्यूआर कोड' वितरण गर्दै त्यसमार्फत भुक्तानी गर्न सदस्यलाई प्रेरित गर्ने सहकारीको योजना छ । साकोसले यही असार अन्तिमबाट स्मार्ट मोबाइल, ट्याबलेट बैंकिङ, एकाउन्ट नोटिफिकेसन, एटीएम सेवा, क्यूआर कोडलगायत प्रविधि प्रयोगमा सदस्यलाई जोड्ने तयारी गरिएको जानकारी गराएको छ ।

संस्थाको हाल १ अर्ब ४० करोड कूल पूँजी तथा दायित्व रहेकोमा आगामी आर्थिक वर्षमा २ अर्व ५ करोड पुऱ्याउने, हाल ९ हजार ८ सय ४६ शेयर सदस्य रहेकोमा आगामी आर्थिक वर्ष १४ हजार पुऱ्याउने लक्ष्य लिएको छ । बाग्लुङ बजारमा केन्द्रीय कार्यालय रहेको साकोसले ११ स्थानमा सेवा केन्द्र मार्फत सेवा दिएकोमा जिल्ला भरका १० वटै स्थानीय निकायमा १५ वटा सेवाकेन्द्र विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

# पञ्चकन्या सहकारीको मोबाइल बैंकिङ सेवा शुरुवात

काठमाडौंको न्यूरोडस्थित मुख्य कार्यालय रहेको पञ्चकन्या बचत तथा ऋण सहकारी संस्थाले असार १५ गतेदेखि मोबाईल बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । संस्थाले एक विज्ञप्ति जारी गर्दै आधुनिक बैंकिङ्ग प्रणालीका विविध सेवाहरू समावेश भएको पञ्चकन्या स्मार्ट एपको प्रयोग गरी सदस्यहरूले धेरै किसिमका वित्तीय सेवा लिन सक्ने जानकारी गराएको हो ।




संस्थाका प्रमुख व्यवस्थापक ठाकुरनाथ आचार्यले सदस्यहरूले आधुनिक बैंकिङ्ग अन्तर्गत इन्टरनेट बैंकिङ्ग, विमा भुक्तानी, बैंक, सहकारी र लघुवित्तको खाताबाट खातामा रकम जम्मा गर्न र अन्तर बैंक भुक्तानी गर्न सकिने जानकारी गराउनुभयो । पञ्चकन्या स्मार्ट एप मार्फत २६ वटा वाणिज्य बैंक, १६ वटा विकास बैंक र ८ वटा फाईनान्स कम्पनीहरूमा अन्तर बैंक कारोवार गर्न सकिनेछ । गुगल प्ले स्टोर र एप स्टोरबाट पञ्चकन्या स्मार्ट एप डाउनलोड गरी उक्त सेवा लिन सकिने सदस्यहरूमा जानकारी गराइएको छ ।

१ हजार ७ सय शेयर सदस्य रहेको उक्त संस्थाले आधुनिक बैंकिङ्ग प्रणालीका सम्पूर्ण सेवाहरू सहित पञ्चकन्या ए.टी.एम. सेवा पनि छिट्टै सञ्चालनमा ल्याउने जनाएको छ ।

# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड

## (नेफ्स्कून) द्वारा सदस्य संघसंस्थाहरुका लागि महामारी (COVID-19) मा सहकारी सेवा व्यवस्थापन सम्बन्धी जारी गरिएको

## मार्गदर्शन २०७६

मिति : २०७६ चैत २९ गते

१. जोखिम व्यवस्थापनलाई सुरक्षित र प्रभावकारी बनाउन सञ्चालक समितिका पदाधिकारी संयोजक र व्यवस्थापन प्रमूख (व्यवस्थापक) सदस्य रहने गरी कम्तीमा तीन जनाको जोखिम व्यवस्थापन कार्यदल गठन गर्ने ।

२. जोखिम व्यवस्थापन कार्यदल मार्फत महामारीको चरण र प्रभाव सम्बन्धमा आधिकारिक निकायको सूचना तथा स्वीकृती अनुसार आफ्नो सेवा क्षेत्र भित्रको अवस्था नियमित सुक्ष्म विश्लेषण गरी सदस्यहरूलाई आवश्यक सेवाहरूको पहिचान तथा प्रवाह गर्ने सुरक्षित विधि सुनिश्चित गर्ने ।

३. महामारीको अवधिमा संस्थाले प्रदान गर्ने अत्यावश्यकीय सेवाहरू प्रवाह गर्न आवश्यक मानव संशाधन ढाँचा, सुरक्षा प्रबन्ध, उत्प्रेरणा, समय र सुरक्षित विधि परिभाषित गरी अत्यावश्यक वित्तीय (आपतकालिन ऋण र आकस्मिक बचत लगायत) सेवाहरू व्यवस्थापन गर्ने ।

४. सेवा क्षेत्रमा सदस्य तथा समुदायको महामारीबाट संरक्षण गर्न स्थानीय तह तथा सरोकारवालाहरूसंगको सहकार्यमा निर्धारित न्यूनतम मापदण्ड भित्र रही स्वास्थ्य सचेतना, अति आवश्यक सदस्यहरुको जीवन निर्वाहको लागि राहत व्यवस्थापन, वित्तीय तथा मनोसामाजिक परामर्श सम्बन्धि कार्यक्रमहरू तर्जुमा गरी क्षमताका आधारमा संचार तथा प्रविधिका माध्यमद्वारा नियमित सञ्चालन गर्ने ।

५. महामारीको अवधिमा प्रविधिमा आधारित सेवाहरूको प्रभावकारी सञ्चालन, टेलिफोन तथा अन्य सञ्चारका माध्यमबाट सम्पर्क व्यक्ति मार्फत व्यक्ति व्यक्ति वित्तीय सेवा (P to P) प्रवाह प्रणाली, निश्चित समय र स्थान तोकि सदस्य आउँदा आउँदै काउन्टरमा नगईकनै सेवादिन सकिने विधि (Drive through Window) मार्फत अत्यावश्यक वित्तीय सेवा, सुरक्षित घर दैलो (Door Steps Service) सेवा सञ्चालन प्रणाली, ड्रप बक्स (Drop Box) मार्फत सेवा प्रवाह, रिमोट भुक्तानी पुर्जा (Remote Cheque Payment) मार्फत बचत तथा भुक्तानी प्रणाली जस्ता वैंकल्पिक विधिहरू विकास तथा उपयोग गरी अत्यावश्यक वित्तीय सेवाहरू सुनिश्चित गर्ने ।

६. महामारीमा सेवा व्यवस्थापनका लागि मानव संशाधन व्यवस्थापनमा सम्पर्क व्यक्ति तोक्ने, सुरक्षित रूपमा आलोपालो प्रणाली, जनशक्तिको सुरक्षा र उत्प्रेरणाका विधिहरूको विकासका साथै कार्य विवरण परिभाषित गरी घरबाट कार्यालयको काम गर्ने प्रणाली (Working from Home) विकास र कार्यान्वयन गर्ने ।

७. महामारी अवधि (बन्दाबन्दी) शुरू भएको दिनसम्म संस्थामा जम्मा भएको बचत र लगानीमा रहेको ऋण रकममा संस्थाले लिने दिने ब्याजदर साविकको व्यवस्था बमोजिम गर्ने र सो पछिका लागि संघसंस्थाले बजार अध्ययन गरी आवश्यक नीतिगत पुनरावलोकन मार्फत ब्याजदर थपघट गर्ने ।

८. महामारी अवधि (बन्दाबन्दी) अन्त्य भएको एक महिनापछि सम्म बचत तथा ऋण सेवामा हर्जना नलिने र महामारीको अवधि (बन्दाबन्दी) मा ऋणको किस्ता बुझाउने सदस्यहरूलाई संस्थाले कम्तीमा १० प्रतिशत रिवेटको व्यवस्था गर्ने ।

९. सदस्यहरूलाई ऋण लगानी गरेको क्षेत्र तथा सदस्यहरूको तिर्न सक्ने क्षमताको विश्लेषण गरी महामारी अवधि (बन्दाबन्दी) समाप्त भएको मितिबाट अधिकतम छ महिनासम्म ऋणको अन्तिम भुक्तानीको अवधि थप गर्ने ।

१०. महामारी अवधिमा आपतकालिन ऋण सेवा बाहेक अन्य ऋण लगानीको हकमा प्रति व्यक्ति प्राथमिक पूँजी कोषको ५ प्रतिशतमा नबढ्ने र कम्तीमा २५ प्रतिशत तरलता सुनिश्चित गरेर मात्र ऋण सेवा प्रवाह गर्ने साथै १ वर्षभन्दा बढी अवधिका ऋण प्रवाहलाई निरूत्साहन गर्ने ।

११. प्रविधिमा आधारित भुक्तानी सेवाहरू उपयोगमा प्रोत्साहन गर्न भुक्तानी सिमा वृद्धि तथा शुल्क छुटको व्यवस्था गर्ने ।

१२. संस्थाको तरलता व्यवस्थापनका लागि बजार अध्ययन तथा आवश्यक भए अल्पकालिन ऋण सेवा सुनिश्चित गर्ने ।

१३. महामारी अवधि (बन्दा बन्दी) शुरू भएको दिन सम्म नियमित रहेको ऋणहरूको हकमा महामारी (बन्दाबन्दी) समाप्त भएको छ महिनासम्म ऋणको किस्ता र ब्याज भुक्तानी प्राप्त नभए पनि उक्त ऋणको जोखिम व्यवस्था गर्नु नपर्ने ।

Be READY to fight
#coronavirus

Be SUPPORTIVE Be CAREFUL Be ALERT Be KIND

*For the latest health advice, go to :*
www.who.int/COVID-19

१४. सदस्यहरूको व्यवसाय निरन्तरताको लागि परामर्श तथा अन्य सेवा आवश्यकताको आधारमा प्रदान गर्ने । तरलता व्यवस्थापनको लागि बन्दाबन्दी अवधिसम्म न्युनतम बचत फिर्ताको सिमा तोक्ने ।

१५. समिति, उप समिति तथा व्यवस्थापनका बैठकहरू प्रविधि वा अन्य सुरक्षित माध्यमबाट नियमितता दिने, प्रचलिन कानून बमोजिम पेश गर्नु पर्ने प्रतिवेदन तथा प्रदान गर्नु पर्ने सूचनाहरू सरल र सुरक्षित माध्यमबाट पेश गर्ने ।

१६. संघसंस्थाले आफ्नो व्यवसायिक योजना पुनरावलोकन, महामारी अवधिको लागि अलग्गै योजना निर्माण तथा तरलता व्यवस्थापनको लागि स्पष्ट योजना बनाई कार्यान्वयन गर्ने ।

१७. महामारीको अवस्थामा पनि सदस्यहरूलाई आकस्मिक बचत, पारिवारिक बजेट सहितको मित्तव्ययी खर्च व्यवस्थापन तथा दैनिक उपभोग्य वस्तुको मितव्ययी परिचालनको लागि नियमित सदस्य परामर्श र वित्तीय साक्षरता प्रदान गर्ने ।

१८. संघसंस्थाका सञ्चालक, कर्मचारीहरू तथा सदस्यहरू बीच नियमित सम्पर्क, सूचना तथा जानकारीहरू प्रवाहका विषयहरूमा टेलिफोन सम्पर्क, संस्थाको फेसबुक पेज, वेबसाईट वा सामुहिक म्यासेज मार्फत नियमित रूपमा संम्पर्कमा रहने ।

१९. महामारी अवधिमा सदस्य संघसंस्थाको सेवा व्यवस्थापनमा सहजीकरण गर्नको लागि नमूना "महामारीमा सहकारी सेवा व्यवस्थापन निर्देशिका, २०७६" विकास गरी संघको वेबसाईट www.nefscun.org.np मा राखिएको छ । उक्त निर्देशिका बमोजिम आफ्नो संस्थामा निर्देशिका निर्माण गरी सोही अनुसार कार्यान्वयन गर्ने ।

❑ ❑ ❑


नेफस्कून

**नेफ्स्कून**

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**

नयाँ बानेश्वर, काठमाडौं

**परितोष पौड्याल**

अध्यक्ष


# महामारी (COVID-19) को अवस्थामा सहकारी संघसंस्थाहरुमा जनशक्ति तथा सुशासन व्यवस्थापनको लागि जारी गरिएको

# मार्गदर्शन २०७७

मिति : २०७७ बैशाख ११ गते

आम स्वास्थ्य संकटको अवस्थामा सहकारीहरूले साविकको जस्तो नियमित कार्यालय सञ्चालन सम्भव नहुने भएकोले, मानवीय संकटको समयमा सदस्यलाई प्रदान गर्नुपर्ने अत्यावश्यक सेवाहरू नियमित र सुरक्षित तवरले उपलब्ध गराउन बचत तथा ऋण सहकारी संघ/सस्थाको लागि नेफ्स्कूनले जारी गरेको महामारी (COVID-19) मा सहकारी सेवा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ मा उल्लेख गरिएको जनशक्ति परिचालन सम्बन्धी व्यवस्थालाई थप सरलीकृत गर्न यो सहकारी संघ/सस्थाहरूमा जनशक्ति तथा सुशासन व्यवस्थापन मार्गदर्शन–२०७७ जारी गरिएको छ ।

१. चालु आ.व. २०७६/०७७ को अन्तिम चौमासिकमा बन्दाबन्दीको सामना गर्नु परेकोले संस्थाको वित्तीय अवस्था योजना अनुसार नभएको हुन सक्दछ वा हाल सदस्य हितमा गरिने कार्यक्रमहरूको आकार बढ्न गई संस्थागत आयको मात्रामा कमी भएको भए पनि बन्दाबन्दी अवधि भर संघ संस्थाको क्षमता, महामारीको चरण र अवधिको विश्लेषण गरी मौजुदा दरवन्दी यथासक्य कटौती नगर्ने ।

२. महामारीको अवधि विदाको अवधि होइन, त्यसैले यस अवधिमा संस्थागत निर्णय बमोजिम कार्यसम्पादन गर्नु पर्दछ । महामारी अवधिमा परिचालन गर्नुपर्ने जनशक्ति व्यवस्थापनका योजना व्यवस्थापकले तयार गरी नीतिगत रूपमा जोखिम व्यवस्थापन कार्यदलबाट निणर्य गराई स्थानीय प्रशासनसँगको समन्वयमा संघ वा संस्थाको सेवालाई निरन्तरता प्रदान गर्ने ।

३. बन्दाबन्दी अवधिमा निश्चित जिम्मेवारी सहित कार्यसम्पादान गर्नु नपरेका कर्मचारीहरूको हकमा बन्दाबन्दी अवधिमा विदा सञ्चित नहुने व्यवस्था गर्ने ।

४. महामारीको समयमा काम गर्ने जनशक्तिहरूको लागि आवश्यक आधारभूत स्वास्थ्य सुरक्षा (पीपीई, स्यानिटाइजर, मास्क, चश्मा, सुरक्षित कार्यस्थल) को प्रबन्ध भएको हुनु पर्दछ र वैकल्पिक विधिबाट सेवा दिंदा सुरक्षालाई पहिलो प्राथमिकता दिने व्यवस्था मिलाउने ।

५. महामारीको समयमा कार्यालयले तोकेको कार्य, क्षेत्र, समय र साधन बाहेकको यात्रा प्रतिबन्ध गर्ने ।

६. जनशक्ति परिचालन योजना अनुरूप संस्थागत कार्यमा खटिएका व्यक्तिहरूको नियमित रूपमा स्वास्थ्य अवस्था बारे जानकारी लिने व्यवस्था मिलाउने ।

७. संस्थाको क्षमता तथा वित्तीय अवस्थाको आधारमा महामारीको समयमा कार्य स्थलमा नियमित खटिने कर्मचारीहरूको थप बीमा, प्रोत्साहन भत्ता, यातायात साधन, आवागमन अनुमति प्रबन्ध आवश्यक संचार खर्च जस्ता न्यूनतम व्यवस्था संस्थागत रूपमा गर्ने ।

८. गर्भवती महिला, नियमित औषधि सेवन गरिरहेका जनशक्तिहरूलाई महामारीको समयमा परिचालन नगर्ने ।

९. नियमित काममा रहेको समयमा कर्मचारीहरूमा स्वास्थ्य समस्या देखिएमा सो समस्या समाधान गर्दा भएको खर्च संस्थाले व्यवस्था गर्ने ।

१०. बन्दाबन्दीको अवधि लम्बिन गई संस्थाको खुद बचत ऋणात्मक भएमा, कर्मचारीहरूको आधार भूत तलवमान (तलब स्केल र ग्रेड) बाहेक अन्य सुविधाहरू पूनरावलोकन गर्ने ।

११. महामारीको अवस्था, सरकारको निर्देशन, स्थानीय तह र प्रशासनले जारी गरेका निर्देशनहरू, सहकारी सञ्जालको मार्गनिर्देशन नियमित अध्ययन र विश्लेषण गरि आवश्यक समन्वयमा सेवा प्रवाहका विधि तय गर्ने व्यवस्था मिलाउने ।

१२. महामारीको अन्त्य भई जनजीवन सामान्य अवस्थामा आई संघ सस्था पूर्ववतः सञ्चालन नहुँदासम्म नयाँ कर्मचारीहरूको नियुक्ति सम्बन्धी प्रक्रिया स्थगन वा रद्ध गर्ने ।

१३. सदस्य संघ संस्थाले सञ्चालन गरेको कुनै सेवा तत्काल सञ्चालन गर्न नसकिने वा गर्नु नपर्ने भएको अवस्थामा श्रम ऐन २०७४ को दफा १५ बमोजिम जनशक्ति व्यवस्थापन गर्न सकिनेछ । यसमा, कुनै विशेष परिस्थिति उत्पन्न भएमा रोजगारदाता (संघसंस्था) ले कार्य स्थगन गरी जनशक्तिलाई जगेडामा राख्न सकिने व्यवस्था रहेको छ जसमा, दश जना वा सोभन्दा बढी जनशक्ति कार्यरत रहेको रोजगारदाता (संघसंस्था) ले श्रमिक जगेडामा रहेको अवस्थामा त्यस्तो जनशक्ति र संघसंस्थाबीच रोजगार सम्बन्ध कायमै रहनेछ र जनशक्तिलाई पन्ध्र दिनसम्म जगेडामा राख्न सक्नेछ तर सोभन्दा बढी समयको लागि जगेडामा राख्नु परेमा आन्तरीक कार्यविधिमा व्यवस्था गरी लागू गर्ने ।

१४. यस मार्गनिर्देशनमा उल्लेख गरिएको प्रावधानहरूलाई सदस्य संघसंस्थाले विकास गरेको मानव संशाधन व्यवस्थापन नीतिमा महामारीमा जनशक्ति व्यवस्थापन सम्बन्धी परिच्छेद थप गरी अद्यावधिक गर्ने ।

१५. महामारी अवधिमा सम्पादन भएका सम्पूर्ण कार्यहरूको नीतिगत निर्णय र स्तरीय अभिलेखीकरण गर्ने ।

१६. महामारीको समयमा संस्थाको दैनिक क्रियाकलापलाई नियमित गर्न मुख्य जिम्मेवारीमा रहेका व्यक्तिहरू कार्यालयमा उपस्थित हुन नसक्ने अवस्थामा अख्तियारी प्रत्यायोजन गर्ने ।

१७. सम्पर्कको आधारमा सेवा दिने कर्मचारी सेवा दिन निर्धारण गरिएको समय र स्थानमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१८. महामारीको प्रभाव न्यूनिकरण, नियन्त्रण र राहतका लागि स्थानीय, प्रदेश र संघीय सरकारले आव्हान गरेका राहत कोषमा सहयोग प्रदान गर्दा सदस्यको शेयर, बचत तथा उनीहरूको हक लाग्ने कोषमा असर नपर्ने गरी नीतिगत निर्णय र सदस्य हित प्राथमिकतामा पर्ने क्षेत्रमा सहभागिता जनाउने ।

१९. लेखा सुपरिवेक्षण समितिले बन्दाबन्दी अवधि समाप्त भएको मितिले १५ दिन भित्र उक्त अवधिको आन्तरीक लेखापरिक्षण गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

**परितोष पौड्याल**
अध्यक्ष

---

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून)**


केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

# राष्ट्रिय युवा परिषद्मा पुनः नियुक्त ढुंगेललाई स्वागत



राष्ट्रिय युवा परिषद्को कार्यकारी उपाध्यक्षमा दोस्रो कार्यकालका लागि नियुक्त हुनुभएका माधव ढुङ्गेललाई नेफ्स्कूनले जेठ १३ गते संघको कार्यालयमा स्वागत गरेको छ । जेठ १२ गते बसेको मन्त्रीपरिषद्को बैठकले ढुङ्गेललाई आगामी ४ वर्षका लागि उक्त पदमा नियुक्त गरेको थियो ।

कार्यक्रममा बोल्दै कार्यकारी उपाध्यक्ष ढुङ्गेलले कोभिड–१९ महामारी र यसका कारण जारी लकडाउनमा सहकारीको भूमिका अत्यन्त प्रभावकारी बनेको र यसलाई अझ सशक्त बनाउँदै लानुपर्नेमा जोड दिनुभयो । सामाजिक उत्तरदायित्व बुझेको संगठन भएकोले राष्ट्रिय विकास अभियानमा सहकारी निर्विकल्प साथ भएको उहाँको धारणा थियो । सरकारका राहत र सहुलियतका कार्यक्रम सहकारी मार्फत परिचालन गर्दा प्रभावकारीता बढाउन सकिने भन्दै ढुङ्गेलले अब सहकारी मार्फत युवा र महिलालाई उद्यममा जोड्नु पर्ने आवश्यकता औंल्याउनुभयो । एक शिक्षण संस्था एक उद्यम कार्यक्रम प्रभावकारी बनाउन सहकारीसँग साझेदारी गर्न सकिने सम्भावना ढुङ्गेलले व्यक्त गर्नुभयो ।

महामारीका कारण जोखिममा पर्ने करिब २५ लाख युवाहरूको व्यवस्थापनमा परिषद् लागिपर्ने प्रतिवद्धता कार्यकारी उपाध्यक्ष ढुङ्गेलले व्यक्त गर्नुभयो । उहाँले बैदेशिक रोजगारी गुमाएका, गुमाउने र स्वदेशमा रोजगारीबाट बञ्चित हुने २५ लाख युवाहरूलाई व्यवस्थापन गर्न परिषद् योजनावद्ध ढंगले अगाडि बढ्ने जानकारी गराउनुभयो । त्यस्तो व्यवस्थापनको विकल्प कृषि भएको ढुङ्गेलले उल्लेख गर्नुभयो । अबको युग कृषिमा आधारित उद्यम विकासको युग भएको बताउँदै उहाँले त्यसका लागि युवाहरूलाई सहुलियतपूर्ण कर्जा मार्फत स्वरोजगार बनाउने योजना अघि सार्नुभयो ।

स्वागत कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले राष्ट्रिय युवा परिषद् र नेफ्स्कूनको सहकार्य सफल भएको दाबी गर्नुभयो । बद्लिदो परिस्थितिमा दुई निकायबीचको सहकार्यका नयाँ क्षेत्र पहिचान गरी अगाडि बढ्नुपर्ने भन्दै अध्यक्ष पौडेलले कृषि वित्त र व्यवसाय विकास केन्द्र मार्फत उद्यम प्रवर्द्धनमा साझेदारी गर्न सकिने सम्भावना औंल्याउनुभयो । विगतमा दुई निकायबीचको सफल सहकार्यको उदाहरण दिँदै अध्यक्ष पौड्यालले आगामी दिनमा यो मित्रताले थप उचाई हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बिकास बोर्डकी सञ्चालक इन्दिरा पन्तले महामारीबाट सिर्जित युवा बेरोजगारीको समस्या सम्बोधन गर्ने कार्य योजना परिषद्को प्राथमिकतामा रहने विश्वास व्यक्त गर्नुभयो । परिषद्को प्रमुख दायित्व युवा रोजगारी प्रवर्द्धन भएको उहाँको धारणा थियो । यसैगरी, राष्ट्रिय सहकारी महासंघका सञ्चालक टेक प्रसाद चौलागाईले युवा परिषद्ले सहकारी अभियानसँग दीगो सहकार्यको योजना अगाडि बढाउनुपर्ने भन्दै त्यसमा अभियान सँगै रहेको स्पष्ट पार्नुभयो ।

काठमाडौं जिल्ला सहकारी संघका उपाध्यक्ष खेमराज सुवेदी, नेफ्स्कूनका लेखा सुपरिवेक्षण समितिका संयोजक नबराज सापकोटा, नेफ्स्कूनका नायब प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल प्रशासन विभाग प्रमुख शिव अधिकारी र सदस्य सेवा विभाग प्रमुख दुर्गाप्रसाद ढकाल सहभागी स्वागत कार्यक्रमको सञ्चालन नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख सञ्जय तिमिल्सिनाले गर्नुभएको थियो ।



# नेफ्स्कूनको सहकारी समाचार पोर्टल शुरु हुँदै



नेफ्स्कूनले साकोस अभियान र समग्र सहकारी क्षेत्रको विकासमा सकारात्मक टेवा पुऱ्याउने उद्देश्यका साथ छुट्टै सहकारी समाचार पोर्टल सञ्चालन गर्ने भएको छ । www.saccosaawaj.coop.np नामबाट निकट भविष्यमै सञ्चालन गरिने उक्त समाचार पोर्टल सञ्चालनका लागि सूचना विभागले अनुमति समेत प्रदान गरेको छ । नेफ्स्कूनको आधिकारिक वेबसाईट nefscun.org.np भित्रबाट समाचार र गतिविधिहरूको जानकारी गराउँदै आएको नेफ्स्कूनले छुट्टै सहकारी अनलाईन समाचार पोर्टल सञ्चालनको तयारी गरेको हो ।

असार ४ गते संघको केन्द्रीय कार्यालयमा बसेको सञ्चार उपसमितिको बैठकले सहकारी अनलाईन सञ्चालन सम्बन्धी आवश्यक कार्य तदारूकताका साथ अघि बढाउने निर्णय गरेको थियो । नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष, प्रवक्ता एवं उपसमिति संयोजक चन्द्र प्रसाद ढकालले मुलुक भरका बचत तथा ऋण सहकारीहरूको अभिभावक निकाय भएकाले नेफ्स्कूनले फराकिलो दायरामा साकोस एवम समग्र सहकारी अभियानका महत्वपूर्ण गतिविधिहरूलाई समेत अनलाईनले समेट्नुपर्ने आवश्यकता औल्याउनुभयो । नेफ्स्कूनले सूचना र सञ्चारको महत्वलाई विशेष जोड दिँदै अब दीगो व्यावसायिक सोचका साथ साकोस र सहकारी अभियानको पहरेदार बन्न अनलाईन समाचार पोर्टल शुरू गर्न लागेको र यसमा सम्वद्ध मन्त्रालय र अभियानको साथ, सहयोग र समन्वयका साथ अघि बढ्ने दाबी गर्नुभयो ।

कार्यक्रममा उपसमिति सदस्य विपिन शर्मा, सालिकराम पुडासैनी ले पनि समग्र सहकारी अभियानकै भरपर्दो विश्वसनीय अनलाईन समाचार माध्यम बनाउन लागि पर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी, उपसमिति सदस्य लिला थापा र जगदिश भट्टराईले अनलाइनमार्फत बैठकमा सहभागी हुँदै अभियानको प्रभावकारी सञ्चार केन्द्रको रूपमा संघद्वारा सञ्चालित अनलाईन पोर्टलको विकासमा ध्यान दिनुपर्नेमा जोडदिनुभयो ।

बैठकमा नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले समाचार पोर्टल सञ्चालनका लागि जनशक्ति व्यवस्थापन, बजेट बिनियोजन, जिम्मेवारी बाँडफाँड, भौतिक संरचना व्यवस्थापन आदिको तयारी भएको जानकारी गराउँदै थप उत्साह र जोशका साथ नेपालको सहकारी अभियानको अग्रणी समाचार पोर्टल बनाउने दूरगामी सोचका साथ द्रुत तयारी भैरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा प्रशासन विभाग प्रमुख शिव अधिकारीले अनलाईन समाचारको प्रभावकारिता बढ्दै गएको वर्तमान अवस्थामा नेफ्स्कूनले प्रविधिमैत्री ढंगले समाचार सम्प्रेषणलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्नुभयो । त्यसका लागि आवश्यक तयारीहरू भैरहेको बताउँदै सबैंको साथ र सहयोग लिएर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# किसान साकोसको रजत महोत्सव वर्ष २०७७ शुभारम्भ

किसान बचत तथा ऋण सहाकरी संस्था लि. गैंडाकोटले असार १५ गते किसान साकोस रजत महोत्सव वर्ष २०७७ घोषणा तथा लोगो अनावरण गरेको छ ।

रजत महोत्सव वर्ष घोषणा कार्यक्रम संस्थाका अध्यक्ष श्रीहरि चालिसेको अध्यक्षता, गैंडाकोट नगरपालिका वडा नं. ८ का वडाध्यक्ष तथा संस्थाका सल्लाहकार एवं संस्थापक सदस्य डिलाराम रिजालको प्रमुख आतिथ्यतामा साकोसको सभाहलमा सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले रजत वर्षको लोगोको अनावरण गरी कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो भने कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत नविन सापकोटाले संस्थाको स्थापना कालदेखिको विकास क्रमलाई सम्भँदै हालसम्मको वित्तीय



अवस्था प्रस्तुत गर्नुभएको थियो ।

२५ जनाको समूहबाट शुरू भएको संस्था विधिवत रूपमा दर्ता हुँदै अहिले नवलपरासी, चितवन र तनहुँको क्षेत्रमा सेवा प्रदान गरेको साथै देश विदेशमा समेत ख्याती प्राप्त गर्न सफल साकोसको हाल कुल ६० हजार सदस्य र दुई अर्ब भन्दा बढीको पूँजी परिचालन मार्फत सदस्यहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

संस्थाले हालसम्म २५ वटा संस्थासँग एकीकरण गरी एकीकृत सेवा प्रदान गर्दै आएकोमा यस रजत वर्षको कार्यक्रम सम्पन्न गर्नको लागि अध्यक्षको संयोजकत्वमा सञ्चालक समिति र सेवा केन्द्र संयोजकहरू सदस्य तथा प्रमुख कार्यकारी अधिकृत नविन सापकोटा सदस्य सचिव रहने गरी रजत महोत्सव मूल समारोह समिति समेत गठन गरेको छ । संस्थाले सदस्य स्तरका कार्यक्रम, वाल सदस्यस्तरीय कार्यक्रम, अन्तर सहकारी संस्था, सामाजिक उत्तरदायित्व एवं मानविय कृयाकलाप, सञ्चालक एवं कर्मचारी स्तरीय, विद्यालय स्तरीय, एकीकरण संस्था सम्मान, र स्थापनाकाल सदस्य सम्मान, किसान सहकारी राष्ट्रिय पुरस्कार, स्तम्भ अनावरण, रजत स्मारिका प्रकाशन, ज्येष्ठ, नागरिक, एकल महिला स्तरीय कार्यक्रम, खेलकुद तथा साहित्यिक कार्यक्रम, सहकारी प्रवर्द्धनका अन्य कार्यक्रमहरू समेत समेटी आगामी दिनमा कार्यक्रम तालिका प्रकाशन गर्ने र अन्य आवश्यक उपसमितिहरू गठन गरिने संस्थाका अध्यक्ष श्रीहरि चालिसेले जानकारी दिनुभयो ।

# नेफ्स्कूनद्वारा व्यवसाय सेवा विकास कार्यक्रम सम्बन्धी भर्चुअल तालिम आयोजना

नेफ्स्कूनले १० वटा साकोसका २० जना प्रतिनिधिहरूको सहभागितामा व्यवसाय सेवा विकास कार्यक्रम (बीडीएस) सम्बन्धी ३ दिने भर्चुअल तालिम सञ्चालन गरेको छ । असार २१ गतेदेखि सञ्चालित तालिममा सहभागी साकोसका सञ्चालक समितिबाट १ जना र व्यवस्थापनबाट १ जनाको सहभागिता थियो । एशियाली ऋण महासंघ (अक्) र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) बीचको साझेदारीमा उक्त भर्चुअल तालिम दैनिक ३ सेसनमा विभक्त गरेर सञ्चालित गरिएको थियो ।

तालिममा स्वरोजगार, उद्यमशीलता, व्यवसायको छनौट, व्यावसायिक योजनाको तयारी, व्यवसाय विकास केन्द्र, बजार र बजारीकरण, व्यवसाय चक्र, व्यावसायिक अवसरको पहिचान, व्यवसायमा लेखा वा अभिलेखको महत्व आदि विविध विषयमा सहजीकरण गरिएको थियो । अन्तरक्रियात्मक उक्त कार्यक्रममा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षलाई समेटिएको थियो । पहिलो दिन तालिमको सफलताको शुभकामना व्यक्त गर्दै अकूकी प्रमुख कार्यकारी अधिकृत लेनीले तालिमबाट शिक्षा लिएर सहभागी साकोसका प्रतिनिधिहरूले आफ्ना सदस्यहरूमा उद्यमशीलता विकास गर्न ठोस योजनाहरू चाल्नुपर्ने र उनीहरूलाई प्रेरित गर्नुपर्ने बताउनुभयो । तालिमलाई खाली औपचारिकताको रूपमा मात्र नलिई व्यावहारिक परिणाम दिन र नबुझेका विषयमा प्रष्ट हुन उहाँले आग्रह गर्नुभयो ।

तालिमको सहजिकरण विषय विज्ञ निर्मल सिग्देल, नेफ्स्कूनका बरिष्ठ तालिम अधिकृत बल्लभ तिमल्सिना र अर्का बरिष्ठ अधिकृत नविनराज दाहालले गर्नुभएको थियो । व्यवासयमा लेखा/अभिलेखको महत्व र सामान्य ढाँचाहरूका बारेमा बरिष्ठ अधिकृत बल्लभ तिमल्सिनाले र बजार र बजारीकरणको अवधारणा विषयमा नविनराज दाहालले सहजिकरण गर्नुभएको थियो भने बाँकी यावत् विषयमा विषय विज्ञ निर्मल सिग्देलले सहजिकरण गर्नुभएको थियो । कार्यक्रमको संयोजन र




व्यवस्थापन नेफ्स्कूनकी कार्यक्रम अधिकृत रीता सुवेदीले गर्नुभएको थियो ।

अकूको आर्थिक तथा नेफ्स्कूनको प्राविधिक सहयोगमा यसै वर्ष अर्थात् सन् २०२० फेब्रोरी १ बाट व्ययवसाय विकास सेवा कार्यक्रम सुरु गरिएको हो । प्रथम चरणमा सहभागी संस्थाहरूमार्फत सदस्यहरूको व्यवसाय प्रवर्द्धनमा सहयोग उपलब्ध गराइएको हो । खासगरी महिला सदस्यहरूको उद्यमशीलता विकासका लागि व्यवसाय विकास सेवा कार्यक्रम लक्षित रहेको छ । यसअघि नेफ्स्कूनले यस्तै प्रकृतिको भर्चुअल बैठक गत जेठ ७ गते आयोजना गरेको थियो ।

# An Overview of Micro Credit and Micro Insurance



**Shubhas Gautam**

Business Officer
NEFSCUN

*Micro Insurance is a financial arrangement to protect low-income people against specific perils in exchange for reguaLr premium payments proportionate to the likelihood and cost of the risk involved.*

Micro Insurance is to protect the underprivileged group through systematic enrollment in insurance service in all over the country. Government should plan to introduce micro-insurance company in the country to expand penetration of insurance services to the rural area. Cooperative may be the next hand of Nepal government to implement the slogan "Insurance for All". " Micro insurance is a financial arrangement to protect low-income people against specific perils in exchange for reguaLr premium payments proportionate to the likelihood and cost of the risk involved". (Churchill C. (ed.) (2006). Protecting the Poor: A Microinsurance Compendium. Geneva: ILO)

Micro Insurance services is not a new concept in insurance sector but also it is an initial stage in Nepal rather than other South Asian countries. Micro-finance companies, Rural-based cooperatives and non-governmental organization have been continuously operating micro-insurance since long. They are providing health, crop and livestock insurance to the villagers at the grassroots level. It has not been developed institutionally in the country due to lack of a law, institutions, even as there is a huge requirement of the service to protect the low-income group. Cooperative sector will be make a longest partner in favor of Capital Formation and Social security through the involvement of insurance knowledge for their members. As a aLrge number of underprivileged people participation in cooperative will help the slogan of our government "Insurance for All". As a aLrge number of people participation in the country fall under the bracket of low-income group, micro-insurance schemes are necessary to protect them.

Preethi Dixit and Sanjeev Mahrotra (2015) have explained that micro insurance which are affordable to the rural and urban poor and to enable micro insurance to be an integral part of the country's wider insurance system. The main thrust of micro insurance regulations is protection of low income people with affordable insurance products to help them cope with and recover from common risks with standardized popuaLr insurance products adhering to certain levels of cover, premium and benefit standards.

Micro Insurance is simply a community based financial arrangement where we found continuous and active participation of the community for capital formation through Saving and Credit mobilization, revenue collection

and resource allocation. Nepal government has given the initial permission to the Life Insurance companies to start the micro credit insurance for the benefit of deprived people. Currently, nearly 15% of the total population has been covered from insurance services, according to the Insurance Board out of them percentage of Micro Insurance is negligible. However, there is no provision for separate micro insurance institution. Utilization of micro insurance in risk management in Nepal is rarely different in other South Asian countries i.e India, Bangaladesh and Pakistan.

In Nepal, Cooperative sector mostly dominated by Saving and Credit Cooperative services nearly 34500 around 39% of primary cooperative, out of 5.2 millions members 55% of total members and 74 % of Total Share Capital are saving and credit cooperatives which leads by Nepal Federation of Saving and Credit Co-operative Unions Ltd. (NEFSCUN) and Microfinance Companies.

According to NEFSCUN , Credit Union Microfinacne Innovation (CUMI) program has to be started since 2001. The main objectives of this are financial lifesaver in the event of certain uncertainty which has been providing the services of micro savings, credit, insurance and other support services to the low income poor, micro entrepreneurs, women and disadvantage group in rural area and to uplift their socio economics condition.

Cooperative membership security plan (CMSP) is also a co-operative based financial security system (Micro-insurance) which provides insurance facility to the cooperatives members who are excluded from formal social protection mechanism under co-operative principles & values. This service started from 2005 and re-executed the product including death risk policy (DSP) with double accidental death benefit and in 2008, a 15 year term combined savings and death risk policy. The policy offered is from Nrs. 10,000 to 100,000 risk coverage of individual and now it has been converted into Citizen Life Endowment plan. Micro Insurance Products are well known for their features and characteristics. Most common features are Simplicity, Fixed price range and policy term and fixed limited benefits values. Another most effective initiator are Micro Finance Institutions who have been focusing on providing savings and credit services only. However, a growing number of Micro finance institutions practitioners have recognized that providing credit is not enough for the sustainable development of the poor.




Micro Insurance is not only insurance but also social security which makes better health and increase the life of rural and poor. It is refer to used to the low income people and helpless group because of less premium and benefits. As per the income poor people have lesser needs and priorities. Micro products have acknowledge that and issued the different kinds of risk coverage policies as per the demand of poor income group. These kinds of scheme are very efficient to protect rural group against the basic risks who are not capable to protect themselves through capitalist and rural feudal channel, Savings or credit.

**Credit Insurance:** that type of insurance policy purchase by a borrower that pays off one of more existing debts in happening of death and disability. There are three types of credit insurance.

**Credit Life insurance :** This type of Life insurance pays off all outstanding loans and debts if insured die or as per policy explained.

**Credit Disability Insurance (Accidental and Health Insurance):** Pays monthly benefits to lender equal to a lender equal to the loan's minimum payment to disabled or as per policy explained.

**Credit Unemployment Insurance:** Related to involuntarily unemployed paid to the lender equal to loans as per policy. International Journal of Recent Scientific Research Vol. 7, Issue 5, May 2016 Paramasivan C and Rajaram S The risk comes from the nature of investment and health hazards of the client, which makes loan payment uncertain. As insurance is one of the scientific methods of handling risks, micro insurance facilities reduce risk to both clients and contract, any contract covering the belongings, such as hut, livestock or tools or instruments or any personal accident contract, either ndividual or group basis." Micro insurance is one of the insurance schemes which affordable to the poor and marginalized people who are not included in the insurance. A good governance is responsible to prefect the life of people and also meet the risk caused by natural as any others events. With this view, government introduced a scheme is called as Micro insurance. Now micro insurance is implementing in the name of Jeevan Madhur and Jeevan Mangal. There is a need of creating awareness and take it into a proper channel, Micro insurance will reach the unreached.

# जनउत्थान साकोसद्वारा चक्लाबन्दी खेती शुरु



जनउत्थान बचत तथा ऋण सहकारी संस्थाले जनउत्थान कृषि गाउँ सुपौलीको २७ बिघा जमिनमा सामुहिक धान खेती शुरुवात गरेको छ । तिलोत्तमा नगरपालिका वडा नं १४ सुपौली गाउँका दुई कट्ठादेखि डेढ बिघासम्म जग्गा भएका साकोसमा आवद्ध ४६ घरधुरीको खेतमा सामुहिक धान खेतीका लागि जनउत्थान साकोसले रू.१५ लाख अनुदान सहयोग सहित चक्लाबन्दी खेतीको शुरूवात गरेको हो । राष्ट्रिय सहकारी महासंघबाट प्रदेश नं. ५ को उत्कृष्ठ सहकारी पुरस्कार तथा सम्मान २०७६ प्राप्त गर्न सफल जनउत्थान साकोस प्रदेशमै सबैभन्दा धेरै (१९ हजार ३ सय १७ जना) सदस्य भएको संस्था हो ।

सुपौली गाउँका सदस्यहरूको २७ विघा जमिनलाई तीनवटा ब्लकमा विभाजन गरी सामुहिक खेती सुरुवात गरेको संस्थाले ७ विघामा पहिलो पटक धान खेतीको शुरूवात गरेको हो ।

धान उत्पादनमा वृद्धि, आत्मनिर्भरता र समृद्धिको नारालाई लिएर धान उत्पादनमा आत्मनिर्भरताको नीति अंगिकार गर्दै चक्लाबन्दी खेतीमार्फत सहकारी संस्थाले देशकै लागि नमूना काम गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गर्ने लक्ष्य लिइएको संस्थाका अध्यक्ष ज्ञानु पौड्यालले बताउनुभयो । सहकारीले कृषिसँगै व्यवसायिक तरकारी खेती र पशुपालन पनि गर्ने १० वर्षे कार्ययोजना बनाएको छ भने सुपौलीपछि पश्चिम अमुवामा पनि सामुहिक कृषि गर्ने तयारी रहेको उहाँले बताउनुभयो ।

सामुहिक खेतीमार्फत उत्पादित खाद्यान्न वा तरकारीको बजारीकरण र विक्रिमा सहकारीले कोटिहवामा सहकारीको कार्यालय परिसरमै बिक्री केन्द्र स्थापना गरेको छ भने लकडाउनका बेलामा सहकारीले आफ्ना सदस्यले उत्पादन गरेका तरकारी बजार मूल्य भन्दा सस्तोमा उपभोक्तासम्म पुर्‍याउन सहजीकरणको भूमिका निर्वाह गरेको थियो ।

धान उत्पादनमा लागत कम गराई गरिबी न्यूनीकरणमा सहयोग पुर्याउने उद्देश्यसहित सामुहिक खेतीलाई प्रवर्द्धन गर्न साकोसले आगामी ३ वर्षसम्म हरेक वर्ष १५ लाख रूपैयाँका दरले खेत जोताई, बिउ, मल र सिंचाईका लागि रकम खर्च गर्नेगरी बजेट छुट्टाएको छ । कृषि उत्पादनमा आत्मनिर्भर गाउँ बनाउने अभियानस्वरूप प्रत्येक तीन तीन वर्ष को अन्तरालमा अर्को गाउँ छनौट गर्ने लक्ष्य संस्थाको रहेको व्यवस्थापक रनबहादुर थापाले जानकारी गराउनुभयो ।

राष्ट्रिय धान दिवसको औपचारिक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री आरती पौडेलले वचत तथा ऋणको कारोवार गर्दै आएको सहकारीले कृषि क्षेत्रमा चक्लाबन्दी खेतीको शुरूवात गरेर प्रदेशमै नमूना कामको शुरुवात गरेको औंल्याउनु भयो । प्रदेश सरकार र तिलोत्तमा नगरपालिकाले समेत चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरेको र ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरेकाले अब सम्भव भएका सबै जग्गामा चक्लाबन्दी खेती नै गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । आगामी आर्थिक वर्षका लागि सरकारले चक्लाबन्दी र सामुहिक खेतीका लागि बजेट छुट्याएको जानकारी गराउँदै प्रदेश सरकारले कम्तीमा १० बिघामा चक्लाबन्दी खेती गर्नेलाई ५० प्रतिशत अनुदान दिने नीति लिइएको जानकारी गराउनुभयो ।

जनउत्थान सहकारी कृषि गाउँ सुपौलीमा सामुहिक धान खेतीको यो पहिलो वर्ष हो । गत वर्ष प्रति कट्ठा धान उत्पादनमा रू. ४ हजार ८ सय लागत लागेको थियो भने यस वर्ष सामुहिक खेती गर्दा प्रति कट्ठा रू. ३ हजार मात्र लागत परेको छ । सामुहिक धान खेतीमा सम्पूर्ण लागत र उत्पादनको एकमुष्ठ हरहिसाब गरिने र उत्पादित धान प्रत्येक सदस्यले आफ्नो जग्गाको अनुपातको आधारमा आ–आफ्नै हिस्सा पाउने व्यवस्था गरिएको संस्थाले जानकारी गराएको छ ।







# सदस्यसँग नेफ्स्कून कार्यक्रम निरन्तरता

नेफ्स्कूनले बन्दाबन्दीमा सदस्यसँग नेफ्स्कून अन्तरक्रिया कार्यक्रमलाई तीव्रता दिएको छ । कोभिड १९ महामारीका कारण चैत्र ११ गतेदेखि बन्दाबन्दीको अवस्था शुरू भएसँगै जुम एप्लिकेशन मार्फत विभिन्न कार्यक्रम तथा तालिमहरू आयोजना गर्दै आइरहेको संघले महामारीमा सदस्य सेवा निरन्तरता सँगसँगै सदस्यसँग नेफ्स्कून कार्यक्रमलाई पनि भर्चुअल (अनलाइन) मार्फत अगाडि बढाइरहेको हो । संघमा कार्यरत कर्मचारीहरूको कार्यविभाजन गरी योजनावद्ध रूपमा नेपालभरका संघमा आवद्ध प्रारम्भिक बचत तथा ऋण सहकारीहरूसँग जुम एप्लिकेशनको माध्यमबाट सदस्य सँग नेफ्स्कून कार्यक्रम सञ्चालन भइरहेको संघका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले जानकारी गराउनुभयो ।

महामारीमा कार्यालय तथा सेवा प्रवाह व्यवस्थापन, महामारीमा सेवा निरन्तरताको आवश्यकता, सहकारी सञ्चालन सम्बन्धी सम्भावित विधिहरू, सदस्य सम्बन्ध तथा सञ्चार, स्वास्थ्य सचेतना तथा मनोपरामर्श, स्वस्थ वित्तीय संरचना, प्रविधि विकास र पहुँचमा सहकार्य, सदस्यको बचत सुरक्षा, तरलता व्यवस्थापन योजना, सदस्यहरूसँगको भौतिक दुरी र भावनात्मक सम्बन्ध विस्तार, सुशासन तथा वैधानिक व्यवस्थापन, महामारीका समयमा सञ्चालक समिति र व्यवस्थापनको भूमिका लगायतका विविध विषयहरूमा प्रस्तुतीकरण साथै सदस्यहरूसँग अन्तरक्रियालाई विशेष जोड दिइएको छ ।

कार्यक्रम मार्फत महामारीका समयमा संस्थाले सदस्यको बचत सुरक्षाको प्राथमिकतालाई ध्यान दिनुपर्ने, लगानीको सुरक्षण सुनिश्चित गर्नुपर्ने, समयको माग अनुरूप प्रविधिको पहुँचका साथै तिनको सुरक्षा प्रत्याभूतिमा ध्यान दिने, प्रकोपको प्रभाव, तरलता, ऋणको गुणस्तरता, सुशासन, स्वाथ्य सुरक्षा, कर्मचारी परिचालन आदि समग्र विषयहरू समेटेर साकोसहरूले व्यवसाय निरन्तरता योजना (बीसीपी) बनाउनुपर्ने, महामारीका चुनौतीहरूलाई नीतिगत व्यवस्था मार्फत सम्बोधन गरिनुपर्ने, आपतकालिन तरलता व्यवस्थापन गरिनुपर्ने विषयहरूमा सदस्यहरूलाई जानकारी गराइन्छ ।

सदस्यसँग नेफ्स्कून कार्यक्रममा सहभागी हुँदै नेफ्स्कूनका पूर्व अध्यक्ष एवं सहयोगी साकोस भक्तपुरका अध्यक्ष कैलाशभक्त प्रधानाङ्गले जटिल परिस्थितिमा पनि नेफ्स्कूनले सदस्य क्रियाशीलता अभिवृद्धि गराउन चालेको कदम अत्यन्त सह्रानीय रहेको अभिव्यक्ति दिनुभयो । महामारीमा सेवा निरन्तरता कसरी ? सदस्यहरूलाई के कस्तो समस्या परेको छ ? विद्यमान समस्याको समाधान कसरी गर्न सकिन्छ ? सुरक्षित स्वस्थ वातावरण कसरी निर्माण गर्ने ? र महामारीका समयमा प्रविधि प्रयोगको उपयोगिता कसरी वृद्धि गर्ने ? भन्ने सम्बन्धमा नेफ्स्कूनसँगको अन्तरक्रिया उपलब्धिमुलक रहेको र यसले महामारीका समयमा संस्था सञ्चालनका लागि अहम भूमिका खेल्ने विचार व्यक्त गर्नुभयो ।

सदस्य निरन्तरता साकोस निरन्तरताको जग भएकोले प्रत्येक साकोसका नेतृत्व र व्यवस्थापनले वित्तीय सेवालाई प्राथमिकतामा राखेर सेवा प्रवाहको प्राथमिकता निर्धारण गर्नुपर्नेमा नेफ्स्कूनले जोड दिँदै आएको छ । नेफ्स्कूनले गतवर्षदेखि शुरूवात गरेको सदस्यसँग नेफ्स्कून कार्यक्रम कोभिड १९ महामारीको बन्दाबन्दीका समयमा पनि निरन्तर अगाडि बढिरहेको छ ।

**न्यूरोडमा सदस्यसँग नेफ्स्कून अन्तरक्रिया**


काठमाडौंको न्यूरोड आसपासका बचत तथा ऋण सहकारी संस्थाहरूबीच असार १ गते सोमबार सदस्यसँग नेफ्स्कून अन्तरक्रिया कार्यक्रम भएको छ । नेफ्स्कूनका सञ्चालक सदस्य एवं फिल्ड व्यवस्थापन उपसमिति संयोजक रिना आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा १९ वटा बचत तथा ऋण सहकारी संस्थाबाट अध्यक्ष र व्यवस्थापकको सहभागिता रहेको थियो ।

बन्दाबन्दीको अवस्थापछि कार्यालय सञ्चालनमा देखिने समस्या तथा चुनौतीहरूको विषयमा भएको छलफलमा सहभागी सहकारीकर्मीहरूले संस्थाको अवस्था र अबको चुनौतीका विषयमा आ आफ्ना धारणा राख्नुभएको थियो ।

संघका अध्यक्ष परितोष पौड्यालले साकोसको तलरता व्यवस्थापन, ब्याजदर परिवर्तन तथा निर्धारण विधि, सदस्य सेवा प्रवाहमा प्रविधि प्रयोगमा जोड, साकोसको गुणस्तर कायम गर्न स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोष मा आवद्धता लगायतका विषयमा जानकारी गराउनुभएको थियो ।

❑ ❑ ❑

# नेफ्स्कूनद्वारा ऋण एजिङको प्रतिवेदन र जोखिम कोष व्यवस्थापन तालिम आयोजना




नेफ्स्कून तालिम केन्द्रले कोभिड-१९ महामारी र यसबाट सिर्जित बन्दाबन्दीका समयमा ऋण एजिङको प्रतिवेदन र जोखिम कोष व्यवस्थापन विषयक भर्चुअल तालिम असार १९ गते सञ्चालन गरेको छ । केन्द्रले बन्दाबन्दी शुरू भएयता गरेको यो १० औं भर्चुअल तालिम हो । जुम एप्लिकेसन्स्द्वारा बिहान ११ बजे सञ्चालित तालिममा ऋणको एजिङ प्रतिवेदन निर्माणका साथै जोखिम कोष व्यवस्थापनका विषयमा सहजिकरण गरिएको थियो ।

कार्यक्रममा स्वागत गर्दै नेफ्स्कूनका महासचिव एवं तालिम तथा शिक्षा उपसमिति संयोजक दामोदर अधिकारीले सदस्यहरूको माग र चाहना बमोजिम अभौतिक तालिम कार्यक्रमहरू सञ्चालन गरिएको भन्दै आगामी दिनमा नेफ्स्कूनले समेट्नुपर्ने विषयहरूका बारेमा सल्लाह र सुझाव प्रदान गर्न पनि सहभागीहरूलाई आग्रह गर्नुभयो । अन्तिम लेखापरिक्षणमा जुटेका सहकारीहरूका लागि ऋण जस्तो संवेदनशील विषयलाई सम्बोधन गर्न सहज हुनेगरी नेफ्स्कूनले प्राविधिक ज्ञानको सहजिकरण गरेको र यो विषय एकदमै समय सापेक्ष भएको महासचिव अधिकारीले धारणा राख्नुभयो ।

कार्यक्रमको सहजिकरण गर्दै नेफ्स्कूनका बरिष्ठ अधिकृत बल्लभ तिमिल्सिनाले लोन एजिङका विषयमा धेरै सहकारीहरूलाई जानकारी भएपनि बन्दाबन्दीका कारण केही अलमल भएकोले त्यसलाई चिर्न आजको प्रशिक्षण कार्यक्रम राखिएको जानकारी गराउनुभयो । उहाँले नेफ्स्कून र सदस्य संस्थाहरूबीच ऋण एजिङ प्रतिवेदनका सम्बन्धमा एकरूपताका लागि तालिम महत्वपूर्ण हुने बताउनुभयो । प्रशिक्षणमा एजिङ भन्नाले ऋणको मिति राख्ने औजार, कहिले ऋण रकम भुक्तानी दिइसक्नुपर्छ भन्ने कुराको रेकर्ड राख्ने विधि भएको जानकारी गराइएको थियो । ऋणको भुक्तानी अनियमितता नियन्त्रण गर्न ऋण अधिकृतले प्रयोग गर्ने औजार लोन एजिङ भएको भन्दै यसलाई मितिको आधारमा ऋणको वर्गीकरण गर्ने विधि भएको जानकारी गराइएको थियो । नगद प्रवाहको वास्तविक स्थिति पत्ता लगाउन प्रयोग हुने महत्वपूर्ण विधि ऋण एजिङ प्रतिवेदन भएको उल्लेख गरिएको थियो ।

ऋण एजिङ प्रतिवेदन सही ढंगबाट बनाउँदा संस्थामा भविष्यको नगद प्रवाहको वास्तविक विश्लेषण गर्न सहज पर्ने र ऋण भुक्तानीको प्रक्रियामा बन्दाबन्दीले समस्या सिर्जना गरेको अवस्थामा कसरी रेकर्ड राख्ने भन्ने सम्बन्धमा समेत उदाहरणसहित व्यावहारिक जानकारी गराइएको थियो । भाखा नाघेको ऋण बढ्दै गयो तर ऋण जोखिम कोषमा पन्याप्त रकम अभाव हुँदा र जगेडा कोषले पनि धान्न नसक्ने अवस्थामा दिवालियापनाको अवस्था सिर्जना हुनेतर्फ पनि सचेत गराइएको थियो । त्यसको पूर्व मापनको विधि पनि भर्चुअल प्रशिक्षणमा सिकाइएको थियो । कोभिड-१९ का कारण तिर्न नसकेको ऋणको लागि ऋण एजिङ प्रतिवेदनमा छुट्टै हिसाब राख्नुपर्ने जानकारी गराइएको थियो । कार्यक्रममा प्राप्त विभिन्न सुझावहरूको सम्बोधन सहजकर्ता बल्लभ तिमिल्सिनाले गर्नुभएको थियो भने समापन पनि नेफ्स्कूनका महासचिव एवं तालिम शिक्षा उपसमितिका संयोजक दामोदर अधिकारीले गर्नुभएको थियो ।





# अब्बल साकोस नेतृ सीमा

**सीमा पुरी**
सञ्चालक, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काठमाडौ एवं अध्यक्ष, सज्जन महिला साकोस

नेपालको साकोस अभियानमा सफल नेतृत्व पंक्तिमा परिचित नाम हो सीमा पुरी । वि.सं. २०३२ साल जेठ २३ गते दाङ जिल्लाको बंगलाचुली गा.पा. स्यूजा, छापमा पिता स्व. तेज बहादुर पाण्डे र माता भिमादेवि पाण्डेको कोखबाट पहिलो सन्तानको रूपमा जन्मिनुभएकी पुरीको सहकारी जीवनयात्राले अत्यन्त रोचक मोड लिएको छ ।

निरन्तर सहकारीकर्ममा जुट्नु भएकी पुरीको शैक्षिक यात्रा एस.एल.सी. उर्तिणसम्म छ । औपचारिक शैक्षिक अध्ययनको उच्चतालाई पछ्याउन छाडेर पनि सहकारी कर्म र साहित्यिक यात्रामा रूची राख्ने पुरीले परी कथा संग्रह मार्फत आफ्नो परिचयमा नयाँ उचाई थप्नु भएको छ । विश्वविद्यालयको ढोका टेक्ने अवसर नमिले पनि आफ्नै जीन्दगीका गहिराईको अध्ययनबाट जीवन भोगाइमा विज्ञता हासिल गरेको उहाँको अनुभव छ । उहाँको अबको योजना छ, सहकारीको यात्रासँगै अगाडि बढेको साहित्य यात्रालाई निरन्तरता दिने ।

**सहकारी प्रवेश**:

वि.सं. २०५५ सालमा चावहिल काठमाडौंमा रहेको सवारी चालक बहुउद्देश्यीय सहकारी संस्थामा कर्मचारीको रूपमा प्रवेश गर्नुभएकी पुरी ४ वर्ष बजार प्रतिनिधि, ४ वर्ष नगद परिचालक हुँदै काठमाडौ बहुउद्देश्यीय सहकारी संस्थामा ५ वर्ष कर्जा प्रमुख रहनुभयो । काठमाडौ महानगरपालिका वडा नं. ६ का स्थानीय दिदीबहिनीहरूले एकजुट भएर केही काम गर्न देखाएको उत्सुकतालाई सम्बोधन गर्दै ३ बर्ष महिला समूहमा पनि क्रियाशिल भएर लाग्नुभयो । महिला समूहलाई मूर्त रूप दिँदै २०६६ सालमा सज्जन महिला बचत तथा ऋण सहकारी संस्था दर्ता गर्नुभयो । सोही क्रममा काठमाडौं महानगरपालिकामा क्रियाशील महिलाहरूको समूह भनेर पहिलो पटक महानगरपालिकाले महिला समूहलाई पुरस्कृत पनि गऱ्यो । काठमाडौं बहुउद्देशीय सहकारीको रोजगारी छाडेर २०७० साल श्रावणदेखि सज्जन महिला साकोसको कार्यकारी अध्यक्ष रहनुभयो । २०७४ सालमा सहकारी ऐन जारी भयो । ऐनले सहकारी संस्थामा कार्यकारी बस्न नपाउने व्यवस्था गरेसँगै उहाँले २०७५ सालबाटै व्यवस्थापकमा कर्मचारी नियुक्त गरी अध्यक्षको नेतृत्व सम्हाल्दै आउनुभएको छ भने काठमाडौं जिल्ला बचत संघमा सञ्चालक समेत हुनुहुन्छ ।

'महिला उद्यमी बनेर देखाउँ, आत्म निर्भर भएर बाचौँ' भन्ने मूल नारा लिएर २०६६ साल पौष १२ गते दर्ता भएको कामनपा ६, माहांकालमा सञ्चालित सज्जन महिला साकोसमा १४ सय ८० जना शेयर सदस्य, १ करोड ३४ लाख शेयर पूँजी र ११ करोडको वासलात छ भने नेफ्स्कूनको साकोस स्तरीकरण कार्यक्रम कर्व्समा पनि आवद्ध छ । स्थानीय महिला दिदीबहिनीहरूमा उद्यमशीलता विकास गरी आत्मनिर्भर बनाउन साना तथा मझौला उद्योगमार्फत लघुउद्यम प्रवर्द्धन गर्न वर्षमा ५० लाख न्यून ब्याजदरमा ऋण प्रवाह गर्ने नीति संस्थाले लिएको छ । महिलाहरूले ससानो लगानीबाट गर्न सक्ने कौसी खेती प्रवर्द्धन गर्न पनि सहकारीले आवश्यक सहुलियत ऋण र प्राविधिक ज्ञान प्रदान गर्ने योजना अगाडी सारेको छ । साथै दीगो बचतको अवधारणा विकास गर्न सदस्यहरूमा



अनिवार्य बचतको शिक्षालाई पनि विभिन्न माध्यमबाट अगाडि बढाइरहेको छ ।

**लकडाउन अनुभव** :

मान्छेलाई कुनैपनि प्राकृतिक प्रकोपले आफ्नै घरभित्र बन्दी बनाउन सक्दो रहेछ । मान्छे जुनसुकै अवस्थामा बस्नु परेतापनि समयको सदुपयोग गर्न केही कुराले छेक्न सक्दैन भन्ने यो लकडाउनले प्रष्ट पारेको छ । भविष्यमा आइपर्न सक्ने समस्या समाधानका लागि बचतको महत्व कोभिड १९ को बन्दाबन्दीले राम्ररी सिकायो । जीवनमा अलिअलि गर्दै बचत गर्नु अनिवार्य रहेछ भन्ने कुराको अनुभव मैले धेरैजनाबाट बटुलें र सदस्यहरूलाई पनि बचतको महत्वका बारेमा जानकारी गराउँदैछु ।



**बन्दाबन्दीमा सहकारीको भूमिका** :

सहकारी सुख दुखको साथी हो । सहकारीका सदस्यहरूले आफुलाई पर्न सक्ने समस्याको वित्तीय समाधानका लागि सहकारीलाई मुलघरको रूपमा लिएका हुन्छन । त्यसैले म सँधै सहकारी संस्था अभिभावक र सदस्यहरू सन्तान मानेर भूमिका निर्वाह गर्नुपर्छ भन्ने मान्यतामा विश्वास गर्छु । सदस्यहरूलाई परेका समस्या समाधानका क्रममा सदस्यको स्वास्थ्य, खानपिन तथा सुरक्षाको बारेमा संस्था जानकार रहनुपर्छ र सदस्यको आवश्यकता पहिचान गरी सहयोग गर्ने तथा सचेतनाका कुराहरू सदस्यमाझ पुऱ्याउनुपर्छ भन्ने मेरो मान्यता छ । कोभिड १९ को बन्दाबन्दीका समयमा पनि सदस्य हेरचाहमा सज्जन महिला साकोसको सम्पूर्ण टीम नै खटेर लागेको छ । सो समयमा सदस्यहरूको आवश्यकतालाई संबोधन गर्दै सदस्यहरूकै सहयोगमा सहकारीले सदस्यहरूप्रति अभिभावकको भूमिका निर्वाह गरेको छ ।

**लकडाउनमा सुरक्षा तथा सचेतनाको अवस्था** :

महामारीका समयमा सहकारीले आफ्ना सदस्यहरूलाई निरन्तर सम्पर्क गरिरहने, सम्भावित जोखिमबाट कसरी सुरक्षित रहन सकिन्छ भनि जानकारी गराउने विषयलाई महत्व दिइयो । यस सर्न्दभमा सज्जन महिला साकोसले निरन्तर सदस्यहरूलाई सम्पर्क गरी स्वास्थ्य स्थिती, खाद्यान्न तथा औषधी बारे सोधपुछ गरिरह्यो । विभिन्न संघ संस्थाको सहयोगमा सचेतना तथा सुरक्षाको लागि मास्क, स्यानीटाइजर वितरण गरियो । कार्यालयमा कर्मचारी सुरक्षाका लागि भाइरस संक्रमणबाट सुरक्षित रहने व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) पन्जा र मास्कको व्यवस्था गरियो । कार्यालयमा उपस्थित हुने सदस्यहरूको लागि हात धुने व्यवस्था तथा ज्वरो मापनको लागि थर्मल गन प्रयोगमा ल्याइयो ।



बन्दाबन्दीको अवस्थामा सञ्चालक समिति र व्यवस्थापन कर्मचारीहरूबीच सुमधुर सम्बन्ध कायम गर्दै कसरी सदस्य सुरक्षा र सदस्य सन्तुष्टि का लागि क्रियाशीलता बढाउन सकिन्छ भन्ने विषयमा कार्य गरियो । बन्दाबन्दीको अवस्थामा पनि निश्चित कार्यालय समय तोकेर कार्यालय सञ्चालन तथा सेवा प्रवाह निरन्तरतामा जोड दियौं । महामारीका समयमा संस्थाका सदस्य तथा गैरसदस्यहरूलाई मानवीय सहयोग गर्न सहकारीका सञ्चालक, विभिन्न समिति उपसमितिका सदस्यहरू, विभिन्न संघसंस्था, समाजसेवी, कर्मचारीहरू लगायत विभिन्न दाताहरू मार्फत सहयोग संकलन गर्दै ३ सय ६५ परिवारलाई विभिन्न चरणमा गरी राहत स्वरूप खाद्यान्न वितरण गऱ्यौं । महामारीका

समयमा खाद्यान्न अभाव भएका परिवार हरूको पहिचान गरी आवश्यक खाद्यान्न वितरण अभियानमा सज्जन महिला साकोसको पुरै टिम निरन्तर खटेको छ । भोकै कोहि नपरोस् भन्ने उद्देश्यले हामीले थालेको अभियानमा सबैको साथ सहयोग रहेको छ । खाद्यान्न अभाव भई भोकै बस्ने अवस्था आएको भनि कार्यालयमा आएमा आजपनि खाद्यान्न प्याकेजको व्यवस्था गरिरहेका विभिन्न दाताहरूसँग खाद्यान्न तथा नगद संकलन गरी संस्थाबाट प्याकेज बनाई वितरण गर्ने काममा निरन्तर लागिरहेकै छौ ।

**लकडाउनका कारण संस्थामा पर्न सक्ने असर :**

२०७६ चैत्र ११ गतेदेखि शुरू भएको लकडाउन अझै जारी छ । लामो समय



सम्मको लगातारको बन्दाबन्दीको असर समग्र राष्ट्रिय अर्थतन्त्रमा परेको छ भने सहकारी र सहकारीका सदस्यहरूले पनि यसको चरम पीडा भोग्नु परिरहेको छ । सरकारले लकडाउनको प्रारूपमा सामान्य फेरबदल गरेपनि सबैजसो व्यवसाय सञ्चालनमा आउने परिस्थिति बनिसकेको छैन । जसले गर्दा सदस्यले ऋणको किस्ता तिर्न, नियमित बचत गर्न समस्या छ । संस्थामा तरलता समस्या पनि बढेर गएको छ । भएको पूँजीको लगानीको बातावरण छैन, र उठ्नुपर्ने ऋणको किस्ता पनि भाखा नाघिरहेको छ । ऋणी सदस्यहरूलाई थप ऋण प्रवाह गर्नुपर्ने अवस्था छ ।

यस वर्ष संस्थाले तय गरेको व्यावसायिक योजना र वार्षिक लक्ष्य हासिल गर्न सक्ने अवस्थाको अन्त्य भएको छ । साथै बन्दाबन्दीले शेयर लाभांश वितरणमा समस्या, असार मसान्तसम्म व्याज असुलीमा समस्या, ठूला व्यवसाय गर्ने सदस्यहरूका लागि गरिएको ठुला लगानीको साँवा र ब्याज भुक्तानीको समस्या, भाखा नाघेको ऋणमा वृद्धि र नकमाउने सम्पत्ति वृद्धि भएर अन्य कोषहरूमा समेत असर पर्ने देखिएको छ ।

**सदस्यको संस्थासँग अपेक्षा :**

सदस्यहरूकै आर्थिक आवश्यकता पुरा गर्न र सदस्यको सुख दुखमा साथ दिन सदस्यहरूबाटै स्थापना भएको संस्था हो सहकारी । सुखमा भन्दा पनि दुखमा सदस्यले सबैभन्दा पहिले सम्फने भनेको आफ्नै संस्थालाई हो । त्यसकारण सदस्यले अप्ठ्यारो परिस्थितिमा ऋणको व्याजमा छुट, ऋणमा म्याद थप तथा पुर्नकर्जा सचेतना तथा सुरक्षाको अनुभुति र व्यवसाय सञ्चालनमा सही परामर्शको अपेक्षा गरेका हुन्छन् । त्यसका लागि हामीले उचित संबोधन गरेका छौं ।

**लकडाउनमा सदस्यसँग सम्बन्ध :**

यस अवधिमा अभिभावकले गर्ने भूमिका साकोसले निर्वाह गरेको हुँदा सदस्यहरूको विश्वास र साथ निरन्तर रहेको छ । सदस्यसँग निरन्तर सम्पर्कमा रहेको कारणले कारोवार सुचारू र सेवा जुनसुकै बेलामा लिन सक्छौ भनि सदस्य ढुक्क भएको अवस्था छ भने लकडाउन अवधिमा ब्याजमा १० प्रतिशत छुट, सहुलियत ब्याजदरमा व्यवसाय सञ्चालन गर्न थप कर्जा प्रदान गर्दै आएका छौ । संस्थाप्रति सदस्यको गुनासो छैन भन्नेमा हामी ढुक्क छौं ।

**कर्मचारीको भूमिका :**

लकडाउनको अवधिभर कर्मचारीको भूमिका अन्य समयमा भन्दा पनि बढी उल्लेखनिय र प्रशंसनिय रहेको छ । सदस्यलाई घरदैलो सेवा, राहत संकलन प्याकेज तयार गर्ने, सदस्यसँग फोन सम्पर्क र सदस्यले भने र मागे अनुसारको सेवामा कर्मचारीहरुलाई दिइएको जिम्मेवारी अनुसार सुरक्षा सचेतना अपनाउँदै निरन्तर सदस्य सेवा प्रवाहमा जुटिरहेका छन् ।

**सहकारीमा महिलाको भूमिका :**

भनिन्छ महिला पुरूष एक रथका दुई पाङ्ग्रा हुन् र रथलाई सन्तुलनमा चलाउन दुवै पाङ्ग्रा एक गतिमा चल्दा यात्रा सजिलो र गन्तव्य सहज हुन्छ । सहकारीको सन्दर्भमा महिलाको भूमिका अवसर, सम्भावना र चुनौतीको रूपमा पाएको छु । महिलाले अवसर पाएका छन् जस अनुसार आफ्नो जिम्मेवारी राम्रोसँग निभाएका छन् र अझ धेरै अवसरको अपेक्षा गरिरहेको र अवसर पाए धेरै राम्रो योगदान गर्न सक्ने टिमको विकास भैरहेको छ । महिलाको लागि आफुलाई प्रमाणित गरी समाजमा, सहकारी मार्फत विकास गर्न सकिन्छ भन्ने सम्भावना महिलाले धेरै मसिनोसँग केलाउन सक्छन् ।

यति हुँदाहुँदै पनि महिलालाई सहकारी क्षेत्रमा चुनौतीको सामना धेरै गर्नुपर्ने अवस्था आज पनि छ । सहकारी महासंघ र सहकारी बैंक, विभिन्न जिल्ला संघ लगायत प्रारम्भिक सहकारी संस्थाहरूमा आज पनि महिलाहरूलाई आरक्षणको बाध्यताले मात्र न्यून अवसर प्रदान गरेको छ ।

जतिले अवसर पाए यस क्षेत्रमा योगदान गरेकै छन् । सहकारी क्षेत्रबाट हरेक घर, टोल, समाज, समुदाय र देशको विकास गर्न अझ सहज हुनेछ अतः महिलालाई क्षमता अनुसार अवसर प्रदान गर्नुपर्दछ ।

*तयार : राधा पौडेल, नेफ्स्कून*

❑ ❑ ❑





# सहकारी प्रवर्द्धन कोषमा रकम जम्मा गर्न मन्त्रालयको निर्देशन

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी प्रवर्द्धन कोषमा रकम जम्मा गर्न सबै सहकारी संघसंस्थाहरूलाई निर्देशन गरेको छ ।

मन्त्रालयले सूचना प्रकाशन गरी साउन १४ गते भित्र सबै सहकारी संघसंस्थाले कोषमा रकम जम्मा गरिसक्न निर्देशन जारी गरेको हो । असार १५ गतेको मन्त्रालयको सूचना अनुसार सहकारीहरूले एक महिना भित्र कोषमा रकम जम्मा गरिसक्नुपर्ने छ ।

सूचना अनुसार सहकारी ऐन ०७४ को दफा ७० को उपदफा २ बमोजिम सहकारी संघसंस्थाहरूले कोषमा रकम जम्मा गनुपर्ने बताईएको छ । सहकारी



नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी प्रवर्द्धन कोषको सचिवालयको

सूचना

प्रकाशित मिति: २०७७।०३।१५

सहकारी ऐन, २०७४ को दफा ७० को उपदफा (२) मा भएको व्यवस्था बमोजिम सम्पूर्ण सहकारी संघ/संस्थाहरूले सहकारी प्रवर्द्धन कोषमा जम्मा गर्नुपर्ने रकम यो सूचना जारी भएको मितिले एक महिनाभित्र तपशिलमा उल्लेख भए बमोजिमको बैंक खातामा जम्मा गरी जम्मा गरेको बैंक भौचर र सोको विवरण सहकारी प्रवर्द्धन कोषको सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पठाउन हुन सहकारी प्रवर्द्धन कोष सञ्चालन समितिको निर्णयानुसार अनुरोध गरिन्छ ।

तपशिल:

(१) राष्ट्रिय वाणिज्य बैंक चल्ती हिसाब खाता नं. १९६०००००००९०१

(२) कृषि विकास बैंक, चल्ती हिसाब खाता नं. ०१-००२-०१५८२९७४-०१-५

(३) नेपाल बैंक लिमिटेड, चल्ती खाता नं. २५९०१००००२००३०००००१ KA.२.७.०.१

ऐन ०७४ ले सहकारी संघसंस्थामा सहकारी प्रवर्द्धन कोष रहनुपर्ने व्यवस्था गरेको छ ।

आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा २५ प्रतिशत जगेडा कोषमा छुट्याउनु पर्ने र कोषबाट शुन्य दशमलब ५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा व्यवस्था गर्नु पर्नेछ भने कोष सहकारी मन्त्रालयमा रहने व्यवस्था ऐनमा गरिएको छ ।

# २०७६ चैत्र – २०७७ असारसम्म नेफ्स्कूद्वारा सदस्यता प्रदान गरिएका बचत तथा ऋण सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | स्वर्गद्वारी साकोस | बनेपा ६, काभ्रे |
| २ | श्री ग्रामिण विकास साकोस | धुलिखेल ३, काभ्रे |
| ३ | स्वागतम साकोस | मध्यपुर थिमी ४, भक्तपुर |
| ४ | स्वर्ण भूमि साकोस | सूर्यविनायक ३, भक्तपुर |
| ५ | सलमपाखा साकोस | सूर्यविनायक ३, भक्तपुर |
| ६ | श्री कान्ति भैरब साकोस | गोकर्णेश्वर ८, काठमाडौं |
| ७ | आइकोनिक साकोस | बनेपा १०, काभ्रे |
| ८ | लम्ली साकोस | बसन्तपुर २३, काठमाडौं |
| ९ | ढीकादेवी ग्रामीण साकोस | कालिञ्चोक ७, दोलखा |
| १० | समायोजन साकोस | बुढानिलकण्ठ ३, काठमाडौं |
| ११ | सहकार्य साकोस | सरावल १, नवलपरासी |
| १२ | सुगन्ध महिला साकोस | सैनामैना ४, रूपन्देही |
| १३ | सहकर्मी साकोस | हेटौंडा १६, मकवानपुर |
| १४ | श्री शिक्षक हित साकोस | चौतारा साँगाचोकगढी ५, सिन्धुपाल्चोक |
| १५ | देउराली साकोस | अनामनगर २९, काठमाडौं |
| १६ | नेत्रज्योती साकोस | कमलामाई ६, सिन्धुली |
| १७ | सरल साकोस | कमलामाई ६, सिन्धुली |
| १८ | परिवर्तन महिला साकोस | कमलामाई २, सिन्धुली |
| १९ | श्री जन उत्थान साकोस | हरिपुर्वा ३, सर्लाही |
| २० | अष्टज साकोस | चाँगुनारायण २, भक्तपुर |
| २१ | ॐ साकोस | कमलागाई ६, सिन्धुली |
| २२ | सजिलो साकोस | मध्यपुर थिमी ५, भक्तपुर |
| २३ | सप्तकौशिका साकोस | मध्यपुर थिमी ४, भक्तपुर |
| २४ | गोग्राहा साकोस | बिराटनगर ४, मोरङ |
| २५ | नागरिक साकोस | पोखरा १६, कास्की |
| २६ | परिचय साकोस | पोखरा ८, कास्की |
| २७ | श्री सयपत्री साकोस | बैत्यश्वर ३, दोलखा |
| २८ | महिला सशक्तिकरण साकोस | निलकण्ठ ३, धादिङ |
| २९ | टरौली साकोस | रत्ननगर ५, चितवन |
| ३० | वीर विनायक साकोस | चन्द्रागिरी १२, काठमान्डौं |
| ३१ | कैलाश साकोस | मध्यपुर थिमी ०६, भक्तपुर |
| ३२ | रोहानी साकोस | जनकपुरधाम २३, धनुषा |
| ३३ | सुन्दरनगर साकोस | इचंगुनारायण १, काठमाडौँ |
| ३४ | कलंकीमाई साकोस | धर्मपथ २३, न्यूरोड, काठमाडौं |
| ३५ | श्री नव ज्योत साकोस | राजविराज ८, सप्तरी |
| ३६ | गन्तब्य साकोस | खिचापोखरी २२, काठमाडौं |
| ३७ | महिला सिप विकास साकोस | पोखरा ९, कास्की |
| ३८ | श्री सिद्धार्थ साकोस | शुक्लागण्डकी ३, तनहुँ |
| ३९ | शिखरद्वारी साकोस | बीरेन्द्रनगर १०, सुर्खेत |
| ४० | शुभकामना साकोस | पोखरा ८, कास्की |
| ४१ | वालिङ साकोस | वालिङ ८, स्याङजा |
| ४२ | त्रिफला साकोस | रत्ननगर १०, चितवन |
| ४३ | शुभ लक्ष्मी साकोस | जनकपुर ४, धनुषा |
| ४४ | घट्टेखोला साकोस | ठुलीभेरी ६, डोल्पा |
| ४५ | श्री नव एकता साकोस | बर्दघाट १२, नवलपरासी |
| ४६ | नख्खु साकोस | ललितपुर १५, महालक्ष्मीस्थान, ललितपुर |
| ४७ | स्वर्णिम साकोस | बुटवल ५, रूपन्देही |
| ४८ | सर्वहित साकोस | घट्टेकुलो २९, काठमाडौं |
| ४९ | गाउँ बेसी साकोस | कटारी १४, उदयपुर |
| ५० | वन उपभोक्ता साकोस | सुन्दरबजार ९, लमजुङ |
| ५१ | घनामँगल साकोस | कागेश्वरी मनोहरा ०७, काठमाडौं |
| ५२ | श्री सक्रिय साकोस | बनेपा ८, काभ्रे |
| ५३ | श्री दुर्गा साकोस | कौडेना ३, सर्लाही |
| ५४ | श्री अर्मादी साकोस | वालिङ २, स्याङजा |
| ५५ | सालकोट साकोस | पञ्चपुरी २, सुर्खेत |
| ५६ | श्री अभ्युदय ग्रामिण साकोस | पञ्चपुरी ५, सुर्खेत |
| ५७ | आर्या साकोस | क.व.न.पा १, कपिलबस्तु |
| ५८ | श्री हिमाल साकोस | वालिङ १३, स्याङजा |
| ५९. | आर्शिवाद साकोस | खैरहनी २, चितवन |
| ६०. | गोल्डेन टच साकोस | न्युरोड २२, काठमाडौं |
| ६१ | शुभ दर्शन साकोस | ठमेल २६, काठमाडौं |
| ६२ | उष्णता साकोस | सातदोबाटो १५, ललितपुर |
| ६३ | हिमगंगा साकोस | बागबजार २८, काठमाडौं |
| ६४ | होटल व्यवसायी साकोस | कमलामाई ६, सिन्धुली |
| ६५ | सिन्धुली एकता साकोस | कमलामाई ६, सिन्धुली |
| ६६ | सिन्धुलीश्री साकोस | कमलामाई ६, सिन्धुली |
| ६७ | मितेरी साकोस | बर्दिबास, महोत्तरी |
| ६८ | अनुग्रह साकोस | कमलामाई ६, सिन्धुली |
| ६९ | सहकार्य साकोस | कमलामाई ६, सिन्धुली |
| ७० | घर आँगन साकोस | हरिपुर २, सर्लाही |
| ७१ | समय साकोस | स्टलबजार ६, सिन्धुली |
| ७२ | धरहरा साकोस | कमलामाई ६, सिन्धुली |
| ७३ | विपन्न वर्ग विकास साकोस | बनौली दनौली ८, महोत्तरी |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ७४ | रत्नेचौर महिला साकोस | बेनी १, म्याग्दी |
| ७५ | वैदौली आय आर्जन साकोस | प्रतापपुर ५, नवलपरासी |
| ७६ | श्री जमुनिया आय आर्जन साकोस | प्रतापपुर १, नवलपरासी |
| ७७ | जनमुखी साकोस | पोखरा ९, कास्की |

# संस्थाको उद्देश्य परिवर्तन भएर वा एकीकरण भएर खारेजीमा परेका सदस्य संस्थाहरुको विवरण

| क्र.सं | संघसंस्थाको नाम | ठेगाना | कारण | परिवर्तित नाम |
|---|---|---|---|---|
| १. | समझदारी साकोस १६८२<br>भोजाड साकोस १९१४ | चितवन | सदस्यता नं. १६८२ सँग एकीकरण भएकोले | समझदारी साकोस |
| २. | किसान साकोस २१९<br>सौहार्द साकोस ३०२८ | चितवन | सदस्यता नं २१९ सँग एकीकरण भएकोले | किसान साकोस |
| ३. | महिला साकोस ३५९<br>बुढीगंगा साकोस २५६८ | सुनसरी<br>मोरङ | सदस्यता नं. ३५९ सँग एकीकरण भएकोले | महिला साकोस |
| ४. | शुभारम्भ साकोस १७३३<br>सेवा साकोस १७६७ | निजगढ बार<br>निजगढ बार | सदस्यता नं १७३३ सँग एकीकरण भएकोले | सेवा शुभारम्भ साकोस |
| ५. | आँकुरा साकोस ५२६ | लेटाङ ३, मोरङ | उद्देश्य परिवर्तन भएकोले | आँकुरा बहुउद्देश्यीय |
| ६. | मलिका साकोस १८९१<br>चिनारी साकोस २०६७ | चितवन<br>चितवन | सदस्यता नं. १८९१ सँग एकीकरण भएकोले | एकीकृत सामुदायिक साकोस |
| ७. | एकीकृत फ्रेण्डसिप साकोस १५<br>आलडाँडा साकोस २५६५ | जिरी, दोलखा | सदस्यता नं १५ सँग एकीकरण भएकोले | एकीकृत फ्रेण्डसिप साकोस |
| ८. | हाम्रो जनकल्याण साकोस २६५<br>हिमालय साकोस १०५६<br>अग्रगामी साकोस २६७५ | भिमेश्वर, दोलखा<br>भिमेश्वर, दोलखा<br>भिमेश्वर, दोलखा | सदस्यता नं. २५६ सँग एकीकरण भएकोले | हाम्रो जनकल्याण |
| ९. | प्रगतिशिल महिला कृषक साकोस ३९१<br>नालाछाप साकोस ४१७ | ताथली, भक्तपुर<br>ताथली, भक्तपुर | सदस्यता नं. ३९१ सँग एकीकरण भएकोले | नालाछाप प्रगतिशिल महिला साकोस |
| १०. | सामुहिक साकोस ४६५<br>बुद्ध साकोस ३५०३ | बेलाछेँ, भक्तपुर<br>सूर्यविनायक, भक्तपुर | सदस्यता नं. ४६५ सँग एकीकरण भएकोले | सामुहिक साकोस |
| ११. | श्री जागृती साकोस २२६७<br>हाम्रो सगरमाथा साकोस २८३२ | रूपन्देही<br>रूपन्देही | सदस्यता नं.२२६७ सँग एकीकरण भएकोले | हाम्रो जागृति सगर माथा साकोस |
| १२. | उपयोगी साकोस ३६६५<br>सहस्राब्दी साकोस ३७४४ | हेटौंडा | सदस्यता नं. ३६६५ सँग एकीकरण भएकोले | उपयोग सहस्राब्दी साकोस |
| १३. | अमरज्योती साकोस ९६३<br>जागरण साकोस ३६९८ | भक्तपुर | सदस्यता नं. ९६३ सँग एकीकरण भएकोले | अमरज्योती साकोस |
| १४. | कालिका साकोस १९५८<br>सम्पदा साकोस २०७२<br>करपुरेश्वर साकोस ५०३ | लमजुङ | सदस्यता नं.१९५८ सँग एकीकरण भएकोले | कालिका साकोस |
| १५ | ग्रामिण साकोस ११६<br>स्वर्णिम साकोस ४८८ | नवलपरासी | सदस्यता नं. ११६ सँग एकीकरण भएकोले | ग्रमीण साकोस |
| १६ | मिलिजुली ६१<br>गगनचुम्बी २३४९<br>च्याँसे भगवती २७८३ | दोलखा | सदस्यता नं. ६१ सँग एकीकरण भएकोले | मिलिजुली कालिञ्चोक साकोस |
| १७ | बुडोल सामुदायिक साकोस ८०<br>जनमैत्री साकोस २५३८ | काभ्रे | सदस्यता नं. ८० सँग एकीकरण भएकोले | बुडोल सामुदायिक साकोस |
| १८ | बर्दिबास साकोस ११९९<br>सञ्जिवनी साकोस १६६४ | महोत्तरी | सदस्यता नं. ११९९ सँग एकीकरण भएकोले | बर्दिबास साकोस |

# नेफ्स्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालय | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| २ | ललितपुर | २०७१ बैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ३ | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| ४ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ५ | ईटहरी, सुनसरी | २०६० पौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ६ | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ७ | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ८ | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ बैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | kaskifo@nefscun.org.np |
| ११ | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौं | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १४ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६ | लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ बैशाख १० | ०१-५७१३३०१ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३७१२ | makawanpurfo@nefun.org.np |
| २३ | लेटाङ्, मोरङ्ग सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २४ | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |
| २५ | भुमही, नवलपरासी सम्पर्क कार्यालय | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| २६ | टाँडी, चितवन सम्पर्क कार्यालय | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc@nefscun.org.np |

नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

# नागरिक लगानी कोषले सञ्चालन गरिरहेका कार्यक्रमहरूको जानकारी



आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पूँजी वृद्धिका साथै लगानीका अवसरहरू बढाउन तथा पूँजी बजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर २०७४ सालदेखि नागरिक लगानी कोष क्रियाशील रहेको व्यहोरा अवगत नै छ । कोषले हाल कर्मचारी बचत वृद्धि, नागरिक एकांक योजना, उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना लगायतका विभिन्न बीमा कोषहरू समेत गरी कुल ११ वटा योजनाहरू प्रभावकारी रूपमा व्यवस्थापन गर्दै आईरहेको छ । साथै उक्त योजनहरू निरन्तर रूपमा चलिरहेका छन् । सुरक्षित बचत र सुनिश्चित प्रतिफलका लागि उक्त योजनाहरूमा सहभागी हुन समस्त कर्मचारी, कामदार एवं प्रतिष्ठानहरूलाई हार्दिक आव्हान गरिन्छ ।

## कर्मचारी बचतवृद्धि अवकाश कोष:

- यस कार्यक्रममा कुल आयको ३३ प्रतिशत वा रू. ३ लाखमा जुन कम हुन्छ सो रकम जम्मा गरी कर छुट पाउने व्यवस्था रहेको छ ।
- यसमा सरकारी, अर्धसरकारी वा प्राइभेट संस्थाहरूमा कार्यरत कर्मचारी/कामदारहरूले रकम जम्मा गर्न सक्नेछन ।
- जम्मा भएको रकमबाट ८० प्रतिशतसम्म सापटी लिन सकिने सुविधा रहेको छ ।
- यसमा सहभागी कर्मचारीहरूलाई आवास कर्जा रू. ४० लाख र सरल कर्जा रू. २० लाखसम्मको ऋण उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ ।
- अवकाश हुँदा साँवा र ब्याज सम्पूर्ण भुक्तानी गरिने व्यवस्था रहेको छ ।

## उपदान कोष योजना :

- उपदान वापत छुटाइएको रकम सरकारी तथा निजी संघसंस्थाहरूले संस्थाकै नाममा वा कर्मचारीको व्यक्तिगत नाममा समेत राख्न सक्ने व्यवस्था रहेको छ ।
- आवद्ध संघसंस्थाहरूलाई कर्मचारीहरूको अवकाश हुँदा एकमुष्ठ व्ययभार नपर्ने ।
- यसमा सहभागी कर्मचारीहरूलाई आवास कर्जा रू. ४० लाख र सरल कर्जा रू. २० लाखसम्मको ऋण उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ ।
- अवकाश हुँदा साँवा र ब्याज सम्पूर्ण भुक्तानी गरिने व्यवस्था रहेको छ ।

## लगानीकर्ता अवकास कोष योजना :

- कर्मचारी तथा कामदारहरूको विदा, औषधि उपचार, कल्याणकोष जस्ता शीर्षकहरूमा छुट्याएको रकम यस योजनामा राख्न सकिनेछ ।
- आवद्ध संघसंस्थाहरूलाई कर्मचारीहरूको अवकाश हुँदा एकमुष्ठ व्ययभार नपर्ने ।
- यसमा सहभागी कर्मचारीहरूलाई आवास कर्जा रू. ४० लाख र सरल कर्जा रू. २० लाखसम्मको ऋण उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ ।
- अवकास हुँदा साँवा र ब्याज सम्पूर्ण भुक्तानी गरिने व्यवस्था रहेको छ ।
- जम्मा भएको रकमबाट ८० प्रतिशतसम्म सापटी लिन सकिने सुविधा रहेको छ ।

*उपरोक्त योजनाहरूमा प्राप्त मुनाफाबाट थप प्रतिफल समेत पाउन सक्ने प्रावधान रहेको छ ।*

## नागरिक एकांक योजना

नागरिक लगानी कोषले सर्वसाधारण बचत कर्ताहरूलाई म्युच्युल फण्ड अन्तर्गत एक ट्रस्टीको रूपमा दक्ष लगानी प्रवर्द्धक सेवा प्रदान गरी बढी प्रतिफल वितरण गर्ने उद्देश्यले यो योजना सञ्चालनमा ल्याएको हो । यस योजना अन्तर्गत जारी गरिने एकांकहरूको बिक्री सधै खुला रहन्छ ।

# नागरिक लगानी कोष

नयाँ बानेश्वर, काठमाडौं

सम्पर्क नं. : ०१-४७८१६७३, ४७८५३२०, ४७८५३२५, ४७८५३२१

rtc
Your Partner in Automation

**RAJ TRADING CONCERN**
House No. 115, Opp. Lam Pokhari
Chandra Vinayak Marg,
Mitra Park, Kathmandu, Nepal.
Ph: 01-4493132 / 4475137 / 4487965
Web: www.rajtrading.com.np
Email: info@rajtrading.com.np






## VORTEX ECOTELLER ATM

## QUEUE MANAGEMENT SYSTEM



## MOBILE POS

- AGENT BANKING / BRANCHLESS BANKING
- INSTANT RECIEPT PRINTING
- INSTANT ACCOUNTING WITH YOUR CBS
- BETTER ASSURANCE TO YOUR CUSTOMERS

## MONEY COUNTING, BINDING & FAKE NOTE MACHINES







